साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३३ ✪ अङ्क १२ ✪ १ वैशाख २०८३, मङ्गलबार ✪ 14 April 2026, Tuesday ✪ मूल्य रू. १०।-

## योग्य जनशक्ति उत्पादनमा शैक्षिक संस्थाहरूको ध्यान जाओस्

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माविको २६ औँ, ख्वप कलेजको २४ औँ, शारदा क्याम्पस माविको १८ औँ र ख्वप कलेज अफ ल को तेस्रो वार्षिकोत्सव चैत २६ गते सम्पन्न भयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले नेपालमा गुणस्तरीय शिक्षाको खाँचो औँल्याउँदै वर्तमान शिक्षा नीतिले व्यावहारिक र वैज्ञानिक शिक्षा दिन नसकेको टिप्पणीका साथ शिक्षा केवल प्रमाणपत्र प्राप्त गर्ने माध्यम बन्नु हुँदैन, जिम्मेवार र सक्षम नागरिक बनाउने उद्देश्य शिक्षाको हुनुपर्छ भनी आग्रह गर्नुभयो ।

विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षा प्रणालीमा सुधार आवश्यक रहेको चर्चा गर्दै अध्यक्ष बिजुक्छेँले नेपालले स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्नुपर्नेमा जोड दिनुभयो ।

ठुला राष्ट्रहरूको प्रभावमा परेर निर्णय गर्नु उपयुक्त हुँदैन । राष्ट्रिय हितलाई केन्द्रमा राखेर नीति निर्माण गर्नुपर्छ, उहाँले थप्नुभयो ।

वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिबारे चर्चा गर्दै अध्यक्ष बिजुक्छेँले अन्तर्राष्ट्रिय शक्ति सन्तुलन, आर्थिक प्रतिस्पर्धा र भू-राजनीतिक तनावले साना तथा विकासशील राष्ट्रहरूमा समेत प्रभाव पारिरहेको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "विश्व राजनीतिले नेपाललाई पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा असर गरिरहेको छ, त्यसैले हामी सचेत हुनु जरुरी छ ।"

नेपालमा नयाँ सरकार गठनको प्रक्रियाबारे चर्चा गर्दै राजनीतिक दलहरूले जनताको अपेक्षाअनुसार स्थिर र उत्तरदायी सरकार निर्माण गर्नुपर्ने बताउनुभयो । बारम्बार हुने सत्ता हेरफेरले विकास र नीतिगत स्थिरतामा असर पार्ने भन्दै उहाँले स्पष्ट नीति र दीर्घकालीन दृष्टिकोणसहित सरकार अघि बढ्नुपर्ने धारणा राख्नुभयो ।

स्थानीय उत्पादनको प्रवर्द्धनमार्फत मात्र देशको आर्थिक विकास सम्भव हुने भएकोले विदेशी वस्तुमा निर्भरता घटाउँदै नेपाली उत्पादनलाई प्राथमिकता दिनुपर्नेमा अध्यक्ष बिजुक्छेँले जोड दिनुभयो ।

विद्यार्थीहरूलाई पाठ्यक्रममा मात्र सीमित नराखी साहित्यिक तथा समसामयिक पुस्तकहरू अध्ययन गर्न

***बाँकी पृष्ठ १२ मा***

## अध्यक्ष बिजुक्छेँद्वारा रचित 'सय वर्षपछिको भक्तपुर' तेस्रो संस्करण प्रकाशित




भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष, वरिष्ठ राजनीतिज्ञ एवं स्वप्नद्रष्टा नारायणमान बिजुक्छेँ (रोहित) द्वारा रचित 'सय वर्षपछिको भक्तपुर' पुस्तकको तेस्रो संस्करण चैत २९ गते एक विशेष समारोहबिच सार्वजनिकीकरण भयो ।

उक्त पुस्तक पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ, भनपाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्ग, इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ, वरिष्ठ मानवशास्त्री प्रा.डा. सुरेश ढकाल, इन्जिनियर पद्मसुन्दर जोशी, सम्पदाविद् रवीन्द्र पुरी र भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले संयुक्तरूपमा सार्वजनिकीकरण गर्नुभयो ।

पुरातत्त्वविद्, इतिहासविद्, सम्पदाविद्, सम्पदासम्बन्धी जानकार इन्जिनियर, शिक्षाविद्, स्वास्थ्यविद्, बुद्धिजीवी, पूर्वजनप्रतिनिधि, लेखक, कवि, राजनीतिक कार्यकर्ता, समाजसेवी तथा सम्पदाप्रेमीहरू आदि सहभागी रहेको कार्यक्रममा भक्तपुर नगरपालिकाद्वारा प्रकाशित सो पुस्तकको परिचर्चा भएको थियो ।

उक्त कार्यक्रममा पुस्तकका लेखक एवं पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर विश्व सम्पदा सूचीमा परेको उल्लेख गर्दै कला र संस्कृतिमा संरक्षित सांस्कृतिक भक्तपुर बनाउने ध्येयले भक्तपुरलाई 'टेस्ट ट्युब' को रूपमा 'सय वर्षपछिको भक्तपुर' लेख लेखेको बताउनुभयो ।

बिचमा कुनै बाधा व्यवधान भएन भने सय वर्षमा सपना साकार हुने विश्वास व्यक्त गर्दै उहाँले उक्त अवधारणा सफल पार्न सांस्कृतिक नगर बनाउने विधेयक संसद्मा प्रस्तुत गरेको स्मरण गराउनुभयो ।

सांस्कृतिक नगर बनाउने क्रममा विभिन्न प्रक्रिया अघि बढाउँदा ऐन कानुनको अभावले नपामा समस्या आउने हुँदा सांस्कृतिक नगर बनाउनेसम्बन्धी विधेयक पेस गरेको उहाँले बताउनुभयो ।

सङ्ग्रहालयलाई शिक्षालयको रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष बिजुक्छेँले चिडियाखानाको अभावमा पशुपन्छी लोप हुने खतरा हुन्छ भन्नुभयो ।

भक्तपुर सानो नगर, सानो जिल्ला, निश्चित भाषाभाषी तथा जनजातिहरूको स्थल, राजधानीबाट नजिक भएकोले काम गर्न सजिलो हुने हुँदा उक्त अवधारणा पूरा हुने विश्वास व्यक्त गर्दै उहाँले उक्त सङ्कल्प देशकै निम्ति काम लाग्ने बताउनुभयो ।

पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गले भक्तपुरको कला, संस्कृति र सम्पदा संरक्षणलाई केन्द्रबिन्दुमा राखेर प्रकाशित पुस्तक गुरुयोजनाको रूपमा रहेको उल्लेख गर्दै कला, संस्कृति र सम्पदाको संरक्षण भक्तपुरमा जस्तै हुनुपर्ने विचार जिल्ला-जिल्लामा पुगेको बताउनुभयो ।

उक्त पुस्तकलाई आधार मानेर भक्तपुर नपाले गरिरहेको काम सराहनीय भएको र उक्त कदम अरू नपाले पनि अनुसरण गर्नुपर्ने आवश्यकता औँल्याउँदै मठ मन्दिरजस्ता सम्पदा निर्माणमा सहुलियत दरमा काठ खरिद गर्न सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले नेपालको सांस्कृतिक पुन:जागरणका संवाहक नारायणमान बिजुक्छेँद्वारा रचित यो पुस्तक राजनीतिक, प्रशासनिक, सांस्कृतिक, धार्मिक, पुरातात्त्विक आदि हिसाबले यो पुस्तक संसारकै लागि मूर्त अमूर्त सम्पदा संरक्षण गर्ने मार्ग निर्देशकको रूपमा रहने बताउनुभयो ।

***बाँकी पृष्ठ १२ मा***

## वर्तमान आर्थिक सङ्कटको कारण ट्रम्प प्रशासन

भक्तपुर । नेपाल क्रान्तिकारी डकर्मी सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा बिस्का जात्रा, नव वर्ष २०८२ सालको शुभकामना आदान-प्रदान एवम् डकर्मी भित्तेपात्रोको विमोचन कार्यक्रम चैत २७ गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "नेमकिपाका कार्यकर्ताहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषय अध्ययन गर्नु आवश्यक छ । नेपालमा यतिखेर इन्धनको अभाव र महँगी हुनु अन्तर्राष्ट्रिय कारण हो । संरा अमेरिकाको ट्रम्प प्रशासनले भेनेजुयला र इरानमा सैन्य हमला नगरेको भए अहिलेको आर्थिक सङ्कट यतिधेरै बल्झिने थिएन ।"

ट्रम्प प्रशासनले नै इरानको इन्धन कब्जा गर्न इरानमा सैन्य आक्रमण गरेको र इरानले ट्रम्प प्रशासनलाई जवाफ दिएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "ट्रम्प प्रशासनले इरानको आणविक प्लान्ट र महत्त्वपूर्ण पुलमा आक्रमण गर्ने चेतावनी दिएपछि सम्पूर्ण इरानी जनता सडकमा ओर्लेर ट्रम्प प्रशासनको विरोधमा देशभक्ति प्रदर्शन गरे । अन्तत: ट्रम्प प्रशासन १५ दिन युद्धविराम गर्नुपर्ने अवस्थामा पुग्यो ।"

उहाँले थप्नुभयो, "सन् १९६५-७५ को भियतनाम युद्ध पनि संरा अमेरिकी सरकारले सुरू गरेको थियो । त्यसबेला संरा अमेरिकी सैन्य कमान्डरहरूले भियतनाम युद्धमा जान अस्वीकार गरेका थिए । अहिले पनि इरानसँग युद्ध गर्न संरा अमेरिकाको सेना प्रमुख र सैनिक अधिकारीहरूले एक हप्ताअघि राजीनामा दिएको सार्वजनिक भयो ।"

ट्रम्प प्रशासनले नै इरान युद्ध सुरु गरेकोले इरानलाई क्षतिपूर्ति दिएर अब उप्रान्त इरानमा सैन्य हमला नगर्ने प्रत्याभूति दिनु आवश्यक भएको सचिव सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "इन्धन अभाव र महँगीले नेपालको जनजीवन पनि कठिन भइरहेको छ । यो सरकार बहालीको १४ दिनयता इन्धनको मूल्य दुईपटक बढ्यो । नेपालीको जनजीवन सहज बनाउन नेपाल सरकारले पनि ट्रम्प प्रशासनको सैन्य हमलाको निन्दा गर्नु जरूरी छ ।"

सरकारले विदेशी राजदूतहरूसँगको हालैको भेटमा नयाँ सरकार हुनु निरन्तरताको विच्छेद नभएको धारणा राख्दै सचिव सुवालले पुरानै तरिकाले काम गर्ने भए नयाँ सरकारको आवश्यकता किन भनी प्रश्न गर्नुभयो ।

उहाँले भन्नुभयो, "सरकारले १२ दिनमा ४० अर्ब १६ करोड रुपैयाँ विदेशी ऋण बढाएको पुरानाको निरन्तरता नै हो । इन्धनमा मूल्यवृद्धिसँगै नेपालमा गरिबी थप बढ्यो । सरकार सचेत हुनु आवश्यक छ ।"

डकर्मी सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष रमेश दुमरूको सभापतित्वमा भएको सो कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवाल, जिल्ला समितिका अध्यक्ष विष्णुराम दुमरू र डकर्मी सङ्घका कृष्णप्रसाद गोसाईले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा सूर्यनारायण फाजुले पनि बोल्नुभएको थियो ।

## प्रतिपक्षको आलोचनाप्रति ध्यान नदिँदा देश दुर्गतिमा परेको दाबी

हेटौँडा । बाग्मती प्रदेशसभाको सातौँ अधिवेशन चैत २४ गते प्रारम्भ भयो । भदौ १७ गते स्थगित गरिएको बैठक झन्डै ८ आठ महिनापछि सुरु भएको हो । बैठकमा दलका नेताहरूले अधिवेशन ढिलो बोलाइएको बारे विरोध गर्नुभयो भने मुख्यमन्त्री इन्द्रबहादुर बानियाले सरकारको तर्फबाट क्षमायाचना गर्नुभयो ।

बैठकमा नेमकिपाको तर्फबाट धारणा राख्दै प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले अहिलेसम्म सरकारमा गएका दलहरूले आ-आफ्ना गल्ती - कमीकमजोरीका लागि जनतासमक्ष माफी मागेर नदोहोऱ्याउने वाचा व्यवहारबाटै गर्नुपर्ने बताउनुभयो । नेमकिपाले बहुदल पुन: स्थापनाको ३५ वर्षमा सदन र सडकबाट देश र जनताको पक्षमा सङ्घर्ष गरेको तथा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै हरेक सरकारलाई रचनात्मक सुझाव दिएको स्मरण गराउँदै ती सम्पूर्णप्रति शासक नेताहरूले आँखा चिम्ली दिँदा देश दुर्गतिमा फस्दै गएको प्रस्ट पार्नुभयो ।

प्रदेशसभा सदस्य गोसाईंले देश जलाउने र जलाउन अवसर दिनेहरू दुवै दोषी भएको चर्चा गर्दै त्यस्ता घटना फेरि कहिल्यै नदोहोरियोस् भन्नेतर्फ सचेत हुनुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "नेमकिपा निरन्तर वैदेशिक हस्तक्षेपविरुद्ध सङ्घर्षरत छ । देशको स्वतन्त्रता, स्वाधीनता र सम्प्रभुत्ता जोगाउन साम्राज्यवादविरोधी सङ्घर्षमा सारा देशभक्त जनता एकजुट हुनुपर्ने समयको आवश्यकता हो ।"

सांसद गोसाईले सोध्नुभयो, "देशको वर्तमान अवस्था एमसीसीको सिलसिला हो या संयोग ?" उहाँले स्पष्ट पार्नुभयो, "नेमकिपाले एमसीसी र एसपीपीको निरन्तर विरोध गर्दै छ । हामीले योभन्दा अरू के-कस्ता विनाश भोग्न बाँकी छ ? देशले तटस्थताको नीति त्याग्नु के गलत होइन ?"

उहाँले नेपाली जनता चर्को मूल्यवृद्धि र कालोबजारीबाट आक्रान्त भइरहेकोतर्फ सरकारले बेलैमा होस पुऱ्याउन माग गर्नुभयो ।

संसद् बैठक अगाडि सर्वदलीय बैठक र कार्यव्यवस्था परामर्श समितिको बैठक बसेको थियो । संसद् बैठक बुधबार पनि चालू रहने छ ।

### हप्तामा २ दिन बिदाप्रति असहमति

'देश कमजोर भएपछि विदेशी हस्तक्षेप बढ्छ । विदेशीले चलखेल गर्छन् र हेप्छन् । तसर्थ, देश जोगाउन विद्यार्थीहरूलाई सानै उमेरदेखि देशभक्तिपूर्ण भावना दिन आवश्यक छ । हाम्रा विद्यार्थीहरूलाई इतिहास, संस्कृतिको अध्ययनमा उत्साहित गर्दै नागरिक भावना दिनु राज्यको दायित्व हो ।"

उक्त विचार नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् बाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले चैत २६ गते बसेको बाग्मती प्रदेशसभा बैठकमा राख्नुभएको हो ।

प्रदेशसभा बैठकको विशेष समयमा हप्ताको २ दिन बिदाप्रति असहमत जनाउँदै सांसद गोसाईले देशमा विदेशी दबाब तथा प्रभावमा उक्त बिदा दिएको चर्चा गर्दै भन्नुभयो, "शनिबार र आइतबार दुई दिन बिदा दिने निर्णय पश्चिमा देशमा अध्ययन गरेर आएका सल्लाहकारहरूबाट प्रभावित भएर गरिएको त होइन ?"

***बाँकी पृष्ठ १२ मा***

स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं।

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड



उत्पीडितवर्गका जनताले आफूलाई सङ्घर्षको माध्यमबाट मात्र मुक्त गर्न सक्छ । यो इतिहासले ठोकुवा गरेको सामान्य र स्पष्ट सत्य हो ।

-किम इल सङ

## सम्पादकीय

# हतपतको काम लटपट नहोस् भन्ने हाम्रो भनाइ !

कुनै पनि सरकारका मन्त्रीहरूले आफूहरू नै 'सर्वज्ञ' ठानेर वा केही अव्यावहारिक एवं गलत सल्लाहकारहरूको 'हाहुमा लागेर' काम गर्दा देशले ठुलठुला नराम्रो परिणाम भोगेको जगजाहेर छ । परीक्षा नै नलिई ५ कक्षासम्म कक्षा चढाउने एक महिला शिक्षामन्त्रीको निर्णयले शिक्षाको स्तर घटेको देशभरका शिक्षक र अभिभावकहरूले भोगेकै विषय हो । एसएलसीको सट्टा एसईई गर्नासाथ कक्षा १० का विद्यार्थीहरूमा पढ्ने भावनामा कमी आएको पनि धेरैले महसुस गरेको विषय हो । शिक्षामन्त्री र त्यस बेलाका सरकारको निर्णयबाट देशले तलका नराम्रा क्षतिहरू भोग्न बाध्य भए -

एक, परीक्षा नलिई माथिल्लो कक्षा चढाइएका अत्यन्त बहुमत विद्यार्थीहरू स्तरहीन भई माथिल्ला कक्षाको प्रवेश परीक्षामा अनुत्तीर्ण हुँदा माथिल्ला कक्षामा भर्ना हुन सकेनन् । ती स्तरहीन विद्यार्थीहरूमध्ये बढी विदेशको ज्यामी बन्न बाध्य भए; सरकारको त्यो निर्णयले म्यानपावर कम्पनी (गल्लावालहरू) र विदेशी पुँजीका भक्तहरू खुसी हुने नै भए ।

दुई, विदेश नगएका त्यसबेलाका स्तरहीन विद्यार्थीहरू कक्षा माथि उक्लिन नसकेर बर्बाद भए, कति लागूपदार्थको लतमा लागे भने कति नराम्रा पेसामा लागे ।

यसकारण, कुनै पनि सरकारले नयाँ नीति लागू गर्दा अचानक नगरी व्यापक छलफल गरी देशका सबै विचारका बुद्धिजीवीहरूसँग सल्लाह लिँदा कम क्षति हुनु स्वाभाविक हो । एक जना जान्ने सुन्ने भइटोपलेका मन्त्रीको कारण नयाँ पुस्ता नै बर्बाद हुने विषयलाई 'कानुन सरह लागु' गर्नु स्वयं एक अराजकता हो । त्यस्ता निर्णय र देशलाई हुने क्षतिबाट यो नयाँ सरकार जोगिनै पर्छ - देश र जनताको हितमा ।

**दुई दिनको बिदाबारे**

वर्तमान सरकारले पहिले असफल भएको 'दुई दिनको बिदा' नीतिलाई पुनः लागू गरेको छ, यसको परिणाम ध्वंसात्मक साबित हुने नै छ ।

नेपाल सबभन्दा बढी बिदा पाउने देशहरूमध्ये पर्दछ । धेरै बिदाको अर्थ हो - नयाँ पुस्ताले धेरै दिन पढ्न पाउने अवसरबाट वञ्चित हुनु । दुई दिनको बिदा वा लामो बिदाको बन्दोबस्तले नयाँ बालबालिकाहरूको पढाइमा ठुलो बाधा-व्यवधान नै खडा हुने निश्चित छ । नयाँ सरकार र नयाँ पुस्ताको नाममा सरकार देशद्रोहीहरूको हातमा पर्नुको अर्थ सत्यानाशलाई निम्तो दिनुहुन्छ ।

उदाहरण हो - नयाँ पुस्ताको नाममा प्रम गिरिजाप्रसाद कोइरालाका छोरी सुजाता कोइरालालाई मन्त्री बनाउँदा केही नकारात्मक युवाहरूले '... दिदी अगाडि बढ् ज्यान दिन तयार छौँ' भन्ने गर्दा सुडान काण्ड, लाउडा काण्ड, पासपोर्ट छपाइ काण्ड र अनेका काण्डहरू भए, उक्त काण्डमा आफ्नै छोरी-ज्वाइँ बङ्गालीकै कारण देशले धेरै बेइज्जती र क्षति ब्यहोर्न बाध्य भयो ।

यस्ता घटनाहरूले बताउँछ - नयाँ र कम उमेरको भन्दैमा तिनीहरूबाट सबै राम्रा हुन्छन् भन्ने होइन । पुरानाहरू भ्रष्टाचार गर्न पोख्त हुन्छन् तर सबै पुराना 'एउटै ड्याङका मूला' हुँदैनन् । त्यस्तै नयाँ हुँदैमा सबै खराब र खोटो काम गर्छन् भन्ने होइन । कम उमेर नै योग्यता हुने भए १० वर्षका केटा २५ वर्षका युवाभन्दा राम्रो हुन्छ भन्ने तर्क खोटपूर्ण हो ।

एउटा सत्य के हो भने हरेक वस्तु र प्राणीमात्रमा पनि बलियो र कमजोर पक्ष हुन्छ । ठुलो मानिसको ठुलो कमजोरी र सानो मानिसको साधारण कमजोरी हुन्छन् । सत्तामा बस्नेहरूको पनि छोराछोरीहरूप्रति मोह हुनु स्वयं कमजोरी हुन्छ । भारतमा गान्धीजीका छोरो बम्बईका एक पत्रकार रक्सी खाएरै मरे, भारतका पहिलो राष्ट्रपति राजेन्द्रप्रसादको छोराले एक किसानलाई गोली हानेर मारे, स्थानीय प्रशासनले पक्राउ गर्न डराउँदा माथिबाट पक्राउको आदेश दिलायो र पछि मिलापत्रबाट राष्ट्रपतिको छोरालाई बचाइयो ।

वर्तमान सरकारले एसईई परीक्षाको परिणाम छिटो दिने उद्देश्यले परीक्षा केन्द्रमै कापी जँचाई परीक्षाको परिणामलाई घोषणा गर्ने योजनाको अर्को कमजोरीले 'कोड-डिकोड' जस्ता बन्दोबस्तको विषयमा ध्यान नदिँदा कुन कुन विद्यार्थीले के कति अङ्क ल्यायो भनी ठाउँ ठाउँमा 'रिजल्ट आउट' भएको हल्ला व्यापक छ ।

यसकारण, हतारिएर नयाँ काम गर्दाको कस्त आउनेछ भन्नेबारे छलफलपश्चात् मात्रै काम थालेमा विवाद कम होला भन्ने हाम्रो ठम्याइ हो ।

# जेनजी आन्दोलन र राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन

● प्रज्ज्वल

**विपक्षीलाई शुभलाभमा फसाउने काममा अहिलेको सरकार पनि लागेको सार्वजनिक भयो । श्रम संस्कृति पार्टीका नेता एवम् सांसद हर्क साम्पाङले एक सञ्चारमाध्यममा रास्वपाका प्रमलाई 'विदेशी एजेन्ट' को आरोप लगाएका थिए । संविधानअनुसार सभामुख र उपसभामुख फरक दल र लिङ्गको हुनुपर्ने व्यवस्था छ । रास्वपाले राप्रपा वा श्रम संस्कृति पार्टीलाई उपसभामुख दिने जाल फाल्यो । श्रम संस्कृति पार्टीका नेता साम्पाङले निर्वाचनलगत्तै एमसीसी र एसपीपी खारेजीतर्फ रास्वपा सरकार लाग्नुपर्ने विषय पनि उठाए ।**

शासकहरू शुभलाभमा लागेपछि देश भ्रष्टाचारमा डुब्छ । नेपालमा ३५ वर्षयता ४-५ पटक मन्त्री बनेकाले आफ्नो संस्मरणमा लेखे - "मन्त्रीहरू भ्रष्टाचारको पर्याय भए ।" राम्रो वा नराम्रो काम तलतिर माथिबाट सर्छ । सिंहदरबार भ्रष्टाचारको अखडा बनेको र सिंहदरबारमा 'बाँदर' पसेको विषय संसद्मा धेरै अगाडि नै उठेको हो । सिंहदरबार भ्रष्टाचारको आहाल बने जिल्ला जिल्लाको हालत के होला ?

जेनजी आन्दोलनको जगमा फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनपछि नेपालमा चैत १३ गते रास्वपाको सरकार गठन भयो । अहिले निर्वाचनको बेला रास्वपाले जनतासँग गरेको प्रतिवद्धता यतिबेला देखाउने दाँत सावित हुँदै छ । सरकार गठनको दुईहप्तामा इन्धनको मूल्य दुई पटक बढ्यो । विदेशी ऋण ४० अर्ब १६ करोड थपियो । शिक्षा क्षेत्रमा अराजकता बढ्यो । निर्वाचन स्वच्छ र निष्पक्ष नहुनुको परिणाम पनि हो यो ।

यसअघि एमाले र माओवादीको समर्थनमा रास्वपा दुईपटक गृहमन्त्रीसहित उपप्रधानमन्त्री भएको थियो । त्यतिबेला पनि रास्वपाले देश र जनताको निःस्वार्थ सेवा गर्न सकेन । प्रतिपक्षीको कुर्सीबाट रास्वपाले तत्कालीन सरकारलाई औँला तेर्स्याएको थियो - "सरकारको नेपाल आयल निगम कस्तो ? व्यापार आफै गर्ने, आयात आफै गर्ने, नियामक निकाय आफै, मूल्यवृद्धि आफै गर्ने, सधैँ घाटा भयो भन्ने कर्मचारीलाई बोनस पनि बाँड्ने ?"

भारतले रुससँग इन्धन खरिद गरी नेपाललाई पठाउँथ्यो । रुसले इन्धनको मूल्य नबढाए पनि भारतले अन्तर्राष्ट्रिय क्षेत्रमा मूल्य बढेको दावी गर्थ्यो । अहिले पनि भारतले इन्धनको मूल्य बढाउँदै छ । रास्वपा सरकारले यो विषय भारतसँग उठाउन सकेन । आफ्नै सरकार हुँदा रास्वपाले नेपाल आयल निगमलाई इन्धनको मूल्य बढाउन किन दियो ? के रास्वपाको मुख पुराना शासकहरूको जस्तै विपक्षीमा हुँदा एउटा सरकारमा पुग्दा अर्को हो ?

रास्वपाले निर्वाचनमा 'चुपचाप घण्टीमा छाप' भनी विद्युतीय प्रविधिमार्फत आतङ्कजस्तै फैलाई मत लिएको सार्वजनिक भइरहेको छ ? के सरकारमा पुगेपछि रास्वपा सरकारले 'चुपचाप मूल्य वृद्धि' गरी जनतालाई थप आतङ्कित पारेको हो ? पुराना शासक दलजस्तै रास्वपा पनि भारतीय एकाधिकार पुँजीसामु 'निरीह' नै हुने भए कसरी 'नयाँ पार्टी' दावी गर्न मिल्छ ?

रास्वपा सरकारले आफ्नो निरीह अवस्था लुकाउन विदेशी राजदूतहरूसँगको भेटघाटमा 'नयाँ सरकार हुनु भनेको निरन्तरताबाट विच्छेद हुनु होइन' उल्लेख गऱ्यो । निरन्तरताबाट विच्छेद नहुने भए रास्वपाले आफूलाई नयाँ र जेनजी आन्दोलनको जगमा उठेको सरकार दावी किन गर्नु पऱ्यो ?

रास्वपा २०७९ असारमा गठन गरिएको हो । दुई चार वर्षमा कुनै पनि राजनीतिक पार्टी र नेतृत्व परिपक्व हुन सक्दैन । यतिखेर प्रश्न उठिरहेको छ । रास्वपाको निर्वाचनमा स्थान र सरकारको नेतृत्व स्वाभाविक कसरी ? रास्वपाका अधिकांश सांसदहरू अन्य शासक पार्टी त्यागेकाहरू भएको पनि सार्वजनिक भइरहेको छ । राजनीतिक पार्टीको जिम्मेवार पदमा पुग्न निरन्तरको शिक्षा-दीक्षा आवश्यक हुन्छ । परोपकारी र राजनीतिक क्षेत्र फरक हुन्छ । राजनीतिक पार्टीको आर्थिक र विदेश मामिला मौलिक हुन्छ । रास्वपाको मौलिक आर्थिक र विदेश मामिला छैन, पुरानो शासक दलसँग मिल्दो छ । रास्वपाले नेपाली जनताबिच सामाजिक न्याय र आर्थिक विषमता हटाउने हो भने नेपालीको सम्पत्तिको सीमा, विदेशमा सम्पत्ति राख्न नपाउने कानुन बनाउनु आवश्यक छ । सुशासन कराएर मात्र कायम हुने होइन ।

संसदीय व्यवस्थामा पार्टीको नेतृत्व नै संसदीय दलको नेतृत्वमा पुग्छ । पार्टी नेतृत्व संसद्मा निर्वाचित नभए मात्र भएका सांसदमध्येबाट संसदीय दलको नेता चयन गरिन्छ । रास्वपामा पार्टी नेतृत्व संसद्मा उपस्थित छ तर संसदीय दलका नेता र प्रधानमन्त्री अर्कै छन् । यसकारण यतिखेर प्रम रास्वपा कार्यालय नजाने र पार्टी निर्णय नमान्ने अर्थात दुई धार मौलाएको सार्वजनिक भइरहेको छ ।

विपक्षीलाई शुभलाभमा फसाउने काममा अहिलेको सरकार पनि लागेको सार्वजनिक भयो । श्रम संस्कृति पार्टीका नेता एवम् सांसद हर्क साम्पाङले एक सञ्चारमाध्यममा रास्वपाका प्रमलाई 'विदेशी एजेन्ट' को आरोप लगाएका थिए । संविधानअनुसार सभामुख र उपसभामुख फरक दल र लिङ्गको हुनुपर्ने व्यवस्था छ । रास्वपाले राप्रपा वा श्रम संस्कृति पार्टीलाई उपसभामुख दिने जाल फाल्यो । श्रम संस्कृति पार्टीका नेता साम्पाङले निर्वाचनलगत्तै एमसीसी र एसपीपी खारेजीतर्फ रास्वपा सरकार लाग्नुपर्ने विषय पनि उठाए ।

एमसीसी संसद्बाट पारित गरिएको बेला राप्रपाका सांसद मतदानमा अनुपस्थित भएका थिए । यसकारण एमसीसी खारेजीको विषय उठाउने श्रम संस्कृति पार्टीलाई रास्वपाले उपसभामुखको पदमा फसाउने नीति लियो । उपसभामुखमा आफ्ना सांसद निर्वाचित भएपछि सांसद साम्पाङ्गले चुनावको बेलामात्र रास्वपाका नेता रविलाई 'सहकारी ठग' र बालेनलाई 'विदेशी दलाल' को आरोप लगाएको स्पष्टीकरण दिए । कोही कुनै व्यक्ति चुनावको बेला आरोपी बन्ने र चुनाव सकिएपछि आरोप मुक्त हुने गर्दैन ।


जेनजी आन्दोलन भदौ २३ गतेबाट सुरु भयो । सो दिन १९ जनाको हत्या भयो । भदौ २४ गते देशभरिका अधिकांश सरकारी भवन संसद्, सिंहदरबार सर्वोच्च अदालत, राष्ट्रपति निवास, प्रम निवास, मन्त्री निवासलगायत र केही निजी भवनमा आगजनी भयो । नेकाको समर्थन र सहभागिता समेत भएको एमाले नेतृत्वको सरकारले भदौ २३ र २४ गतेको घटना हुन नदिने गरी देश र जनताको समस्या समयमा समाधान गर्न सकेन तथा सम्भावित दुर्घटनाको पूर्वानुमान पनि गर्न सकेन । भदौ २४ गते अपराह्न २:४५ बजे प्रम ओलीले राजीनामा दिए । जेनजीको प्रस्तावअनुसार राष्ट्रपति रामचन्द पौडेलले भदौ २७ गते राति पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रम बनाए र प्रमको सिफारिसमा संसद विघटन एवम् फागुन २१ गतेलाई निर्वाचन घोषणा गरे ।

निर्वाचन सरकारका प्रम सुशीला कार्कीले भदौ २३ गतेको हत्या र भदौ २४ गतेको आगजनीबारे छानबिन गरी दोषीलाई कारबाहीको सिफारिस गर्न असोज ५ गते तीन महिनाको कार्यअवधि तोकी छानबिन आयोग गठन गरे । कार्यअवधिअनुसार आयोगले पुस ८ गतेभित्र (कार्य प्रारम्भ असोज ९ गते) प्रतिवेदन पेश गर्नुपर्ने थियो तर गरेन । आयोगको अवधि पुस ३ गते एकमहिना, माघ ८ गते २० दिन र माघ २६ गते २५ दिनलाई थप गरियो ।

निर्वाचन अघि नै भदौ २३ र २४ गतेका दोषीलाई कार्वाहीसहितको प्रतिवेदन पेश गरिएको भए संसद्मा निर्वाचितहरूको तस्वीर नै अलग हुने थियो । आयोगले निर्वाचनको नतिजा प्रकाशित भइसकेपछि मात्र छानबिन प्रतिवेदन सरकारलाई बुझायो । प्रतिवेदनमा भदौ २४ गतेको आगजनीबारे अर्को आयोग गठन गरी छानबिन गर्नुपर्ने सुझाइयो । तर, राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा भदौ २४ गतेको आगजनीका दोषीहरूसमेत किटान गरिएको सार्वजनिक भयो । रास्वपा सरकार राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक गरिरहेको छैन । के नेपाल साम्राज्यवाद र विस्तारवादको चङ्गुलमा झन् झन् फस्दैछ ? के नयाँ भनिएको रास्वपा र यसको सरकार पनि त्यही चङ्गुलमा पर्दै छ ? नेपाली जनता सचेत होऔँ ! भदौ २३ गतेको हत्या र भदौ २४ गतेको आगजनीका दोषीहरूलाई कार्वाई गराउन एक स्वरमा बोलौँ !

*२०८२ चैत ३०*

# के मन्त्री भ्रष्टाचारको पर्याय हो ?




शत्रु

पैँतीस वर्षयता सरकारको मन्त्री भएकामध्ये एकजनाले आफ्नो संस्मरणमा 'मन्त्री पद भ्रष्टाचारको पर्याय भएको' औँल्याए । जेनजी आन्दोलन अघि रास्वपाको पनि दुई पटक उपप्रधानमन्त्रीसहित गृहमन्त्री, शिक्षामन्त्री, श्रममन्त्रीलगायत भएका थिए । जेनजी आन्दोलनको जगमा भएको निर्वाचनबाट रास्वपाको झण्डै दुईतिहाइको सरकार गठन भयो । हिजो एमाले र माओवादीको समर्थनमा सरकारमा पुगेका रास्वपाका मन्त्रीहरू भ्रष्टाचारमा मुछिएको प्रमाण बाहिरिएको छैन । त्यतिबेला केही दिन ऋसर उद्योग बन्द गरी तुरुन्त खुलाइएको, राष्ट्रिय परिचय पत्र विदेशी कम्पनीलाई दिइएको, भिजिट भिसाको नाममा नेपाली युवालाई वैदेशिक रोजगारीमा पठाइएको विषय के कति अनियमितता भए, अहिले पनि त्यो विषय उठिरहेको छ ।

रास्वपा सरकारका प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक भयो । मन्त्रीहरूको सयौँ तोला सुन, करोडौँको कम्पनी शेयर, करोडौँको काठमाडौँलगायत जिल्ला जिल्लामा घर जग्गा, महँगा गाडी कसरी जुट्यो ? केही मन्त्रीले ऋण लिएर गाडी किनेको उल्लेख गरे । पचासौँ लाख र करोडौँ रुपैयाँको गाडी ऋणमा किनेर साँवा ब्याज कसरी तिर्ने ?

नागरिकले सार्वजनिक पदमा पुग्नेको अघि र पछिको सम्पत्तिको स्रोत देखाउनु जरुरी हुन्छ, मन्त्रीमा पुगेकाहरूले त झन् खुलस्त पार्नु पर्दछ । रास्वपाका मन्त्रीहरूको उमेर र रोजगारीअनुसार सम्पत्तिको मात्रा स्वाभाविक नभएको बाहिरिएको छ । यसबारे प्रमले नै सत्य तथ्य सार्वजनिक गर्नु जरुरी छैन र ?

# ‘सय वर्षपछिको भक्तपुर’ पुस्तकले भक्तपुरको मात्र होइन, नेपालको भविष्यको रूप रेखा पनि कोरेको छ

आज हामी ‘सय वर्षपछिको भक्तपुर’ पुस्तकको तेस्रो संस्करणबारे परिचर्चा कार्यक्रम गर्दै छौँ। सर्वप्रथम यो पुस्तक नगरपालिकाको तर्फबाट प्रकाशन गर्ने अनुमति दिनुभएकोमा लेखक एवं नेपालका वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ।

यो पुस्तकको पहिलो संस्करण २०५९ असोजमा र दोस्रो संस्करण २०७४ असारमा सार्वजनिक भएको थियो। यसको अङ्ग्रेजी भाषामा पनि प्रकाशित छ। पुस्तकको आकार सानो भए पनि यसले राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रिय स्तरको महत्त्व बोकेको छ।

‘नाचगानको राजधानी भक्तपुर’ का लेखक विद्वान जगदिश शमशेर राणाले भक्तपुरको सङ्गीतबारे मूल्याङ्कन गर्दै लेख्नुभएको छ-“सङ्गीतकारहरूको सङ्ख्या यो शहरको जनसङ्ख्याको औसतमा विश्वको कुनै शहरभन्दा ज्यादा छ।”

जर्मन सम्पदाविद् निल गोत्सोले ५० वर्ष नेपालमा बिताएर स्वदेश फर्कने क्रममा भक्तपुरको वास्तुकलाको मूल्याङ्कन गर्दै भन्नुभयो, “भक्तपुर संसारकै जीवित सङ्ग्रहालय हो।”

अर्का विद्वान् इ.ए. पावेलले “भक्तपुरको दरबार क्षेत्र घुम्नुमात्रै पनि विश्वको आधा संसार घुमेसरह हुन्छ” भन्नुभएको छ।

यसरी देश र विदेशका संस्कृतिविद्, वास्तुकलाविद् तथा विभिन्न विषयका विद्वानहरूले समेत प्रशंसा गरेको भक्तपुरबारे लेखिएको अत्यन्त महत्त्वपूर्ण किताब हो- ‘सय वर्षपछिको भक्तपुर’।

भक्तपुर नगरको विषयमा नेपाल मजदुर किसान पार्टीमा अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले २०५६ सालमा ‘सय वर्षपछिको भक्तपुर’ शीर्षकमा लेख लेख्नुभएको थियो। विभिन्न लेखहरूसहितको सङ्ग्रहीत रूप ‘सय वर्षपछिको भक्तपुर’ पुस्तकको रूपमा भने २०५९ सालमा मात्र प्रकाशित भयो। नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशित भएपछि पुस्तकले राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा चर्चा पाउँदै गयो। पुस्तकको माग धेरै तिरबाट हुन थाल्यो। भक्तपुरमा विभिन्न पालिकाका प्रमुख, उपप्रमुखज्यूहरू, सांसदहरू विभिन्न उच्चपदस्थ व्यक्तित्वहरू भक्तपुरको विकासबारे बुझ्न आउनुहुन्थ्यो। हामी भक्तपुरको विकासको मार्ग चित्र भएको यही पुस्तक उहाँहरूलाई दिने गर्छौं। पुस्तकको चर्चासँगै माग बढ्दै गयो। त्यसपछि हामी नगरपालिकाले नै पुस्तकको तेस्रो संस्करण प्रकाशन गर्ने निस्कर्षमा पुग्यौँ र आज यो पुस्तक यहाँहरू समक्ष प्रस्तुत गर्दै छौँ।

यस पुस्तकले भक्तपुर नगरको सय वर्षपछिको रूप रेखा देखाएको छ। पुस्तकमा भक्तपुरको भविष्यको शिक्षा, स्वास्थ्य, सरसफाइ, पर्यटन, सम्पदा संरक्षण, यातायातलगायत सबै पक्ष समेटिएको छ र यहाँका जनता र जनप्रतिनिधिहरूलाई काम गर्न मार्ग निर्देश गरिएको छ। कसैले भक्तपुरको भविष्यबारे सोधेको खण्डमा हामी गर्वका साथ भन्न सक्छौँ-सय वर्षपछिको भक्तपुर नै हाम्रो लक्ष्य हो। हो, हामी त्यही सपनालाई साकार पार्न कतिबद्ध भएर लागिरहेका छौँ। बिचमा कुनै बाधा व्यवधान नआएमा धेरै अगाडि नै त्यो सपना साकार हुनेमा हामी विश्वस्त छौँ।

अझ त्यसलाई अगाडि बढाउन २०५८ साल माघ २१ गते सम्पन्न “भक्तपुर जिल्लालाई पर्यटकीय गन्तव्य, शिक्षा र संस्कृतिको केन्द्र बनाउने” बारेमा भएको बृहत छलफल कार्यक्रममा अध्यक्ष बिजुक्छेँले “१५ वर्षभित्र भक्तपुर पहिलो साक्षर र प्रत्येक घरमा एक स्नातक वा सो सरहका नाचगान वा चित्रकलाका कलाकार, खेलाडी वा भाषाहरूका ज्ञाता, होटल व्यवस्थापन गर्ने, पर्यटक गाइड वा हस्तकालाका शिक्षक उत्पादन गर्न सकिने” विचार राख्नुभएको थियो। त्यो विचार नै भक्तपुरका जनता, राजनीतिक कार्यकर्ता र जनप्रतिनिधिहरूलाई विकासको लागि अगाडि बढ्ने ऊर्जा थियो।

त्यहीबाट भक्तपुरले परिवर्तनको क्रान्तिकारी मोड लियो। भक्तपुर नगरपालिकाले २०५६ सालमा ख्वप उमावि, २०५८ सालमा ख्वप कलेज र ख्वप इन्जिनियरिङ कलेज, २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ, त्यसपछि शारदा कलेज/मावि हुँदै २०७९ सालमा ख्वप कलेज अफ लसमेत गरी ७ वटा शैक्षिक संस्थाहरू स्थापना र सञ्चालन गरी शिक्षामा आमूल परिवर्तनको बाटोमा अघि बढ्यो र बढिरहेको छ। साढे दुई दशकको यो शैक्षिक यात्रापछि भक्तपुर नगरपालिकालाई सरकारले अनुमति प्रदान गऱ्यो वा विश्व विद्यालय सञ्चालन गर्न आवश्यक विधेयक पारित गरि दियो भने विश्व विद्यालय सञ्चालन गर्ने तयारीसम्ममा अगाडि बढेको छ।

भक्तपुर एक घर एक स्नातक मात्र होइन, दुई हजारभन्दा बढी इन्जिनियरहरू भएको नगर बन्न पनि सफल भएको छ। भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इ. कलेज र ख्वप कलेज अफ इन्जिनियरिङमा अध्ययन गर्ने नगरका इन्जिनियरहरूको सङ्ख्या मात्र पनि २०६७ पुगेको छ। अन्य कलेजहरूबाट उत्तीर्ण भएको सङ्ख्यासमेत हिसाब गर्ने हो भने त्योभन्दा धेरै छन्। क्षेत्रफलको आधारमा हेर्ने हो भने हामी नेपालको कुनै पनि जिल्ला र नगरको भन्दा बढी इन्जिनियरहरू भएको नगर भनेर भन्न सक्ने अवस्थामा पुगेका छौँ।

आज भक्तपुर घर घरमा गएर स्वास्थ्य उपचार सेवा दिनेदेखि वडा वडामा स्वास्थ्य केन्द्र र १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरेर स्वास्थ्य सेवा सहज उपलब्ध हुने ठाउँ वा स्वास्थ्य उपचारको केन्द्रको रूपमा विकास भइरहेको नगरको रूपमा परिचित हुँदै छ।

२०७२ सालको भूकम्पले क्षत विक्षत बनाएको सबैजसो सम्पदाहरू पुन: निर्माण र जीर्णोद्धार गरी भक्तपुरलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने



सुनिल प्रजापति, प्रमुख भनपा

प्रयास भइरहेको छ। नेपाल आउने पर्यटकहरूमध्ये २५ देखि ३० प्रतिशत पर्यटकहरूले भक्तपुर घुम्ने गरेको रेकर्ड छ। गत आ.व. २०८१/८२ मा साढे दुई लाख पर्यटकहरूले भक्तपुर भ्रमण गरेका थिए। यो वर्ष भदौ २३ र २४ को आन्दोलन र विभिन्न अन्तर्राष्ट्रिय जगतमा भएको युद्धको कारण देशभित्र आउने पर्यटकहरू प्रभावित भएको छ। त्यसको असर भक्तपुर नगरलाई पनि परेको छ।

अहिले सफा र सुन्दर नगर बनाउन भक्तपुर नगरपालिकाले मुख्य सडकहरूमा ढुङ्गा छपाइ र तार भूमिगत गर्ने कार्य गरिरहेको छ, खोला सफा गर्न हनुमन्ते र सल्लाघारीमा दुई वटा उपचार पोखरीहरू निर्माणाधीन अवस्थामा छन्। युवाहरूलाई विदेशी भाषाको तालिम, सीपमूलक तालिम दिएर शिक्षासँगै आत्मनिर्भर बनाउने कोसिस भइरहेको छ।

यी सबै काम गर्नको निम्ति मार्ग निर्देश गरिएको पुस्तक हो ‘सय वर्षपछिको भक्तपुर’। भक्तपुरबारे धेरैले विभिन्न पक्षमा अध्ययन र अनुसन्धान गर्नुभएको छ। सबैले आ-आफ्नो किसिमले भक्तपुरको बारेमा सुक्ष्म विश्लेषण गरी निष्कर्ष निकाल्नुभएको छ।

त्यसरी भक्तपुरबारे विस्तृत अध्ययन गरी प्रतिवेदन तयार गर्ने २ जना लेखकहरू हुनुहुन्छ -मानवशास्त्रीहरू डा. सुरेश ढकाल र सञ्जिव पोखरेल। आजको यो कार्यक्रममा डा. ढकाल हाम्रो सामु उपस्थित हुनुहुन्छ। उहाँहरूले भक्तपुरमा भएको किसान आन्दोलन, राजनीति र रूपान्तरणबारे गहन अध्ययन गर्नुभयो। उहाँहरूले भक्तपुर कसरी बदलियो ? सरसफाई अभियान, भूमिसुधारको आन्दोलन, सार्वजनिक शौचालयको अवस्था, भक्तपुर नगरपालिकाको नेतृत्वबारे सूक्ष्म विश्लेषण गर्नुभयो र निष्कर्ष निकाल्नुभयो - आधुनिकीकरणतर्फ, प्रजातन्त्रतर्फ लक्षित सामाजिक रूपान्तरणको कार्यक्रमले आफ्नो लक्ष्य त्यतिबेला मात्र हासिल गर्न सक्छ जब त्यसले सम्बन्धित जनताको सामाजिक, आर्थिक र सांस्कृतिक अनुभवलाई ध्यान दिन्छ। भक्तपुरबारे अध्ययन अनुसन्धान गर्ने सबैप्रति हार्दिक धन्यवाद दिन्छौँ।

सबैको संयुक्त प्रयासले आज ‘सय वर्षपछिको भक्तपुर’ का लेखक बिजुक्छेँले देख्नुभएको सपना पूरा गर्ने क्रममा भक्तपुर अगाडि बढ्दै छ। पुस्तकमा उहाँ लेख्नुहुन्छ-“भक्तपुर आश्चर्यजनक नगर हो। बिहान प्राचीन शहर जस्तो, दिउँसो विश्वविद्यालय जस्तो र राती साँची प्राचीन लुगा लगाएकी सुन्दरी वा नर्तकी जस्तो।”

हो, भक्तपुरले आज स्वदेशी मात्र होइन, विश्वको ध्यान आकर्षित गर्न खोज्दै छ। भक्तपुरले आफूसँग रहेका मूर्त र अमूर्त सम्पदाहरूको महत्त्वलाई बुझेर संरक्षण गर्दै विश्वकै एक हेर्न लायक नगरको रूपमा विकास गर्ने प्रयास गरिरहेको छ। यो पुस्तकमा केवल भक्तपुरको मात्र होइन, पचास वर्षपछिको नेपालको रूप रेखा पनि कोरिएको छ। यस पुस्तकलाई हामीले विभिन्न क्षेत्रका बौद्धिक व्यक्तित्वहरूसम्म पुऱ्याउने कोसिस गर्नेछौँ। यस्तो सुन्दर नेपाल र त्यसभित्रको भक्तपुर नगरको भविष्यको परिकल्पनाकार का. रोहितप्रति भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौँ।

*(भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले चैत २९ गते नगरपालिकाको आयोजनामा भएको ‘**सय वर्षपछिको भक्तपुर**” पुस्तकको परिचर्चा कार्यक्रममा व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)*

---

## सन्दर्भ : भदौ २३ र २४ गते नयाँ पुस्ताको प्रदर्शनपछि बनेको बालेन सरकार

# साम्राज्यवादीहरूको ‘छद्म युद्ध’ अध्ययन – २१

✍ रामरतन चौधरी

### अमेरिकी तयारी

संरा अमेरिकाले नेपालमा आफूअनुकूलको राजनीतिक दललाई जिताउन १०-१२ वर्ष अगाडिदेखि नै तयारी गरेको खुलासा भयो। अहिले रास्वपाबाट काठमाडौँ क्षेत्र नं १ मा निर्वाचित रञ्जु दर्शनालाई अमरिकाले तयार पारेको खुल्दै छ। उनी पहिले विवेकशील पार्टीमा आबद्ध थिइन्। उनलाई अमेरिकी संस्था आइआरआई (International Republican Institute) ले विदेश लगेर प्रशिक्षण दिएको थियो। आइआरआई सन् १९८३ मा अमेरिकी सरकारले स्थापना गरेर लगानी गर्दै आएको संस्था हो। यो संस्थाले सन् २०१७ मा इन्डोनेशियाको जकार्तामा एसियाली राष्ट्रहरूद्वारा छनौट गरिएका युवाहरूलाई भेला गरेर राजनीतिक प्रशिक्षण दिएको थियो। उक्त प्रशिक्षणमा नेपालको तर्फबाट रञ्जु दर्शना छनौट भएकी थिइन्। (युगबोध टेलिभिजन)

बालेन साहलाई पनि अमेरिकाले नै तयार पारेको स्पष्ट छ। उनी मेयर भएको १ वर्षमै CNN ले ‘सर्वोत्कृष्ट’ मेयर घोषणा गरेको थियो। जब कि त्यसबेला काठमाडौँ महानगरपालिका कार्यसम्पादनमा नेपालकै ६६ औं नगरपालिकामा परेको थियो। उनकै कार्यकालमा महानगरपालिकामा बेरुजु थुप्रो रहेको खुलासा भयो। उनले नियमित कामबाहेक अरू खासै परिवर्तन गर्न सकेका होइनन्। तर, पनि मेयर बालेनलाई अमेरिकी तथा पश्चिमा सञ्चारमाध्यमले बढाइचढाइ गरेर ‘नायक’ बनाए। अमेरिकाकै निर्देशनमा बालेन मेयर हुँदा चिनिया राजदूतावासलाई ठमेलमा कार्यक्रम गर्न दिइएन। (युगबोध टेलिभिजन)

नेपालमा अमेरिकी गुप्तचर विभाग सिआईएद्वारा उपद्रव भएको नजिकबाट हेरेका भारतीय खुफिया एजेन्सी ‘रअ’ का पूर्व अधिकारी लक्की विष्टले एक अन्तर्वार्तामा बङ्गलादेशका प्रधानमन्त्री तारेक रहमान र नेपालका अर्को प्रधानमन्त्री बालेन साह हुने भविष्यवाणी गर्नुभएको थियो। चीन र भारतलाई नियन्त्रण गर्न यी दुवै देशमा अमेरिकाले नै शासन परिवर्तन गराएको विष्टले खुलासा गरेका थिए। (नवभारत टाइम्स, २०२५ डिसेम्बर २९)

### “धर्म” बन्यो चुनावी हतियार

निर्वाचनको समयमा बालेन साहकी पत्नी सबिना काफ्ले चर्चमा गएर आफ्नो लोग्नेलाई जिताउन प्रार्थना गरेकी थिइन्। पश्चिमाहरूको सहयोगमा यस पटक रास्वपाबाट प्रतिनिधिसभा निर्वाचनमा धेरै क्रिश्चियन धर्मका ‘पास्टर’ उम्मेदवार बने। यो देखेपछि नेपालका क्रिश्चियनहरू पनि रास्वपालाई भोट हाल्न उत्साहित भए।

बालेन साहले हिन्दूहरूको सहानुभूति पनि राम्ररी प्राप्त गरे। निर्वाचन अगाडि उनले हिन्दुको मठ मन्दिरमा पूजा अर्चना गरेका भिडियोहरू सामाजिक सञ्जालमा भाइरल बनेका थिए। चुनावी अभियानका क्रममा बालेनले जनकपुरमा पूजाअर्चना गर्नुका साथै पूर्वी पहाडको पाथीभरा गएर ‘जय पाथीभरा, जय मुकुङ्लुङ’ लेखिएको रातो फेटा बाँधेर हिन्दू तथा किराँतहरूको मन जित्ने कोसिस गरेका थिए।

एउटा हिन्दू मन्दिरमा पुजारीले बालेन साहलाई आशीर्वाद दिँदै “हिन्दू राज्य र राजतन्त्र स्थापना गर्न सफल होस्” भनी आशिर्वाद दिएको पनि सुनिएको थियो। हिन्दू धर्मप्रति आस्था राख्ने राजावादीहरू पनि बालेन साहसँग प्रभावित भए। राजावादीहरूले भित्रभित्रै बालेन साहलाई समर्थन गरे। बालेनको परिवार बौद्ध धर्मावलम्बी भएको प्रचार पनि गराइयो। बौद्ध धर्मावलम्बीहरूको पनि उनलाई राम्रै सहानुभूति प्राप्त भयो।

बालेन साहले पनि धर्मलाई चुनाव जित्ने हतियार बनाउने पुरानै शासक नेताहरूको आचरणलाई निरन्तरता दिए। उनको प्रधानमन्त्री शपथग्रहणमा राजसम्राटको जस्तै अन्धविश्वास देखियो। शपथ ग्रहणको निम्ति पञ्चाङ्ग हेरेर अयोध्याको राममन्दिरमा गरिने विशेष पूजासँग मिलाएर दिउँसो १२:३४ को समय तोकियो। ७ जना ब्राहमणद्वारा शङ्खनाद, १०८ हिन्दु वटुकहरूद्वारा स्वस्ति वाचन, १०७ बौद्ध लामा गुरुहरूद्वारा मङ्गल पाठ र विशेष पूजाले उनलाई दैवीकरण गर्ने प्रयास भयो। यति गरेपछि केही अतिवादीहरू बालेन्द्र साहले नेपालमा राजसंस्था र हिन्दू राज्य स्थापना गर्ने भन्दै डङ्का पिट्न थाले। सोझा नेपाली जनताले पनि साहको वाहवाही गरे। पर्दापछाडिको खेललाई सोझा नेपाली जनताले बुझ्नै सकेनन्।

नेपालमा धेरै धर्म-सम्प्रदाय, जातजाति, आस्था र विश्वास भएका जनता बसोवास गर्छन्। नेपालको संविधान २०७२ ले धर्मनिरपेक्षतालाई आत्मसात् गरेको छ। तर, बालेनको रवैयाले संविधानको समेत उल्लङ्घन भयो।

### बालेनका समर्थक अराजक बन्दै

बालेन नेतृत्वको सरकार बनेपछि उनका समर्थक उद्दण्ड बन्दै छन्। उनको कमिकमजोरीविरुद्ध बोले रास्वपाका साइवर सेनाले आगो ओकल्छन्। बालेन सरकारविरुद्ध सडकमा उत्रिएकी २० वर्षीया अमिशा पराजुलीलाई सामाजिक सञ्जालमा ‘यौन हिंसा’ र ‘बलात्कार’ सम्मको धम्की दिइयो। उनको भिडियो क्लिपहरू सामाजिक सञ्जालमा व्यापक फैलाइएर ‘बलात्कार गरिदिन्छु’, ‘जहाँ भेटे पनि छाड्दिन’, ‘घरमा आगो लगाइदिन्छु’ जस्ता धम्कीहरूको वर्षा भयो। रास्वपाका समर्थकहरूद्वारा श्रम संस्कृति पार्टीका हर्क साम्पाङलाई पनि ज्यान मार्ने र घर जलाइदिनेसम्मको धम्की दिएको समाचार प्रकाशित भयो। (नेपाल समाचार पत्र, २०८२ चैत १९)

जेन-जी रेडफोर्सकी संयोजक स्मृति तिमिल्सेनालाई सरकारविरुद्ध नारा लगाएको निहुँमा चैत १७ गते मङ्गलबार प्रहरीले नियन्त्रणमा लिई ४ घन्टा सोधपुछ गरेर मात्र छोडेको समाचार प्रकाशित भयो। ‘नेपालमा बसेर फ्रि तिब्बतको नारा लगाउन मिल्दैन’ भनेर लेखेको भरमा सरकारविरोधी नारा लगाएको आरोप लगाएर उनलाई पक्राउ गरियो। (कान्तिपुर २०८२ चैत १८)

### विद्यार्थी सङ्गठनविरुद्ध बालेन सरकार

बालेनको नेतृत्वमा चैत १३ गते शुक्रबार बसेको मन्त्रीपरिषद्को पहिलो बैठकले स्वीकृत गरेको ‘एकसय कार्यसूची’ मा ६० दिनभित्र विद्यालय/विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी सङ्गठनको संरचना हटाई ९० दिनभित्र विद्यार्थी काउन्सिल, भ्वाइस अफ स्टुडेन्ट संयन्त्र विकास गर्ने उल्लेख छ। भदौ २३ गते माइतीघर मण्डलाबाट सुरु भएको प्रदर्शनमा विद्यार्थीकै सहभागिता धेरै थियो। तर, विद्यार्थी तथा समग्र जनताकै राजनीतिक तथा मौलिक अधिकार कुण्ठित

***बाँकी पृष्ठ ४ मा***

# "नयाँ सरकारले शिक्षा क्षेत्र निजीकरणतर्फ धकेलिने खतरा रहेको छ"




भक्तपुर । भक्तपुर नगरपालिका-२, यालाछैँस्थित शारदा माध्यमिक विद्यालयको आयोजनामा नयाँ शैक्षिक सत्रको सँघारमा विद्यालयसँग सम्बन्धित सरोकारवालाहरूको चैत २८ गते बृहत् भेटघाट कार्यक्रम भयो ।

कार्यक्रममा विद्यालयको शैक्षिक अवस्था, भौतिक पूर्वाधार विकास, विद्यार्थीको अवस्था तथा राष्ट्रिय शिक्षा नीतिसम्मका विषयमा व्यापक छलफल गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले सरकार मनोगतरूपमा सञ्चालन र जनताको हितभन्दा बाह्य शक्तिको प्रभावमा काम भइरहेको आरोप छ भन्नुभयो ।

उहाँले विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैङ्कजस्ता संस्थालाई अमेरिकी प्रभावका साधनका रूपमा व्याख्या गर्दै शिक्षा क्षेत्र निजीकरणतर्फ धकेलिने खतरा रहेको छ भन्नुभयो ।

"विदेशका लागि सस्तो श्रमशक्ति उत्पादन गर्ने नीति लागू हुँदै छ," उहाँले थप्नुभयो ।

अध्यक्ष बिजुक्छेँले समाजवादी विचारलाई कमजोर बनाउने उद्देश्यले शिक्षा प्रणालीमै हस्तक्षेप भइरहेको उल्लेख गर्दै शिक्षालाई ध्वस्त बनाई देशलाई परनिर्भर बनाउने प्रयास भइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "अहिलेको शिक्षा प्रणालीले क्षमताभन्दा प्रमाणपत्र मात्रै हेर्छ । नयाँ पुस्तालाई जिम्मेवार र व्यावहारिक बनाउन शिक्षामा सुधार आवश्यक छ ।"

विश्व राजनीतिक सन्दर्भ जोड्दै उहाँले एसियालाई सम्भावित द्वन्द्वको केन्द्र बनाउने दुस्प्रयास भइरहेको दाबी गर्दै इराक, लिबिया, प्यालेस्टिन र गाजाजस्ता उदाहरण प्रस्तुत गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले असन्तुलित विकास र तीव्र बसाइँसराइका कारण ग्रामीण क्षेत्रका विद्यालयहरू खाली हुँदै गएको बताउनुभयो ।

उहाँले शिक्षा, उद्योग र रोजगारीलाई एकीकृत रूपमा अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले शिक्षा क्षेत्रमा अस्थिरता सिर्जना गर्ने प्रयास भइरहेको आरोप लगाउँदै चैत १५ देखि वैशाख १५ सम्म अघोषित शैक्षिक हडतालजस्तो अवस्था देखिएको धारणा राख्नुभयो ।

उहाँले आत्मनिर्भर र व्यावहारिक शिक्षामा जोड दिनुपर्ने उल्लेख गर्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले विद्यालय मर्ज नीति गलत भएको भन्दै सामुदायिक विद्यालय जोगाउनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नगरपालिकाले सम्पदा संरक्षणसँगै शिक्षा सुधारका लागि काम गरिरहेको बताउँदै स्थानीय पहिचान र सीपसँग जोडिएको शिक्षाको आवश्यकतामाथि जोड दिनुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य हिमालयश्वरलाल मूलले विद्यार्थीकेन्द्रित र प्रयोगात्मक शिक्षण पद्धतिमा विद्यालय अघि बढिरहेको बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक रोशनराज तुईतुईले २०७२ सालको भूकम्पले क्षति पुगेको विद्यालय भवनलाई मौलिक शैलीमा पुनर्निर्माण गरी आधुनिक सुविधासहित तयार गरिएको र नयाँ शैक्षिक सत्रदेखि विद्यालयको नयाँ भवन उद्घाटन गरिने जानकारी दिनुभयो ।

कार्यक्रमका सभापति तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दामोदर सुवालले पुनर्निर्माणपछि विद्यालयमा नयाँ उत्साह थपिएको उल्लेख गर्दै दीर्घकालीन विकासका लागि सबै पक्षको सहयोग आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा शिक्षक विनयकिरण कोजुले पनि बोल्नुभएको थियो ।

# वैदेशिक ऋणले देशको अस्तित्वमै खतरा हुन सक्ने




भक्तपुर । नेपाल मजदुर किसान पार्टी भनपा ४ वडा एकाइ समितिको आयोजनामा चैत २८ गते बिस्का: जात्रा तथा नव वर्ष २०८३ को अवसरमा स्थानीय दुमलाचा टोलमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले आफ्नो मौलिक संस्कृति र सभ्यता जोगाउँदै अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले विदेश गएका कुनै पनि नेपाली सधैँ सम्मानित भएर जीवनयापन गर्ने अवस्था नहुने भएकोले आफ्नो देशको स्वाधीनता रक्षा गर्दै स्वदेशमै रोजगारीको बन्दोबस्त गरी देशलाई आत्मनिर्भर बनाउनुपर्ने बताउनुभयो । देश विकासको लागि अरबौं रूपैयाँ विदेशी ऋण लिने प्रवृत्तिले देशको अस्तित्व नै खतरा पर्ने सम्भावना भएको उल्लेख गर्दै उहाँले जेनजी आन्दोलनको नाममा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादले भूमिका खेलेकै कारण सिंहदरबारलगायतको देशको सम्पत्ति खरानी भएको हो भन्नुभयो । उहाँले दुईतिहाइको वर्तमान सरकारले सो विध्वंस मच्चाउने तत्त्वलाई पत्ता लगाउन नसक्नु अपराधलाई छोपेर अपराधीलाई प्रोत्साहन दिनुसरह हो भन्नुभयो ।

अमेरिकी सरकारले इरानमा गरेको युद्धको कारण विदेशमा रहेको नेपालीको ज्यान जोखिममा परेकोले सरकारले युद्धको विरोध नगरी समर्थन गरेको देशको लागि दुर्भाग्य हो भन्नुभयो ।

उहाँले भन्नुभयो, "देशको अर्थतन्त्र डामाडोल भएको अवस्थामा सरकारी कार्यालय तथा अन्य शिक्षण संस्थामा दुई दिन बिदा दिनु देशको हितविपरीत छ ।"

नेमकिपा भक्तपुर नगर समितिका प्रतिनिधि गंगाराम ज्याख्वले कामदारवर्गको हितको लागि भनपाले गरेको योगदानको कारण शिक्षा र स्वास्थ्य क्षेत्रमा निम्न वर्गीय जनताले सस्तो शुल्कमा उच्च शिक्षा र स्वास्थ्य सेवा हासिल गर्न सकेको हो भन्नुभयो । सरकारले राजनैतिक पार्टीको जनवर्गीय सङ्गठन हटाउने नीतिसँग नेमकिपा असहमत रहेको उहाँले बताउनुभयो ।

भनपा ४ वडाका वडाध्यक्ष उपेन्द्र सुवालले वडा समितिले गर्दै आइरहेको विभिन्न गतिविधिबारे जानकारी दिँदै भक्तपुरको आठ दिन नौ रातसम्म चल्ने भक्तपुरको टोलटोलमा भएको जात्राहरूको व्यवस्थापन गर्न युवा पुस्ताको सक्रियता आवश्यक छ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष पशुपति प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कृष्णलक्ष्मी दुवाल र राजेन्द्र माकले पनि बोल्नुभएको थियो ।

# धेरै बिदाभन्दा गुणस्तरमा जोड दिनुपर्ने




भक्तपुर । लिशा इङ्गलिस सेकेन्डरी स्कूलको ३७ औँ वार्षिकोत्सवको अवसरमा प्रि-स्कूल दीक्षान्त समारोह, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम चैत २८ गते सम्पन्न भयो ।

उक्त समारोहको उद्घाटन वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले विद्यालय ज्ञान र सिकाइको मन्दिर भएको उल्लेख गर्दै आफ्ना सन्तानलाई मायाले जित्नुपर्छ, सिकाउनुपर्छ र सुसूचित पार्नुपर्छ भन्नुभयो ।

आफ्ना बालबालिकाले समाजमा भए गरेका घटनाको नक्कल गर्ने हुँदा गलत सन्देश जाने खालको कार्य गर्न नहुने उल्लेख गर्दै उहाँले शिक्षाको जिम्मा सरकारले लिनुपर्ने बताउनुभयो ।

शिक्षा उत्पादन श्रम र सीपसँग जोड्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले धेरै बिदा दिनुभन्दा गुणस्तरीय शिक्षा दिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले कम शुल्कमा गुणस्तरीय शिक्षा दिएर लिशा स्कूलले शिक्षा क्षेत्रमा महत्त्वपूर्ण योगदान गरिरहेको बताउनुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नयाँ पुस्ताको उज्ज्वल भविष्य बनाउनु हाम्रो जिम्मेवारी रहेको उल्लेख गर्दै आफूले श्रम गरेर सन्तानलाई शिक्षा दिने कार्य प्रशंसनीय छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाले संस्थागत र सार्वजनिक विद्यालयलाई सँगसँगै लाने उद्देश्य राखेको उल्लेख गर्दै उहाँले समाजवादी व्यवस्थामा नि:शुल्क शिक्षाको व्यवस्था हुन्छ भन्नुभयो ।

सकारात्मक पक्षलाई निरन्तरता दिने र कमी कमजोरी औँल्याएर समस्या समाधान गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले हरेक अभिभावक सन्तानसँगै बस्ने वातावरण आवश्यक छ भन्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य विष्णुगोपाल कुसीले वैशाख १५ गतेदेखि भर्ना अभियान, वैशाख २१ गतेदेखि कक्षा सञ्चालन र शनिबार र आइतबार दुईदिने बिदा व्यावहारिक नभएको स्पष्ट पार्नुभयो ।

सरकारले बिदैबिदाको चाङ थपेर कस्तो शिक्षा प्रणाली ल्याउन खोजेको हो भन्दै उहाँले शिक्षा र संस्कार आजको आजै परिवर्तन हुँदैन भन्नुभयो ।

आफ्ना सन्तानलाई स्वतन्त्रताको नाउँमा जस्तो गल्ती र अपराध गरे पनि छोड्न नहुने उल्लेख गर्दै उहाँले कक्षा ५ सम्म परीक्षा लिन नपर्ने व्यवस्था पनि व्यावहारिक नभएको बताउनुभयो ।

मानिसहरू जन्म, कर्मले मात्र होइन गुणले पनि ठुलो हुनुपर्नेमा जोड दिँदै असल अभिभावक, असल शिक्षकले असल विद्यार्थी तयार हुने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् समारोहका सभापति बलराम प्रजापतिले सानो पाइलाबाटै सुन्दर उपलब्धि पाउने उल्लेख गर्दै विद्यार्थीहरू दीक्षित हुनु शिक्षा अध्ययनको नयाँ यात्रा सुरु गर्नु हो भन्नुभयो ।

विद्यालयका प्रिन्सिपल लिशा प्रजापतिले विद्यालयले गरेका विभिन्न गतिविधि र कार्यक्रमबारे जानकारी दिँदै आर्थिक अवस्था नाजुक भएका र उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिरहेको बताउनुभयो ।

अभिभावकको तर्फबाट किरण गुजले विद्यालयले गरिरहेको सेवाको सराहना गर्दै आफ्नो अनुभव सुनाउनुभयो ।

प्रि-स्कूलका इन्चार्ज नारायणी खोजुले दीक्षान्त समारोह, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम मेहनतको सिकाइ र सफलताको उत्सव पनि हो भन्नुभयो ।

समारोहमा अतिथि सैंजूले दीक्षित ६१ जना विद्यार्थीलाई प्रमाणपत्र प्रदान गर्नुभयो ।

त्यस्तै, अतिथिद्वय ज्याख्व र कुसीले पनि उत्कृष्ट विद्यार्थीलाई मेडल प्रदान गर्नुभयो ।

प्राप्त जानकारीअनुसार प्रि-स्कूल तहमा २४४ जना विद्यार्थी अध्ययनरत छन् ।

**साम्राज्यवादीहरूको...**

हुने गरी बालेन सरकारले कार्यसूची पारित गऱ्यो । यो निरङ्कुशतातिरको बाटो हो । बालेन सरकारले निर्दलीय पञ्चायती शासनको बाटो समाउँदै छ । विद्यार्थी सङ्गठनहरूले पञ्चायतको निरङ्कुशताविरुद्ध लडेका थिए । यसकारण सरकारले खारेज गरे पनि राजनीतिक दलका सङ्गठन खारेज हुने छैनन् ।

**अमेरिकी युथ काउन्सिलमा भर्ना आह्वान !**

२०२६ अप्रिल ५ को दिन अमेरिकी राजदूतावासको युथ काउन्सिलले २०२६ समूहको लागि २० देखि ३० वर्षसम्मका नेपाली युवाहरूको भर्ना आह्वान गऱ्यो । युथ काउन्सिलले विगत १४ वर्षदेखि नेपाली युवाहरूमाफ गतिविधि गर्दै आएको छ । यो संस्थाले नेतृत्व विकास, सामाजिक सहभागिता र युवाहरूको क्षमता अभिवृद्धि गर्ने नाममा आफ्नो आज्ञापालक बनाउँदै छ । यो संस्थाले युवाहरूलाई सफल हुन, आफ्नो समुदायमा योगदान पुऱ्याउन, संरा अमेरिका-नेपालबिचको सम्बन्धलाई बलियो बनाउन मदत पुऱ्याउने भन्ने हल्ला चलाउँछ । यथार्थमा यस्ता कार्यक्रममार्फत संरा अमेरिकी प्रशासनले नेपालमा सांस्कृतिक र राजनीतिक प्रभाव विस्तार गरेर नेपालीलाई आफ्नो खटनपटनमा राख्न खोज्दै छ । बालेन सरकारले राजनीतिक दलका विद्यार्थी सङ्गठन खारेज गरेर अमेरिकी दूतावासको युथ काउन्सिललाई अगाडि बढाउन खोज्दै छ । नेपाली जनता सचेत हुनु जरुरी छ ।

**बालेन सरकार पनि वैदेशिक ऋणको चङ्गुलमा**

नेपालको सार्वजनिक ऋण २८ खर्ब रुपैयाँ नाघ्यो । प्रत्येक नेपालीको टाउकोमा औसत एकलाख रुपैयाँ ऋणको भार पुग्यो । २०८२ चैत २२ गते आइतबार बसेको मन्त्रिपरिषदको बैठकले विश्व बैङ्क र एसियाली विकास बैङ्कसँग करिब २८ अर्ब रुपैयाँ ऋण लिने सम्झौता अनुमोदन गऱ्यो । यो ऋण प्रशासनिक सुधार, डिजिटल प्रणाली, वित्तीय व्यवस्थापन र संस्थागत संरचनामा खर्च गर्ने भनिएको छ । चैत २४ गते मङ्गलबार फेरि अर्थमन्त्रालयअन्तर्गत वृहत्तर लुम्बिनी क्षेत्र विकास परियोजनाका लागि विश्व बैङ्कले प्रदान गर्ने ८ करोड ५० लाख अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय गऱ्यो । साम्राज्यवादीहरूको हतियारको रूपमा रहेका यी बैङ्कहरूबाट ऋण लिने सरकारको निर्णयले देशलाई नवउपनिवेशतर्फ धकेल्नेछ ।

नेपालमा सहकारी संस्था र बैङ्कमा जम्मा भएको रकम परिचालन हुन सकेको छैन । तरलता बढ्दो छ । सहकारीमा भएका रकमलाई परिचालन गरेर उत्पादनमुखी क्रियाकलापमा लगाउनुको सट्टा विदेशी ऋण लिएर देश चलाउन खोज्नु सरकारको आत्मसमर्पणवादी नीति हो ।

**नेपाली भूमिमा भारतीय रजगजः बालेन सरकार मौन !**

सन् २०१५ र सन् २०२० मा भारत र चीनले नेपाली भूमि लिपुलेक पासबाट व्यापार गर्ने सम्झौता गरेका थिए । त्यसमा नेपालकोतर्फबाट विरोध भएको थियो । २०८२ भदौ २ र ३ गते चिनिया विदेशमन्त्री वाङ यीले भारत भ्रमण गरे । त्यसबेला भारतीय समकक्षी एस जयशङ्करसँगको वार्तामा भारत-चीनबिच नेपाली भूमि लिपुलेकबाट पुन: सीमा व्यापार खोल्ने सहमति गरियो । भारतको प्रमुख समाचार एजेन्सी, प्रेस ट्रस्ट अफ इन्डियाले चीन-भारत व्यापार यस वर्ष पुन: सुरु गर्ने समाचार प्रकाशित गऱ्यो । भारत पिथौरागढका जिल्ला अधिकारी आशिष भटगाइँका अनुसार भारतको विदेश मन्त्रालयले नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) समेत जारी गऱ्यो । (Press Trust Of India, 2026 March 23)

काठमाडौँ महागरपालिकाको मेयर हुँदा बालेन साहले आफ्नो कार्यकक्षमा ग्रेटर नेपालको नक्सा राखेका थिए । तर, अहिले उनकै नेतृत्वमा सरकार छ । तर, नेपाल सरकार भारतीय विस्तारवादको यो कदमविरुद्ध चुँइक्क बोल्दैन । यसले 'जुन जोगी आए पनि कानै चिरिएका' भन्ने उखान चरितार्थ भएको नेपाली जनता गुनासो गर्दै छन् ।

*२०८२ चैत २९ गते*

# सवारी दुर्घटनासम्बन्धी कानुनी व्यवस्था, सिद्धान्त र व्यवहार – २



**रामप्रसाद प्रजापति**

### सवारी धनीलाई हुन सक्ने सजाय

दफा १६१ को उपदफा (५) मा भने सवारीधनीले वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई मानिस मर्न गएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दुई वर्षसम्म कैद सजाय हुने कानुनी व्यवस्था रहेको छ ।

त्यसैगरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२ ले सवारी दुर्घटनामा परी कुनै मानिस घाइते भएको छ । साधारण उपचारबाट उनको चोट निको नहुने देखिन्छ अथवा उनको कुनै मानव अङ्ग काम नलाग्ने, नचल्ने गरी क्षति भएको छ भने त्यस्तो अवस्थामा सवारी अङ्गभङ्गको मुद्दामा कारबाही हुने कानुनी व्यवस्था छ ।

### सवारी अङ्गभङ्ग

दफा १६२ ले सवारी दुर्घटना भई सवारीमा रहेको वा बाहिर जुनसुकै ठाउँमा बसेको मानिसको त्यस्तो दुर्घटनाको कारणबाट अङ्गभङ्ग भएमा त्यस्तो कार्य बदनियतसाथ गरेको भए सवारी चलाउने व्यक्तिलाई ३ वर्षदेखि १० वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ। त्यस्तो चोट वा खत निको भई काम लाग्ने भएमा पाँच हजार रूपैयाँ जरिवाना हुनेछ ।

चालक अनुमतिपत्र नभएको अवस्थामा पाँच हजार रूपैयाँ थप जरिवाना हुने व्यवस्था छ। चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिएमा सवारी धनी वा सवारी जिम्मा लिने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था दफा १६२ को उपदफा (३) मा रहेको पाइन्छ । उपदफा (३) को सवारी धनी वा सवारी जिम्मा लिनेलाई हुने सजाय अलि बढी हो कि ?

### व्यवहारमा सवारी ज्यान मुद्दा

सडक दुर्घटनामा परी कसैको ज्यान मरेकोमा सवारी ज्यान मुद्दाको अनुसन्धान र कारबाही हुन्छ । अनुसन्धान र मुद्दाको रोहबाट बाहेक अन्य तरिकाबाट सवारी चलाउने व्यक्तिले उन्मुक्ति पाउन सकिँदैन ।

यस सम्बन्धमा कान्तिपुर पब्लिकेशनका सञ्चालक कैलास सिरोहियाका छोराको ६१०० नं.को गाडी दुर्घटनालाई सुरुमा ढाकछोप गरे तापनि पछि प्रकाशमा आएको उदाहरण पर्याप्त छ ।

सामान्यतया सवारी साधन सडक दुर्घटनामा परी कसैको ज्यान मर्न गएको रहेछ भने जानीजानी गरेको अनुमान गर्न सकिन्न । सवारी चालकले आफ्नो बलबुट्टाले भ्याएसम्म जोगाउन खोज्दा खोज्दै आफ्नो काबु बाहिरको परिस्थिति परेर मात्रै दुर्घटना भएको हुन सक्ने अनुमान गर्न सकिन्छ ।

तर कहिलेकाहीँ सवारी चालकको सवारी चलाउँदा ध्यान नदिने, लापरबाहीपूर्वक सवारी हाँक्ने, सवारी साधनको उचित जाँच नगर्ने, सवारी चलाउँदा ट्राफिक नियमको पालना नगर्ने कारणबाट पनि सवारी दुर्घटना भएको हुनसक्छ ।

सामान्यतया सवारी दुर्घटनापछि तत्काल ट्राफिक प्रहरी पुग्ने र सडक दुर्घटना प्रतिवेदन तयार गर्ने गर्दछ । तर अधिकांश सडक दुर्घटना प्रतिवेदन वैज्ञानिक र तथ्यपरक नहुने, हचुवामा बनाउने, कुनै बेला त २/४ दिनपछि मात्रै प्रतिवेदन बनाउने (घाइते केही दिनपछि मात्रै मृत्यु भएको अवस्थामा) कारणले प्रतिवेदन विश्वसनीय नहुनुका साथै सवारी दुर्घटनाको कारण, अवस्था र कसुरदारको दोषका सम्बन्धमा धेरै कुराहरूको अभाव हुने गरेको देखिन्छ ।

कमजोर अनुसन्धान प्रतिवेदनले पक्कै पनि मुद्दालाई कमजोर बनाउँछ । सर्वसाधारणको आशङ्का बढ्नु स्वाभाविक हो कि कमजोर प्रतिवेदन बनाई सवारी चालकलाई छुटाउन ट्राफिक प्रहरी र अनुसन्धान अधिकृत (प्रहरी) को मिलेमत्तो भयो कि ?

कहिलेकाहीँ भने त्यस्तो हचुवा अनुसन्धान प्रतिवेदन तथा सडक दुर्घटना प्रतिवेदनले गर्दा निर्दोष तथा कम दोषी सवारी चालकले पनि अनाहकमा कडा सजाय भोग्न बाध्य हुनुपरेको छ ।

त्यसैले सवारी दुर्घटना हुनेबित्तिकै वैज्ञानिक रूपमा सडक दुर्घटना प्रतिवेदन तथा प्रतिवेदनमा वास्तविक घटना विवरण, घटना हुनुको कारण र दुर्घटना स्थलको वास्तविक चित्रण प्रस्टरूपमा उल्लेख हुनु जरुरी छ ।

सकेसम्म सीसीटीभी क्यामेराको रेकर्ड समावेश गर्नु राम्रो हुन्छ। तर कतिपय अनुसन्धान प्रतिवेदनहरू पेश गर्ने क्रममा अनुसन्धान अधिकृत तथा सरकारी वकिलको कार्यालयबाट त्यस प्रकारका वैज्ञानिक उपकरणबाट खिचिएका तथ्यपरक सबुद प्रमाणहरू पेश नै नगरिँदा न्यायिक फैसला नहुने गरेको पाइन्छ ।

अदालतबाट फैसला हुँदा कुनै पनि पक्षले आफूलाई अन्याय भएको महसुस गर्न पर्ने स्थिति उत्पन्न हुनु हुँदैन । पीडित पक्षले पनि न्याय पाएको र कसुरदारले पनि आफ्नो कसुरको मात्रा अनुसार सजाय पाई प्रायश्चित गर्न पाएको अनुभूति गर्न सक्ने फैसला हुनु जरुरी छ । जसका लागि सुरु सडक दुर्घटना प्रतिवेदन, घटनास्थल प्रकृति मुचुल्का, मौकाको बयान (रेकर्ड गर्न पाउने कानुनी व्यवस्था भए अझै राम्रो) सबुद प्रमाण, साक्षी प्रमाण, विभिन्न अन्य प्रतिवेदनहरू तथा अनुसन्धान प्रतिवेदन चुस्त दुरुस्त हुनु जरुरी छ ।

### आवागमन तथा ट्राफिक नियम पालना गर्नुपर्ने

त्यसैले ऐनको परिच्छेद ७ मा आवागमन नियन्त्रण शीर्षकमा विभिन्न ट्राफिक नियमको पालना गर्नुपर्ने कानुनी व्यवस्था गरेको पाइन्छ। जस्तो : सवारीको गति निर्धारण, सवारीको वजन, सवारीमा राखिने मानिस र मालसामानको हद, सवारी चलाउन प्रतिबन्ध लगाउन सक्ने, ट्राफिक सङ्केतको पालना गर्नुपर्ने, पार्किङ्ग स्थल र बस बिसौनी निर्धारण गर्ने, सवारीलाई खतरा हुने किसिमबाट राख्न नहुने, सवारीको अन्य भागमा मानिस राख्न नहुने, चालकलाई बाधा पुग्ने काम गर्न नहुने, आवागमनमा बाधा पार्न नहुने, सार्वजनिक स्थानमा खाल्टो खन्दा साङ्केतिक चिन्ह राख्नुपर्ने, सवारीमा साङ्केतिक चिन्ह राख्नुपर्ने, सवारीलाई मार्ग परिवर्तन गर्न र यात्रीलाई बन्धक बनाउन नहुने, दुर्घटनामा परेको सवारी र यात्रीको हानि-नोक्सानी गर्नु नहुने, सवारी चलाउँदा सुरक्षापेटी तथा हेल्मेट लगाउनुपर्ने, दुर्घटना भएमा चालकले उपचारको लागि तुरुन्त आवश्यक व्यवस्था गर्नुपर्ने, पैदल हिँड्ने मानिस सडक पेटी भएको ठाउँमा सडक पेटीबाट हिँड्नुपर्ने, निर्धारित ठाउँ (जेब्रा क्रसिङ्ग, आकासे पुल) बाट मात्र बाटो काट्नुपर्ने, पाल्तु पशुपन्छी छाड्न नहुने, चालकले आफ्नो अनुमतिपत्र अरूलाई दिन नहुने, मादक तथा लागु पदार्थ सेवन गरी सवारी चलाउन नहुने, राती सवारी चलाउँदा बत्ती बाल्नुपर्ने, अवस्था ठीक नभएको सवारी चलाउन नहुने, लापरवाहीसाथ सवारी चलाउन नहुने आदि व्यवस्था गरेको पाइन्छ ।

यी सवारी आवागमन तथा ट्राफिक नियमको उल्लङ्घनका कारणबाट पनि सवारी दुर्घटना हुने गरेको पाइन्छ । सबै सवारी दुर्घटना सवारी चालकको कारणबाट मात्रै नहुने रहेछ भन्ने कुरा उल्लिखित कानुनी व्यवस्थाबाट पनि बुझ्न सकिन्छ ।

यसरी सवारी चालकको कमजोरी वा गल्तीका कारण नभई सडकमा हिँड्ने बटुवाको कारण, सडक निर्माण गर्ने ठेकेदारको लापरबाहीका कारण, अर्को सवारी साधनका लापरबाहीका कारण वा अन्य तेस्रो पक्षको कारण सडक दुर्घटना हुँदा पनि सवारी चालकलाई बदनियतपूर्वक कसुरदार करार गरी फसाउन नहुने हो तर यस्तो अवस्थाको अन्त्य हुन सकेको छैन ।

### सवारी दुर्घटनाका सम्बन्धमा प्रचलित केही मिथ्याहरू : मिलापत्र भएमा मुद्दा नचल्ने

सवारी दुर्घटना भई कसैको ज्यान गएको छ वा कसैको अङ्गभङ्ग भएको छ तापनि पीडित पक्षसँग उपचार तथा क्षतिपूर्तिको कुरा मिलेपछि मुद्दा चल्दैन वा मुद्दै चले पनि थोरै सजाय हुने र तुरुन्तै थुनामुक्त हुने भन्ने गलत बुझाइ छ । यो भ्रम अर्थात् मिथ्या हो ।

सवारी दुर्घटना भई कसैको ज्यान गएको छ वा अङ्गभङ्ग भएको छ भने प्रचलित कानुनबमोजिम अनुसन्धान तथा कारवाही भई त्यसैबाट मात्रै मुद्दाको अन्तिम टुङ्गो लाग्ने हो ।

### ठूलो गाडीको गल्ती

सामान्यतया सर्वसाधारण तथा कहिलेकाहीँ अनुसन्धान अधिकृतहरूबाट पनि दुर्घटना हुँदा जहिल्यै पनि सानो गाडी वा मोटरसाइकलको गल्ती होइन, स्वतः ठूलो गाडी ट्रक तथा टिपरको गल्ती हुने मिथ्यापूर्ण बुझाइ राख्ने गरेको पाइन्छ ।

गल्ती सानो सवारी साधन, बटुवा, ठेकेदार तथा ठेकेदार कम्पनी, स्थानीय निकाय, सडक विभाग, नेपाल सरकार तथा सडक वरिपरि निर्माण सामग्री राखेर सवारी आवागमनलाई प्रभावित बनाउने जो सुकैको हुन सक्छ ।

यो विषयमा सम्बन्धित सबैको ध्यान जानु जरुरी हुनुका साथै प्रचलित कानुनमा समयानुकूल संशोधन तथा थप कानुनी व्यवस्था हुनु आवश्यक छ ।

### बीमा र क्षतिपूर्तिसम्बन्धी व्यवस्था

बिमा र क्षतिपूर्तिसम्बन्धी व्यवस्था पनि सडक दुर्घटनाका मुद्दाहरूमा एउटा महत्त्वपूर्ण पाटो हुने गरेको छ ।

सडक दुर्घटनामा परी घाइते हुनेको उपचारको लागि होस् वा अङ्गभङ्ग भएका पीडितको क्षतिपूर्तिको लागि अथवा सडक दुर्घटनामा परी मृत्यु हुने मृतकको किरिया खर्च तथा क्षतिपूर्तिको लागि बीमा एक महत्त्वपूर्ण पाटो हुने गरेको छ ।

सडक दुर्घटनासम्बन्धी मुद्दा मामिलामा बीमाबाट आउने रकमले सवारी धनीहरूलाई निक्कै ठूलो सहयोग मिल्ने गरेको देखिन्छ ।

बिमा नहुँदो हो त सवारीधनीहरूले आफ्नो सवारी-साधन बिक्री गरेर पनि उपचार, क्षतिपूति तिर्न नसक्ने अवस्था आउने देखिन्छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले तेस्रो पक्षको बीमा अनिवार्य गर्दा सवारी धनी तथा सवारी चालकहरू नै लाभान्वित हुने गरेको देखिन्छ ।

### प्राकृतिक प्रकोपबाट हुने सवारी दुर्घटना

गत भाद्रमा आएको बाढी पहिरोले सयौँ सर्वसाधारणको ज्यान लियो । त्यसमध्ये केही चालक तथा यात्रुहरूले पनि ज्यान गुमाउनुपर्‍यो ।

नारायणगढ मुग्लिन सडक खण्डको पहिरोमा परेका दुई वटा बसमा यात्रा गर्ने यात्रुहरू तथा झाक्री खोलाको बाढीले बगाएका गाडीहरूमा यात्रा गर्ने सर्वसाधारणहरूको चिर शान्तिको कामना गर्न सकिन्छ ।

ती मृतक तथा पीडित परिवारहरूले के सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम क्षतिपूर्ति पाउन सकिन्छ ? को बाट क्षतिपूर्तिको आशा राख्ने ? सवारी धनी तथा चालक जसको कुनै गल्ती, कमजोरी एवं दोष छैन ।

त्यसैले यस्तो प्रकारको दुर्घटना हुँदा यात्रु तथा मृतकहरूले न्याय पाउने कानुनी व्यवस्था हुनु आवश्यक देखिएको छ ।

### अन्त्यमा

सवारी दुर्घटनाबाट बर्सेनि पच्चीस सय/तीन हजार सर्वसाधारणले ज्यान गुमाउनुपरेको तथ्याङ्क नेपाल सरकारसँग छ। तर, सडक दुर्घटना न्यूनीकरण गर्ने सम्बन्धमा कुनै ठोस कार्यक्रम तथा योजना एवं सवारी तथा यातायात व्यवस्थासम्बन्धी कानुनमा हेरफेर, संशोधन तथा आवश्यक व्यवस्थाहरूको थपघट गर्न पहल भएको देखिँदैन ।

बर्सेनि हुने मृत्युको तथ्याङ्क जोड्दै जाँदा नेपालमा समय समयमा आउने गरेको भूकम्पबाट हुने मानवीय क्षतिभन्दा सवारी दुर्घटनाबाट हुने मानवीय क्षति धेरै बढी रहेको देखिन्छ ।

त्यसैले नेपाल सरकार, यातायात ब्यवसायी, सवारी धनी, चालक सहचालक, यात्रु तथा सर्वसाधारणलगायत सम्बन्धित सबैले सडक दुर्घटना न्यूनीकरण तथा क्षति न्यूनीकरण गर्ने सम्बन्धमा यशासक्य चाँडो पहलकदमी गर्नुपर्ने आवश्यकता छ ।

# देको मिवा इटापाके जग्गा एकीकरणबारे सकारात्मक पहल

भक्तपुर । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इटापाके जग्गा एकीकरण आयोजनामा देखिएका समस्या समाधानको लागि सकारात्मक पहल भइरहेको स्रोतले बताएको छ । स्थानीय जग्गाधनी तथा घरधनी उपभोक्ताहरूका जायज मागहरू सम्बोधन गर्दै जग्गा फिर्ता प्रक्रिया र भौतिक निर्माण कार्यले गति लिन थालेको छ ।

नगर प्रमुखको निर्देशनमा जनप्रतिनिधिहरू, उपभोक्ता समितिका प्रतिनिधि र आयोजनाका प्राविधिकहरूको टोलीले स्थानीय पीडित उपभोक्ताहरूको तर्फबाट सङ्घर्ष समितिका प्रतिनिधिहरूसँग चरणबद्ध छलफल गरिरहेको वडाध्यक्ष उकेश कवांले बताउनुभयो ।

उहाँले आयोजनाअन्तर्गत नगरकोट सडकसँग जोडिएका घर/जग्गाहरूको योगदान कटौती व्यवस्थापन, आयोजनापूर्व नगरपालिकाको नियमानुसार घर बनाएकाहरूलाई सहजीकरणलगायतका विषयमा सकारात्मक गृहकार्य भइरहेको र यी विषयमा जनभावनाबमोजिमको निर्णय हुने विश्वास व्यक्त गर्नुभयो ।

दुवै तर्फबाट जिम्मेवार व्यक्तिहरूको उपस्थितिमा छलफल भइरहेको र जनप्रतिनिधिहरू सधैँभरि जनताकै साथमा रहेको कारण वास्तविक समस्या पहिचान गर्दै न्यायोचित मागहरूको सम्बोधन हुने उहाँको भनाइ थियो ।

भनपा २ नं वडाका वडाध्यक्ष हरिप्रसाद बासुकलाले आयोजनाको दुईतिहाइभन्दा बढी क्षेत्र आफ्नो वडामा पर्ने भएकोले वडावासी जनताको समस्यालाई नजिकबाट विश्लेषण गर्दै समस्या समाधानका लागि सरोकारवालाहरूसँग छलफल गरिरहेको बताउनुभयो । आयोजनामा देखिएका केही प्राविधिक त्रुटीहरू सच्याउने कार्य पनि भइरहेको उहाँले बताउनुभयो । आफ्नो परिवारको नाममा रहेको जग्गाको सम्बन्धमा जनताबाट प्रश्न उठेकोमा आफू संवेदनशील रहेको उल्लेख गर्दै उहाँले आयोजनाले आफ्नो परिवारलाई जग्गा फिर्ता गर्न छुट्याएको जग्गा अझैसम्म फिर्ता नलिएको स्पष्ट पार्नुभयो ।

उहाँले समाजको समग्र हितको लागि समर्पित भई जनसेवामा लागिरहँदा कहिल्यै पनि व्यक्तिगत स्वार्थमा नपरेको प्रस्ट पार्दै आफ्नो परिवारले जनताको गुनासोलाई ध्यानमा राखेर आयोजनाको नियमानुसार योगदान कटौती गरेर जहाँ जग्गा दिए पनि आफूहरूलाई स्वीकार्य हुने बताउनुभयो । उहाँले परिवारको तर्फबाट आयोजनामा यससम्बन्धी लिखित निवेदन दिइसकेको स्पष्ट पार्नुभयो ।

स्थानीय उपभोक्ताहरूकै सहमतिमा उक्त क्षेत्रमा व्यवस्थित आवास क्षेत्र बनाउने उद्देश्यसहित उपत्यका नगर विकास प्राधिकरणसँग स्वीकृति लिएर भक्तपुर नगरपालिकाले उपभोक्ता समितिमार्फत आयोजना सञ्चालन गरेको आयोजना प्रमुख ओमहरि था श्रेष्ठले बताउनुभयो ।

भनपा वडा नं २ र ६ मा फैलिएको उक्त आयोजनाको कूल क्षेत्रफल १६५४ रोपनी ११ आना २ पैसा २ दाममध्ये २३ प्रतिशत (३८२ रोपनी) जग्गा बाटो निर्माणमा, ७४ रोपनी (४.५ प्रतिशत) जग्गा खुला क्षेत्रमा ११९८ रोपनी (७२.४३ प्रतिशत) जग्गा जग्गाधनी तथा घरधनीहरूलाई फिर्ता दिने आयोजना प्रमुखले बताउनुभयो ।

उहाँले फिर्ता दिने जग्गामध्ये जग्गालाई थपेर दिने जग्गा करिब २६ रोपनी र घरलाई थपेर दिने जग्गा करिब १६ रोपनी रहेको जानकारी दिनुभयो । बिक्रीको लागि ३५ रोपनी मात्र जग्गा छुट्याइएको उल्लेख गर्दै उहाँले सोही बिक्री जग्गाबाट प्राप्त हुने पैसाबाटै आयोजनाको सम्पूर्ण खर्च व्यवस्थापन गर्नुपर्ने हुँदा स्थानीय जनतालाई यसबारे प्रस्ट जानकारी दिइरहेको बताउनुभयो ।

आयोजना सञ्चालनको लागि भक्तपुर नगरपालिकालगायत विभिन्न निकाय तथा शिक्षण संस्थाबाट ऋण लिएको चर्चा गर्दै उहाँले जनताको टाउकोमा ऋणको भार नपार्न नगरपालिकाले सहयोग गरिरहेको बताउनुभयो ।

आयोजनाका अर्का प्राविधिक दयाप्रसाद न्याईच्याईले नगरपालिकाले यसअघि सञ्चालन गरेका आवास योजनाहरूको तुलनामा देको मिवा आयोजनामा उपभोक्ता जनताको तर्फबाट कम मात्र योगदान कटौती गरेको बताउनुभयो ।

उहाँले लिबाली आवास योजनामा भौतिक पूर्वाधार निर्माणबापत ८ प्रतिशत र तुमचो दुगुरे आयोजनामा ६ प्रतिशत योगदान कटौती गरेको उल्लेख गर्दै देको मिवा आयोजनामा जग्गा कित्तामा ३ प्रतिशत र घरले चर्चेको कित्तामा १.५ प्रतिशतमात्र योगदान कटौती गरी स्थानीयलाई सहज बनाएको बताउनुभयो । आयोजनाअन्तर्गत नगरकोट सडकसँग जोडिएको कित्तामा पूर्वाधारबापत योगदान कटौती नगरिएको उहाँले बताउनुभयो ।

# नयाँ वर्षको शुभकामनासँगै ‘सय वर्षपछिको भक्तपुर’ को चर्चा

भक्तपुर । बिस्का जात्रा तथा नयाँ वर्ष २०८३ को अवसरमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा शुभकामना आदानप्रदान कार्यक्रम चैत २९ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख तथा कलेज व्यवस्थापन समितिका उपाध्यक्ष रजनी जोशीले ‘सय वर्षपछिको भक्तपुर’ प्रकाशनको चर्चा गर्दै उक्त पुस्तकलाई भक्तपुरका सम्पदाहरूको पुनर्निर्माण तथा पुनःसंरचनाका लागि मार्गदर्शकका रूपमा उपयोग गरिएको उल्लेख गर्नुभयो ।

उहाँले यातायात इन्जिनियरिङ, संरचनात्मक इन्जिनियरिङ, भूकम्प इन्जिनियरिङ, ट्राफिक इन्जिनियरिङ तथा सामाजिक इन्जिनियरिङ जस्ता क्षेत्रहरूको महत्त्वमा जोड दिँदै बिस्का जात्राको सांस्कृतिक आवश्यकता औँल्याउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. सुजन माकले नयाँ वर्षलाई दिन र रातको सन्तुलनको प्रतीकका रूपमा मनाइने र यसले समन्वय तथा नवप्रेरणाको सन्देश दिने बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवालले व्यक्तिमुखी छलफल कहिलेकाहीँ प्रतिकूल हुन सक्ने भन्दै संस्थागत विकासतर्फ केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो । उहाँले चुनौतीहरूलाई अवसरको रूपमा स्वीकार गर्दै गुणस्तर अभिवृद्धिमा अग्रसर हुन प्रेरित गर्नुभयो ।

उपप्राचार्य डा. सुवेगमान बिजुक्छेँ र ई. रत्नशोभा प्रजापतिलगायतका विभाग तथा शाखा प्रमुखहरूले २०८२ सालमा हासिल भएका प्रमुख उपलब्धि तथा प्रगतिबारे जानकारी दिनुभयो ।

# इरानको दसबुँदे शान्ति प्रस्तावबारे

✍ कार्लोस रोन, विजय प्रसाद



अमेरिका इरानसँग दुई हप्ता युद्धविराम गर्न सहमत भयो । अमेरिका र इजरायलले थापरेको अवैध युद्ध टुङ्गिएको छैन, बरु केही दिनलाई रोकिएको छ । युद्धविराम सम्झौतामा लेबननलाई समेटिने पनि उल्लेख छ । तथापि, इजरायलले लेबननमाथि आक्रमण कायम राखेको छ । युद्धविराम घोषणा हुनुभन्दा ठिक अगाडि इरानी अधिकारीहरूले दश-बुँदे शान्ति योजना जारी गरे । यो योजनाले युद्धविरामको मात्र कुरा गर्दैन । यो योजना पश्चिम एसियाभरि शान्ति स्थापना गर्ने एउटा भव्य प्रस्ताव हो । (अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी योजनालाई 'सम्झौता वार्तामा छलफलयोग्य खेस्रा' भने तर केही घन्टामै यसलाई 'रद्दीको टोकरीमा' फाले ।) अमेरिकाले पन्ध्र-बुँदे योजना खेस्रा गरेको देखिन्छ । तर, यसलाई सार्वजनिक गरिएको छैन ।

(मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिम लगायत) इरानको योजनालाई धेरै देशले स्वागत गरेका छन् । किनभने, यसले अब हुने युद्धलाई मात्र ध्यानमा राखेको छैन, बरु शान्तिको बलियो आधार निर्माण गर्ने प्रयास गरेको छ । इरानले अघि सारेको प्रस्तावका सबै बुँदालाई केलाएपछि मात्र यसको महत्त्व बुझ्न सकिन्छ । यहाँ हामी सोही प्रस्तावको मूल्याङ्कन गर्नेछौँ ।

**आक्रमण नगर्ने ग्यारेन्टी**

सिद्धान्ततः अमेरिकाले आइन्दा आक्रमण नगर्ने ग्यारेन्टी दिनुपर्छ (बुँदा १), अमेरिकी सेना पश्चिम एसिया क्षेत्रबाट फिर्ता जानुपर्छ (बुँदा ९) र लेबननको पराक्रमी इस्लामी प्रतिरोधविरुद्ध भइरहेको युद्धका साथै सम्पूर्ण मोर्चामा चलिरहेको युद्ध रोक्नुपर्छ (बुँदा १०) ।

पश्चिम एसियामा दशकौँसम्म अमेरिकाले प्रत्यक्ष वा परोक्ष रूपमा चलखेल गर्दै आएको छ । यो चलखेललाई आक्रामक भन्न जरुरी छ । दोस्रो विश्वयुद्धपछि अमेरिकाले इरानमा हस्तक्षेप गर्‍यो । सन् १९५३ मा 'अपरेसन एजक्स' नामक खुफिया कारबाही गरेर उसले इरानका जननिर्वाचित राष्ट्रपति मोहम्मद मोस्सादेगलाई सत्ताबाट हटायो । त्यसपछि सन् १९५८ मा लेबननमा १४ हजार सैनिक प्रयोग गरी 'अपरेसन ब्लुब्याट' नामक कारबाही गर्‍यो । यिनै हस्तक्षेपले पछि युद्धको रूपमा झाङ्गिँदै गए । सन् २००३ मा इराक र सन् २०२५ मा इरानविरुद्ध अमेरिकाले अवैध युद्ध चलायो ।

पश्चिम एसियामा अमेरिकाका कम्तीमा २० सैन्य अखडा छन् । यी अखडा आकारले ठुला छन् भने यिनमा स्थायी पल्टन तैनाथ गरिएको छ । अमेरिकाको विश्वासपात्र इजरायलले दशकौँदेखि प्यालेस्टिनमा कब्जा जमाउँदै आएको छ भने लेबननविरुद्ध अवैध युद्ध गर्दै आएको छ । सन् १९७८ मा इजरायलले लेबननविरुद्ध 'अपरेसन लिटानी' सञ्चालन गरेको थियो । आज (सन् २०२५-२६) लेबननविरुद्ध उसले 'अपरेसन रोरिङ लायन' चलाउँदै छ । यो कारबाहीमा परेर हजारौँ सर्वसाधारणले ज्यान गुमाएका छन् । पाँच जनामा एकजना लेबननी अहिले थातथलो छोड्न विवश छ । (हालै अप्रिल ८ गते इजरायलले राजधानी बेरुतको एक घना बस्तीमा ठुलो आकारमा बमबारी गरेको छ ।)

यो पृष्ठभूमिमा राखेर हेर्दा इरानको अनाक्रमणको प्रस्ताव एकदम तर्कसङ्गत देखिन्छ । यो प्रस्तावलाई संयुक्त राष्ट्रसङ्घ र खाडी सहकार्य परिषद् (GCC, साउदी अरबलगायत ६ खाडी मुलुकको सङ्गठन) मार्फत संस्थागत गर्न सकिन्छ । छलफलमा मूलतः तीन कुरा छन् । पहिलो, राष्ट्रसङ्घलगायत निकायहरूले सन् १९५३ पछि इरानविरुद्ध चलाइँदै आएको हिंसा बन्द गर्ने ग्यारेन्टी दिनुपर्छ । दोस्रो, इजरायलले तत्काल युद्धविराम गर्नुपर्छ र लेबननको सीमाबाट इजरायली फौज पछि हटाउनुपर्छ । (युद्धविराममा मध्यस्थता गरेको पाकिस्तानले युद्धविराममा लेबनन पनि संलग्न भएको खुलेरै बताएको छ ।) तेस्रो, विदेशी सैन्य अखडाहरू हटाउनका लागि 'GCC' देशहरूले सङ्कल्प प्रस्ताव पारित गर्नुपर्छ । (साउदी अरबले सन् २००३ मै आफ्नो भूभागबाट अमेरिकी सैन्य अखडा हटाइसकेको छ ।)

इरानले राखेको शान्ति प्रस्तावमा साउदी अरबले रुचि देखाएको छ । सन् २००१ यता साउदी अरब र इरानबिच पाँच चरणमा प्रत्यक्ष वार्ता भएका छन् । त्यसको मध्यस्थता इराकले गरेको थियो । सम्झौता हुन नसकेपछि सन् २०२३ मा चीनको मध्यस्थतामा नयाँ चरणको वार्ता सुरु भएको थियो । सन् २०२३ मार्चमा साउदी र इरानबिच पेइचिङ सम्झौता भयो । त्यसबाट एउटा बृहत सम्झौताको ढोका खुल्यो । त्यसपछि यी दुई देशबिच प्यालेस्टिनीहरूविरुद्ध इजरायलले चलाएको जातिसंहारलाई लिएर गम्भीर छलफल चलिरह्यो । इरानमाथि अमेरिका र इजरायलले गरेको बमबारीविरुद्ध सन् २०२५ को जून महिनामा साउदी अरबले आक्रमणकारी दुवै देशको निन्दा गर्‍यो । इरानविरुद्ध पछिल्ला आक्रमणहरूमा साउदीले अमेरिकालाई आफ्नो हवाइ क्षेत्र वा विमानस्थल प्रयोग गर्न नदिने बतायो । साउदी अरब खाडी मुलुकहरूमध्ये अति महत्त्वपूर्ण देश हो । यसको पछिल्लो व्यवहारमा विस्तृत शान्ति सम्झौता गर्ने मनसाय झल्किन्छ ।

**क्षतिपूर्तिको दाबी**

आक्रमणकारीहरूले इरानमा गरिएको विनाशको क्षतिपूर्ति तिर्नुपर्छ (बुँदा ८) र यसको लागि इरानले हर्मुज जल-नाकामा नियन्त्रण जारी राख्नेछ (बुँदा २) ।

अमेरिकाले पश्चिम एसियामा कम्तीमा (इराक र इरानविरुद्ध) दुई अवैध युद्ध गर्‍यो । तर, उसले यी दुवै देशमा मच्चाएको विनाशको क्षतिपूर्ति तिरेको छैन । यो आफैमा आश्चर्यजनक छ । किनभने, सन् १९९० मा इराकले कुवेतलाई आक्रमण गरेबापत क्षतिपूर्ति तिरेको थियो । त्यो कब्जापछि राष्ट्रसङ्घले 'राष्ट्रसङ्घीय क्षतिपूर्ति आयोग' गठन गरेको थियो । त्यो आयोगले तेलबाट आउने राजस्वबाट इराकले कुवेतलाई क्षतिपूर्ति तिरे-नतिरेको अनुगमन गरेको थियो । क्षतिपूर्ति दाबी गरेका १५ लाख पीडितलाई इराकले ५२.४ अर्ब डलर तिरेको थियो । इराकले सन् २०२२ जनवरीमा यो क्षतिपूर्ति तिरेर भ्याएको थियो । इरानको सन्दर्भमा सोही नजीरका आधारमा राष्ट्रसङ्घीय आयोगले काम गर्न सक्छ । अमेरिकाविरुद्ध इरानले गर्ने दाबीलाई पनि यसरी नै टुङ्गोमा पुर्‍यो । निश्चय नै, यसको लागि राष्ट्रसङ्घको सुरक्षा परिषद्ले सङ्कल्प प्रस्ताव पारित गर्नुपर्छ र अमेरिकाले त्यसमा भिटो वा विशेषाधिकार प्रयोग गर्नेछ ।

यसलाई पृष्ठभूमि बनाएर हेर्दा हर्मुज जल-नाकामा इरानले नियन्त्रण गर्ने र त्यहाँबाट बाहिरिने प्रत्येक तेलका ट्याङकरबाट क्षतिपूर्ति उठाउने दाबी सार्थक देखिन्छ । अझ इरान र ओमनले पश्चिमा देशहरूमा जाने ट्याङ्करहरूसँग बढी शुल्क लियो र गरिब देशहरूमा जाने देशसँग कम शुल्क लियो भने बुद्धिमानी हुनेछ । किनभने, युद्धको क्षतिपूर्तिबापत संसारका सबै देशलाई दण्ड दिनु तर्कसङ्गत हुनेछैन । राष्ट्रसङ्घको एउटा कानुन छ - 'समुद्रसम्बन्धी अभिसन्धि - १९८२' । यसले 'कुनै मुलुकको सार्वभौमिकताभित्र पर्ने पानीलाई आवश्यकता परेको बेला सबैले आवागमन गर्न मिल्ने गरी उच्च समुद्रको रूपमा व्यवहार गर्नुपर्छ' भन्छ । अमेरिकाले यो अभिसन्धिलाई स्वीकार गरेको छैन । इरानले पनि यसमा निरन्तर आपत्ति जनाउँदै आएको छ ।

**इरानविरुद्ध नाकाबन्दी हटाउनुपर्ने**

युरेनियम सम्बर्द्धन गर्ने इरानको अधिकार स्वीकार गर्नुपर्छ (बुँदा ३), सम्पूर्ण प्राथमिक प्रतिबन्ध हटाउनुपर्छ (बुँदा ४), सम्पूर्ण द्वितीय प्रतिबन्ध हटाउनुपर्छ (बुँदा ५), राष्ट्रसङ्घको सुरक्षा परिषद्ले (इरानविरुद्ध) पारित गरेका सम्पूर्ण सङ्कल्प प्रस्ताव खारेज गर्नुपर्छ (बुँदा ६) र आणविक ऊर्जा एजेन्सीले पारित गरेका प्रस्तावहरू खारेज गर्नुपर्छ (बुँदा ७) ।

आणविक हतियार बनाउने इरानको कुनै कार्यक्रम छैन । सन् २०२५ जूनमा अमेरिका र इजरायलले आक्रमण गरेपछि जनउपभोगका लागि चलाइएको आणविक ऊर्जा कार्यक्रम पनि बिथोलिएको छ । तसर्थ, अमेरिकाले इरानको घाँटी थिच्ने गरी जबर्जस्ती लादेको समग्र कानुनी जालोलाई हटाउनुपर्छ भनी माग गर्नु स्वाभाविक हो । यो जालोका कारण इरानले सामान्य व्यवसायिक गतिविधि गर्न पाएको छैन; यसले इरानी सम्पत्तिलाई रोक्का गरेको छ; यसले इरानका विकास आयोजनाहरू बिथोलेको छ । दोस्रो थरीका अवैध प्रतिबन्धका साथै सम्पूर्ण प्रतिबन्धहरू हटाएपछि र राष्ट्रसङ्घका प्रस्तावहरू खारेज गरेपछि इरानले चाहे अनुसार विश्वका सबै देशसँग स्वस्थ आर्थिक सम्बन्ध सुचारु गर्न सक्छ । उसले युरोपसँग पनि सम्बन्ध बनाउन सक्छ किनभने अहिले युरोपलाई इरानी ऊर्जाको एकदम खाँचो छ । माथिका सबै प्रतिबन्ध हटाएको स्थितिमा अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (IAEA) ले पनि इरानको आणविक ऊर्जा कार्यक्रमसम्बन्धी प्रस्तावहरू पुन:मूल्याङ्कन गर्नुपर्नेछ । उसले ऊर्जा आपूर्ति र स्वास्थ्य उपचारको प्रयोजनले युरेनियम सम्बर्द्धन गर्ने इरानको हक कायम गर्नुपर्छ । तेहरानलाई दबाब दिने मनसायले यसलाई मूल मुद्दा बनाइनु हुँदैन ।

इरानले अघि सारेका माथिका तीन विषयवस्तुमध्ये कुनै पनि निरर्थक छैनन् । वास्तवमा यी प्रस्तावमा पूर्ण प्रतिबद्धता जनाएको खण्डमा पश्चिम एसिया क्षेत्रमा स्थिरता आउन सक्छ । लगातार युद्ध गर्दै पश्चिम एसियाबाट खोसिएको स्थिरता पुनः बहाल हुन सक्छ । इरानको प्रस्तावबारे सरोकारवालाहरूबिच गम्भीर छलफल हुन जरुरी छ । ट्रम्पको अमेरिका र नेतन्याहुको इजरायलले सम्झौता वार्तामा इरानले अघि सारेको हातमा हात मिलाउने छैनन् । (नेतन्याहु लेबननमा बमबारी रोक्न चाहँदैनन् ।) तर, विश्वले यसमा इरानसँग हात मिलाउनुपर्छ ।

*(कार्लोस रोन भेनेजुयलाका मन्त्री हुन् । विजय प्रसाद भारतका इतिहासकार, सम्पादक र पत्रकार हुन् ।)*

*स्रोत : एमआर अनलाइन । गणेश*

# मार्क्सको 'स्पिसिज बिइङ' के हो ?

✍ डेनिस टालोन




कार्ल मार्क्सले 'स्पिसिज बिइङ' (species-being) को अवधारणा अघि सार्नुभयो । यसले मानिस र पृथ्वीको सम्बन्ध बुझ्न सहयोग गर्छ । 'स्पिसिज बिइङ' लाई नबुझी यो सम्बन्ध बुझ्न सकिन्न ।

"एउटा पशुले आफू र आफ्ना बालबच्चालाई तत्काल चाहिने चीज मात्र उत्पादन गर्छ । यसले एकतर्फी उत्पादन गर्छ । तर, मान्छेले चौतर्फी ढङ्गले उत्पादन गर्छ ।... मान्छेले सौन्दर्यका लागि पनि वस्तु पैदा गर्छ ।"

मलाई मानव जातिको 'वास्तविक स्वभाव' (true nature) बारे गफिन उति रुचि लाग्दैन । 'मानव स्वभाव' बारे गरिने दाबी वाहियात हो । हामी यी दाबीलाई प्रमाणित गर्न सक्दैनौँ । सके पनि हामी विकसित (evolve) हुँदै जाँदा त्यो 'स्वभाव' फेरिँदै जान्छ । मानिसहरू 'हामी 'स्वभाव' ले नै लोभी हुन्छौँ' भन्छन् । लौ यो दाबी सही भयो रे । तब पनि मानव अस्तित्व कायम राख्न हामीले त्यो 'स्वभाव' लाई बदल्नुपर्छ । यस्ता दाबीहरूभन्दा बरु मलाई मार्क्सको विचार गजब लाग्छ । उहाँले 'स्पिसिज बिइङ' को अवधारणा अघि सार्नुभयो । यसको जग भौतिकवादी छ । कुरा यति मात्र छैन । पर्यावरणलाई पनि समेट्ने हुनाले मलाई यो विचार रोचक लाग्छ ।

'स्पिसिज बिइङ' भनेको के हो त ? मार्क्सको विचारमा मानिसको मूल (essence) कुनै जड 'स्वभाव' होइन, बरु एक अन्तरनिर्भरता हो । यही अन्तरसम्बन्धले हाम्रो जैविक जीवन तय गर्छ । १ हामीले खानुपर्छ, सुत्नुपर्छ र बाँच्नलाई न्यानोपन चाहिन्छ । त्यही भएर हामी प्रकृतिका अंश हौँ । हामी प्रकृतिभन्दा माथि पनि होइनौँ, तल पनि होइनौँ । बरु हामी प्रकृतिमै छौँ; प्रकृतिकै हौँ । यो दोहोरो सम्बन्ध हो । (खेतीपाती आदिमार्फत) जमिनलाई बदल्दै गर्दा हामीले आफूलाई पनि बदल्छौँ । बाँच्नका लागि हामीले प्रकृतिसँग अन्तरक्रिया गर्नैपर्छ । हाम्रा भौतिक आवश्यकता छन् । हामी यी आवश्यकता परिपूर्ति गर्ने उपाय सोच्छौँ । त्यसपछि प्राकृतिक स्रोतसाधनबाट आफूलाई आवश्यक चीजबीज तयार गर्छौं । प्रक्रिया पूरा हुन्छ । यो प्रक्रियालाई हामी 'उत्पादन' भन्छौँ । (हामीले प्रकृतिमा उत्पादन गर्छौं, जवाफमा प्रकृतिले हामीलाई एक सामाजिक प्रणालीको रूपमा उत्पादन गर्छ ।) अर्को भाषामा भन्नुपर्दा प्रकृतिले हामीलाई सामाजिक रूपमा पुनरुत्पादन गर्छ । यही हो मूल-सत्य; यही हो 'स्पिसिज बिइङ' । यो अवधारणा कुनै अलौकिक वा आदर्शवादी जगमा उभिएको छैन । सत्य वा न्यायको कसी यहाँ काम लाग्दैन । बरु यो अवधारणा भौतिक यथार्थको जगमा आधारित छ । यहाँ हाम्रो अस्तित्वको सवाल मात्र छैन । बरु योभन्दा धेरै गहिराइमा जान्छ 'स्पिसिज बिइङ' को अवधारणा ।

मार्क्सले तर्क गर्नुभयो - हामी उत्पादनबारे सोच्छौँ, योजना बनाउँछौँ र योजना अनुसार काम गर्छौं । यसले नै मानिसलाई अन्य पशुहरूबाट अलग बनाउँछ । पशुहरूले केवल बाँच्नका लागि एकतर्फी उत्पादन गर्छन् ।२ मानिसले एकतर्फी र चौतर्फी उत्पादन गर्छ; आवश्यकता र आनन्दका लागि उत्पादन गर्छ । उत्पादन गर्दै गर्दा मानिसले वस्तुको पुनरुत्पादन मात्र गर्दैन । उसले समग्र समाज र प्रकृति जगतलाई पनि पुनरुत्पादन गर्छ । यो अविरल आदानप्रदानलाई मार्क्सले 'सामाजिक मेटाबोलिज्म' भन्नुभयो । यो एक भौतिक प्रक्रिया हो । यसमा मानिस र प्राकृतिले एकअर्कालाई उत्पादन र पुनरुत्पादन गरिरहन्छन् । उत्पादनको सार्वभौम क्षमता हो यो । यसले मानिस र प्रकृति दुवैलाई पुनरुत्पादन गरिरहन्छ । एक सुसङ्गत 'सामाजिक मेटाबोलिज्म' (social metabolism) यसरी नै चल्छ ।

यो 'मेटाबोलिक सम्बन्ध' उत्पादनभन्दा पनि गहिरो छ । मार्क्सको विचारमा एक अजैविक वस्तुको रूपमा प्रकृतिले जैविक आवश्यकता मात्र परिपूर्ति गर्दैन । प्रकृतिको छाप कला, विज्ञान र संस्कृतिमार्फत हाम्रो चेतनामा पर्छ । प्राकृतिक जगतसँग हाम्रा इन्द्रीयहरूको

**बाँकी पृष्ठ ७ मा**

# अमेरिकाभन्दा बढी प्रजातान्त्रिक छ क्युवा

✍ निकोस मोटास




पछिल्लोपल्ट अमेरिकाको ट्रम्प सरकार क्युबाप्रति आक्रामक रूपमा प्रस्तुत भएको छ। उसले आर्थिक प्रतिबन्ध, राजनीतिक दबाब र खुला वैचारिक आक्रमण तीव्र र कसिलो पारेको छ। पुन: एकपल्ट यी दुई देशबिचको मूलभूत अन्तर्विरोध छताछुल्ल भएको छ।

अमेरिकाले आफूलाई 'प्रजातन्त्रको विश्वव्यापी मोडल' भनी दाबी गर्न छोडेको छैन। यही 'मोडल' ले अहिले एक सानो समाजवादी टापुलाई लगातार धाकधम्की दिँदै छ। यो संयोग होइन। यसको अलि गहिरो अर्थ छ। यहाँ 'प्रजातन्त्र' को मात्र सवाल छैन। बरु, समाजलाई व्यवस्थापन गर्ने दुई मौलिक तरिकाको कुरा छ।

यतिबेला क्युबाले बलियो आर्थिक प्रतिबन्ध र अस्थिरता मच्चाउने नियोजित प्रयासको सामना गर्दै छ। एउटा सरल प्रश्न उठ्छ - के क्युवा साँच्चै 'अप्रजातान्त्रिक' हो त ? किन उसलाई लगातार आक्रमण गरिन्छ, एक्ल्याइन्छ र उसको चरित्रहत्या गरिन्छ ? अमेरिकाले क्युवाविरुद्ध जोडतोडका साथ यी हत्कण्डा अपनाइरहँदा यिनले स्वयम् अमेरिकाबारे चाहिँ के भन्छन् त ?

जवाफ अलि पेचिलो छ। यहाँ हामी प्रजातन्त्र छ वा छैन भनी चर्चा गरिरहेका छैनौँ। बरु, प्रजातन्त्रका दुई विपरीत अवधारणाबारे सोच्दै छौँ। एउटा प्रजातन्त्र छ, जसका जरा पुँजीको सत्तामा गढेको छ। अर्को प्रजातन्त्र छ, जसले पुँजीभन्दा पर्तिर गएर राजनीतिलाई व्यवस्थित पार्ने प्रयत्न गर्छ।

छलफल यहाँबाट सुरु गर्न सकिन्छ। प्रजातन्त्र भनेको राज्यका कर्मकाण्डी निकायहरूको विषय होइन। बरु यो वास्तविक सामाजिक सम्बन्धमा फस्टाउनुपर्छ। प्रजातन्त्रको निर्णायक प्रश्न एकदम सजिलो छ - कसले शासन गर्छ, केकस्तो परिस्थितिबिच शासन गर्छ र कसको हितमा शासन गर्छ ?

अमेरिकामा कागतमा त राजनीतिक अधिकार छ। तर, समाजमा त्यसले काम गर्दैन। अमेरिकी समाजमा चरम असमानता छ। आर्थिक रूपमा एकदम धनकुवेरहरूको एउटा समूह छ। त्यसले अर्थतन्त्रका सबै क्षेत्रमा नियन्त्रण जमाएको छ। उनीहरूको प्रभाव अर्थतन्त्रमा मात्र सीमित छैन। राजनीतिक निर्णयलाई उनीहरूले सिधै प्रभावित गर्छन्। 'गिलेन्स र पेज' ले यसबारे एउटा प्रख्यात अध्ययन गरेका थिए। उनीको निष्कर्ष थियो - धनकुवेरहरूको प्राथमिकता बहुमत जनताको स्वार्थभन्दा फरक पर्न गयो भने परिणाम धनकुवेरको पक्षमा जान्छ, उनीहरूको हितमा नीति निर्माण गरिन्छ।

यसलाई सरल शब्दमा भन्ने हो भने - अमेरिकी प्रजातन्त्रमा बहुमत जनता सहभागी त हुन्छन्, तर निर्णय तिनले गर्दैनन्।

अमेरिकाको प्रशासनिक संरचनाले यो यथार्थलाई झन् तेजिलो पार्छ। अमेरिकामा 'इलेक्टोरल कलेज' को बन्दोवस्त छ। यो बन्दोवस्तबाट जनताले भोट नहालेको मान्छे पनि निर्वाचित हुन सक्छ। अमेरिकाको दुई दलीय प्रणालीको खुब तारिफ हुन्छ। तर, यसले राजनीतिक जीवनलाई दुई दलभित्र सीमित गर्छ। यी दुई दलले मुखले फरक कुरा गरे पनि एउटै अर्थ व्यवस्थाको वकालत गर्छन्।

यो वास्तविक छनोट नै होइन। यो छनोटमा सुरुमै लक्ष्मणरेखा कोरिएको छ।

अमेरिकी प्रजातन्त्रमा निर्णायक भूमिका खेल्ने दोस्रो तत्त्व हो - पैसा। सन् २०२० को राष्ट्रपति निर्वाचनमा जम्मा १४ अर्ब डलर खर्च भयो। सन् २०१० मा दक्षिणपन्थी संस्था 'सिटिजन युनाइटेड' ले हालेको रिट मुद्दामा सर्वोच्चले उसैको पक्षमा फैसला गऱ्यो। यसपछि शासनमा बसिरहेका ठुला कम्पनी र धनकुवेरहरूले निर्वाचनमा कुनै सीमा नराखी मनलाग्दी पैसा खर्च गर्न पाए।

व्यवहारमा यसले जे जन्माउँछ, त्यो एकदम स्पष्ट छ। राजनीतिक प्रतिस्पर्धा पैसाको प्रतिस्पर्धामा बदलिन्छ। जहाँ पैसा बढी हुन्छ, आँखा त्यही जान्छ। जहाँ पैसा हुन्छ, सम्भावना त्यसैको बढ्छ। जहाँ पैसा हुन्छ, सफलता त्यसमै निर्भर हुन्छ।

कसको कुरा सुन्ने भन्ने कुरा पैसाले निर्णय गर्ने भएपछि कसले शासन गर्ने भन्ने कुरा पनि पैसाले नै तय गर्छ।

यसले हामीलाई एउटा चल्तीको मिथकसम्म पुऱ्याउँछ। प्रजातन्त्रको बचाउमा यो दाबी गर्ने चलन छ - 'प्रत्येक व्यक्ति आफ्नो मर्जीको मालिक हो, ऊ छनोट गर्न स्वतन्त्र छ'। गहिराइमा गएर जाँच्ने हो भने यो तर्क बकम्फुसे साबित हुनेछ।

**के छनोट गर्न स्वतन्त्र छ ऊ ? कस्तो सर्तमा ऊ स्वतन्त्र हुन्छ ?**

अमेरिकामा लाखौँ मानिसहरू दिनकै आर्थिक असुरक्षामा डुबिरहेका हुन्छन्। अधिकांश अमेरिकी जनताले आकस्मिक खर्च धान्न सक्दैनन्। भैपरी पर्दा थोरै अतिरिक्त खर्च धान्न पनि हम्मेहम्मे पर्छ। यस्तो दबाबबिच उनीहरू जागिर वा अन्य क्षेत्रमा 'छनोट गर्न स्वतन्त्र छन्' भन्न मिल्दैन।

एक अमेरिकी कामदार जीवन धान्नका निम्ति हात लागेको जागिर स्वीकार्न बाध्य छ। यसलाई स्वतन्त्रता उपभोग गरिरहेको छ भन्न मिल्दैन। खासमा ऊ आवश्यकता अनुसार नाचिरहेको हुन्छ।

यही रीत काम गर्ने ठाउँमा पनि देखिन्छ। 'स्वेच्छापूर्ण रोजगारी' को मोडल चल्तीमा छ। यो मोडलमा मालिकले जुनसुकै बेला मजदुरलाई जागिरबाट निकाल्न सक्छ।

कुनै पनि सम्बन्धमा एउटा पक्षले अर्को पक्ष बाँच्ने कि नबाँच्ने भन्ने निर्णय गर्छ भने त्यसलाई वास्तविक समानता भन्न मिल्दैन।

स्वास्थ्य क्षेत्रमा पनि यही कथा दोहोरिन्छ। रोजगारी, आमदानी र पैसा तिर्न सक्नेहरूले मात्र स्वास्थ्य सेवा लिन सक्छन्। लाखौँ अमेरिकीहरूले पैसा नहुँदा रोग लुकाएर बस्छन्। लाखौँ अमेरिकीहरूले उपचार गर्नका लागि जीवनभर ऋणको भार बोक्छन्। पैसा दिएर किन्नुपर्ने अधिकार खासमा अधिकार नै होइन। व्यक्तिको वर्गले प्रभावित गर्ने पहुँच मात्र हो।

अमेरिकामा शिक्षाको हाल पनि यस्तै छ। पढ्ने बेला लिएको ऋण तिर्ने मेलोमा विद्यार्थीले अनेक बाध्यकारी निर्णय लिँदै जान्छ। कुन जागिर खाने, कहाँ बस्ने, जिन्दगी कसरी कटाउने भन्ने योजनाहरू बनाउँदा उसले दशपल्ट सोच्छ।

ऋणले व्यक्तिको बोझ मात्र बढाउँदैन, निर्णय लिने स्वतन्त्रता पनि साँघुरो पार्छ।

अमेरिकाको निर्वाचन प्रणालीमा पनि यो कुरा झल्किन्छ। 'इलेक्टोरल कलेज' जनताको अभिमतमाथि हावी हुन सक्छ। उम्मेदवारी दिनका लागि पैसाको तगारो हालिएको हुन्छ। मतदाताहरूसामु अघि सारिने विकल्प वा उम्मेदवारहरूलाई सुरुमै पैसाले छानिसकेको हुन्छ।

मत दिने बेलासम्म जनताको छनोट गर्ने अधिकार साँघुरो भइसकेको हुन्छ।

यसरी असीमित स्वतन्त्रतायुक्त प्रणाली बन्दैन। बरु यस्तो प्रणाली बन्छ, जहाँ छनोट गर्ने हकलाई आर्थिक सत्ताले संरचनाबद्ध गर्छ, पहिल्यै छान्छ र सीमित पार्छ। हेर्दा प्रजातन्त्र देखिन्छ तर निर्णय पैसा हुनेहरूले गर्छन्। रूपमा प्रजातन्त्र हुन्छ तर सार अन्तै तय हुन्छ।

यही बिन्दुमा समाजवादी क्युवाले मूलभूत रूपमै अलग मोडल पस्किन्छ।

क्युवामा चुनावी प्रणाली पैसामुक्त छ। यो प्रणालीमा पैसाले कुनै भूमिका खेल्न सक्दैन। जानाजान यस्तो प्रणाली निर्माण गरिएको हो। टोल-टोलमा हुने भेलाहरूबाट उम्मेदवार मनोनित गरिन्छ। यो प्रक्रियामा पार्टी, चन्दादाता वा मिडियाबाजीले काम गर्दैन।

क्युवामा राजनीतिलाई बजारु बनाइँदैन। उम्मेदवारको बजारीकरण हुँदैन। उम्मेदवारहरू लगानीका लागि लड्ने माल बन्दैनन्।

यो प्रणालीलाई ठोस संरचनाले बलियो बनाएको छ। एउटा उदाहरण हेरौँ। सन् २०१९ मा क्युवामा नयाँ संविधान बन्यो। त्यसका लागि देशभरि लाखौँ बैठक डाकेर लाखौँ नागरिकहरूसँग परामर्श लिइएको थियो। पुरानो संविधानमा बदल्नुपर्ने प्रावधानको विषयमा व्यापक छलफल गरिएको थियो। सोही अनुसार संविधान निर्माण गरिएको थियो।

यसरी कानुन कसैले बकस दिन्न, बरु जनसहभागिताले तय गर्छ।

क्युवामा ट्रेड युनियन, टोल समिति, महिला तथा विद्यार्थी सङ्गठनहरू छन्। यस्ता जनसङ्गठनलाई योजनाबद्ध रूपमा जनताको जीवनसँग जोडिएको छ।

जनसहभागिता आकस्मिक होइन, बरु आफैमा एक व्यवस्थित प्रणाली हो।

अमेरिका र क्युवाका प्रणालीमा धेरै मिहीन भिन्नता छन्। यी भिन्नता संरचनागत हुन्।

अमेरिकामा धनराशिले राजनीति तय गर्छ। क्युवामा उम्मेदवारले निजी धन लगाउन पाउदैन। अमेरिकामा उम्मेदवार चन्दादाता र पार्टी सङ्गठनमा निर्भर हुन्छ।

क्युवामा स्थानीय भेलाबाट नागरिकहरूले सिधै उम्मेदवार नियुक्त गर्छन्।

अमेरिकामा प्रचारबाजीमा मिडिया र बजारीकरणले ठुलो भूमिका खेल्छन्।

क्युवामा सबै उम्मेदवारको हैसियत समान हुन्छ। यी भिन्नतालाई एउटै मोडल मान्न सकिन्न। बरु सिद्धान्तत: यी एकदम फरक मोडल हुन्। जनसहभागिताले नै यी मोडलको भेद बताउँछ। क्युवाली निर्वाचनमा मतदाताको उच्च सहभागिता हुन्छ। किनभने, जनताले यसलाई अर्थपूर्ण प्रक्रिया मान्छन्। अमेरिकी निर्वाचनमा थोरै मतदाता सहभागी हुन्छन्। किनभने, निर्वाचनले धेरै फरक नपर्ने आम जनताको बुझाइ छ।

आफ्नो भूमिकाले अर्थ राखेको देख्दा जनता पनि सहभागी हुन्छन्। जहाँ यस्तो देखिन्न, जनता सहभागी हुँदैनन्।

अमेरिका र क्युवाको सबैभन्दा आधारभूत भिन्नता अर्थ व्यवस्था हो; समाजको वास्तविक जग हो। अमेरिकामा निजी स्वामित्व नै सर्वेसर्वा हो। त्यसले आर्थिक सत्ता र राजनीतिक प्रभावलाई आपसमा जोड्छ।

क्युवामा सामाजिक स्वामित्वले त्यो सम्बन्धलाई बदल्छ।

धनले राजनीतिलाई दबाउन छोडेपछि राजनीतिले फरक चरित्र लिन थाल्छ।

फिडेल क्यास्त्रोले यो अहम् प्रश्नलाई एकदम सरल बनाउनुभएको थियो। उहाँले भन्नुभयो, "धनीमानीहरूले नै सबथोक तय गर्ने कस्तो प्रजातन्त्र हो यो ?"

अमेरिकी मोडलका पक्षधरहरूले यो प्रश्नको जवाफ कहिल्यै दिन सकेनन्।

आलोचकहरूले क्युवामा 'प्रतिस्पर्धी दलहरू छैनन्' भन्ने गर्छन्। तर, धेरै दल हुँदैमा प्रजातन्त्र हुन्छ भन्ने छैन्। धेरै दल भएर पनि तिनीहरू सबै एउटै आर्थिक सीमाभित्र चल्छन् भने त्यसबाट स्वत:स्फूर्त प्रजातन्त्र उम्रिन्न।

धेरै विकल्प छन् र ती सबै एकै दिशामा लम्किन्छन् भने धेरै स्वतन्त्रता छ भन्न मिल्दैन।

क्युवाली प्रणालीले यो भाष्यको खण्डन गर्छ। बरु त्यसले सङ्गठित सहभागितामार्फत प्रतिनिधित्व सुनिश्चित गर्छ।

यो अभाव होइन। बरु राजनीतिलाई आकार दिने अलग्गै तरिका हो।

दैनिक अनुभवलाई हेरे यो भिन्नता झन् प्रस्ट हुन्छ। अमेरिकामा राजनीतिक जीवन भनेकै चार-पाँच वर्षमा आउने आवधिक निर्वाचन हो। यी निर्वाचनलाई मिडियाले चलाउने भाष्य र चुनावी प्रचार अभियानले आकार दिन्छन्।

क्युवामा जनसहभागितालाई स्थानीय भेला, कार्यस्थल र विभिन्न सङ्गठनमा विस्तार गरिएको छ।

अमेरिकी प्रणालीले रमितेहरू जन्माउँछ। क्युवाली प्रणालीले जीवन्त सहभागीहरू जन्माउने प्रयास गर्छ।

यस्तो भिन्नता समान परिस्थितिबिच फस्टाएको होइन। दुवै देशको बाह्य परिस्थिति बेग्लै छ। क्युवाले आर्थिक नाकाबन्दी र दबाब झेल्न थालेको ६० वर्ष नाघिसकेको छ। तथापि, उसले सार्वजनिक जीवनमा पैसाको दबदबा नचल्ने राजनीतिक प्रणाली कायम राखेको छ।

यसको विपरीत अमेरिकाको राजनीतिक प्रक्रिया चन्दामा निर्भर छ। राजनीतिक प्रणाली टिकाउन निजी क्षेत्रले लगातार पैसा पेल्नुपर्छ। क्युवाली प्रणाली पुँजीको भूमिकालाई सीमित गर्न सङ्घर्षरत छ। अमेरिकी प्रणाली पुँजीको टेकोबिना काम गर्न सक्दैन।

अब स्वभाविक निष्कर्षतर्फ लागौँ। वास्तविक अर्थमा अमेरिकामा प्रजातन्त्र छैन। कानुनमा समानता छ तर समाजमा असमानता छ। जनसहभागिता छ तर त्यो निर्णायक होइन। त्यहाँ राजनीतिलाई आर्थिक सत्ताले सीमित पारिदिन्छ।

यसको विपरीत छ क्युवा। अनेक समस्या हुँदाहुँदै पनि ऊ विपरीत दिशामा हिँड्दै छ। उसले धनसम्पत्तिको प्रभावलाई सीमित गर्दै राजनीतिलाई व्यवस्थित पार्न सकिन्छ भन्ने उदाहरण पेश गरेको छ। उसले जनसहभागिता बढाएको छ र समाजको आवश्यकता हेरेर नीति निर्माण गर्छ।

जनताको आवाजभन्दा पैसाको स्वर चर्को हुने प्रणालीलाई प्रजातान्त्रिक भन्न मिल्दैन। अरू कसैले छानिसकेका विकल्पहरूबाट एउटालाई रोज्नु कुनै रोजाइ होइन। राजनीतिक छनोटलाई यसरी खुम्च्याउने प्रणाली स्वतन्त्र हुन सक्दैन। यो त जनमत व्यवस्थापन हो।

जहाँ पुँजीले आफ्नो निर्णायक शक्ति गुमाउँछ, त्यहीँबाट वास्तविक प्रजातन्त्र सुरु हुन्छ। समाजवादी देश क्युवाले पुँजीको घेरा नाघ्ने प्रयत्न गर्दै छ। क्युवा दबाबमा छ; उसका आफ्नै अन्तर्विरोधहरू छन्; तर व्यवहारमा उसले पुँजीको सीमा छिचोलिरहेको छ।

*(निकोस मोटास 'इन डिफेन्स अफ कम्युनिज्म' का प्रधान सम्पादक हुन्।*
*स्रोत : एमआर अनलाइन। सम्यक)*

---

**मार्क्सको....**

विशेष लगाव छ। यहीबाट हाम्रो बौद्धिक र सौन्दर्यात्मक अस्तित्व जन्मिन्छ। प्राकृतिक स्रोतसाधनलाई प्राय: अर्थतन्त्रको कच्चा पदार्थको रूपमा हेरिन्छ। खासमा यो मानव चेतनाको भौतिक आधार हो। प्रकृति (उत्पादनका लागि चाहिने) 'औजारहरूको बाक्सा' होइन। यो भौतिक र सामाजिक अस्तित्वका लागि चाहिने भौतिक आवश्यकता हो। हामी सोभ्रो तालले औद्योगिक युग अघिको जस्तो प्रकृतिमा फर्किन सक्दैनौँ। तर, हामीले प्रकृतिसँग एकदम सचेत र सुसङ्गत सम्बन्ध कायम गर्ने अर्थतन्त्र निर्माण गर्न सक्छौँ।

पुँजीवादी समाजमा आएर हामीले प्रकृतिसँगको हाम्रो घनिष्टता घटाएका छौँ; प्रकृतिसँगको आदानप्रदानलाई सामान्य जीवन निर्वाहमा सीमित गरेका छौँ। यसले गर्दा प्रकृति एक औजारमा फेरिएको छ; उत्पादनका लागि चाहिने कच्चा पदार्थमा फेरिएको छ। त्यही भएर मार्क्सले अलगाव (alienation) को चर्चा गर्दा त्यसको पर्यावरणीय आयाम पनि सँगै आउँछ। मानिस र प्रकृतिबिच सन्तुलन बिगार्नुको अर्थ मानिसलाई उसको आधारभूत अस्तित्व-चेतबाट अलग्याउनु पनि हो। समाजशास्त्री जोन बेलमी फोस्टरले यो अलग्याइलाई 'मेटाबोलिक फाटो' (metabolic rift) भन्नुभयो। समाज र प्रकृति दुवैलाई जोगाइराख्ने विशेष प्राकृतिक चक्रहरू छन्। यी चक्रमा आउने प्रणालीगत फाटो नै 'मेटाबोलिक फाटो' हो। यो फाटो पुँजीवादले पैदा गरेको हो। मेटाबोलिज्म (प्रकृति र मानिसको) आवश्यकता अनुरूप चल्नुपर्ने थियो। तर, पुँजीवादले यसलाई नाफाको दास बनायो।

स्पिसिज-विइङ (प्राचीन समाजको) कुनै नोस्टाल्जिक अवधारणा होइन। यो त भौतिकवादी अवधारणा हो। हामीले प्रकृतिलाई कसरी महत्त्व दिन्छौँ भन्ने प्रश्न गर्दैन यसले। यसले त हामीले प्रकृतिसँगको आफ्नो सम्बन्धलाई कसरी व्यवस्थित गर्छौँ भन्ने प्रश्न गर्छ। पुँजीवादी समाजमा यो व्यवस्थापन नाफाको वरिपरि घुम्छ। नाफाको यो खेलले 'मेटाबोलिक फाटो' ल्याउँछ। यसको विकल्प एक सचेत र सुसङ्गत 'मेटाबोलिज्म' हो। यसको लागि हामीले एउटा सत्यलाई स्वीकार्नै पर्छ - हामी प्राकृतिक जगतभन्दा माथि छैनौँ, बरु भौतिक रूपमा हामी प्रकृतिका अंश हौँ।

**टिपोट :**

१. स्पिसिज विइङलाई 'परमार्थ' को रूपमा बुझ्नुहुँदैन। पुँजीवादले 'मानव मूल-सत्यको अटल आदर्श' लाई उल्लङ्घन गर्छ, त्यसैले यो गलत छ भन्ने निष्कर्षमा पुग्नुहुँदैन। 'जर्मन विचारधारा' नामक कृति लेखेपछि मार्क्सले विशुद्ध दार्शनिक लेखनीबाट आफूलाई टाढै राख्नुभयो। तर, भौतिकवादी सुझबुझ उहाँका पछिका रचनामा पनि कायम रहयो। त्यो भौतिकवादी सुझबुझ भन्छ - मानव जातिलाई तिनका आवश्यकता र प्रकृतिसँगको तिनको मेटाबोलिक सम्बन्धले परिभाषित गर्छ। स्पिसिज-विइङलाई दार्शनिक आदर्शका रूपमा हेर्ने होइन। बरु यसलाई मेटाबोलिक सम्बन्धका आधारमा भौतिकवादी दृष्टिले हेर्नुपर्छ। त्यसरी हेर्दा मार्क्सले जसरी पुँजीवादको गहिरो आलोचना गर्नुभयो, त्यो पूर्णत: तर्कसङ्गत देखिन्छ। यसको अर्थ - पुँजीवाद आदर्शको बाटोमा नहिँडेको हुनाले 'मेटाबोलिक फाटो' आउने होइन। बरु पुँजीवादले आफ्नो अस्तित्वका प्राकृतिक आधारहरूलाई भौतिक रूपमै बिथोल्ने हुनाले 'मेटाबोलिक फाटो' आउँछ। (अर्को शब्दमा भन्नुपर्दा 'यो पुँजीवादको चाहनाको कुरा होइन, बरु पुँजीवादले अर्को चाहना राख्नै सक्दैन'।)

२. यो पूर्णत: सत्य होइन भन्ने आजभोलि प्रमाणित भएको छ।

# जनता राजनीतिक रूपमा सचेत नभएसम्म देशमा आमूल परिवर्तन नहुने



भक्तपुर, २७ चैत । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा ख्वप कलेज अफ लको आयोजनामा आ.व.२०८२/८३ मा नयाँ भर्ना भएका विद्यार्थीहरूलाई स्वागत तथा नयाँ वर्ष र बिस्का जात्राको शुभकामना आदानप्रदान कार्यक्रम एवं पुरस्कार वितरण कार्यक्रम बिहीबार सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि बिजुक्छेँले जनता राजनीतिक रूपमा सचेत नभएसम्म देशमा आमूल परिवर्तन नहुने उल्लेख गर्दै पुँजीवादी देशका अधिकांश सांसद फौजदारी मुद्दामा परेका बताउनुभयो । समाज राम्रो बनाउन सांसदहरू इमानदार र असल हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले आलोचना राम्रो होस् भन्ने हेतुले गर्ने हो; आलोचनाबाट कोही पनि भाग्न हुँदैन भन्नुभयो ।

उहाँले इमानदार व्यक्तिले मात्र खराब व्यक्तिहरूलाई नियन्त्रण गर्न सक्छ; तसर्थ देशलाई इमानदार वकिलको आवश्यकता छ भन्नुभयो ।

वरिष्ठ अधिवक्ता डा. ध्रुवलाल श्रेष्ठले फागुनको निर्वाचनपश्चात् आएको जनादेशले देश र जनताको निम्ति काम गर्नुपर्छ भन्नुभयो ।

कानुनी क्षेत्र भनेको कानुनी तहमा बसेर खाका तयार गरेर अगाडि बढ्ने उल्लेख गर्दै उहाँले कानुनको विद्यार्थीमा सहज न्याय दिनको लागि खुला वकालत गर्नसक्ने क्षमता र प्रतिबद्धता हुनुपर्छ भन्नुभयो ।

ख्वप कलेज अफ लका सञ्चालक समिति अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कानुन मानिसको जीवनको महत्त्वपूर्ण पक्ष हो; कानुन नबुझ्नेले दुःख पाउँछ भन्नुभयो । उहाँले नेपालमा सुशासन कायम गर्न र भ्रष्टाचार नियन्त्रणको लागि थुप्रै कानुन बनेको भए तापनि पूर्णरूपमा कार्यान्वयन नभएकोले समस्या भएको बताउनुभयो ।

उहाँले नपाद्वारा सञ्चालित ७ वटा शैक्षिक संस्थामा ७५०० भन्दा बढी विद्यार्थीलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको चर्चा गर्दै आगामी दिनमा शैक्षिक गन्तव्य बनाउन प्रयासरत रहेको बताउनुभयो ।

उहाँले कानुन पढ्ने विद्यार्थीले सबैको हितको निम्ति कानुन निर्माण गर्न प्रतिबद्ध हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा कलेजका प्राचार्य अनिता जधारीले ख्वप कलेज अफ लमा अध्ययनरत विद्यार्थीहरूले शिक्षा डिग्री प्राप्त गर्ने माध्यमको रूपमा मात्र होइन समाज परिवर्तन गर्ने माध्यमको रूपमा लिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा ख्वप माविका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य, शिक्षक डा. आस्था दाहाल र विद्यार्थी प्रवीण बयरले कानुनको महत्त्वबारे आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

# सञ्चालकहरू सहकारीको रकम चलाउन सचेत हुनुपर्ने




भक्तपुर । सहकारी समाज नेपालको आयोजनामा बिस्का जात्रा र नयाँ वर्ष २०८३ को शुभकामना कार्यक्रम चैत २८ गते सम्पन्न भयो ।

कार्यक्रमका भक्तपुर नगरपालिकामा प्रमुख सुनिल प्रजापतिले सहकारीको रकम सहकारी सिद्धान्तविपरीत सञ्चालकहरूले निजी सम्पत्तिको रूपमा प्रयोग गर्दा केही सहकारीमा समस्या देखिएको हो भन्नुभयो ।

शासक दलका नेताहरूको संरक्षणमा रहेका व्यक्तिहरूले कानुनविपरीत कार्य गर्दा पनि कुनै कारबाही नगरिएको हुँदा सहकारी ठगहरूको मनोबल बढेको हो, सहकारीको पैसा हिनामिना गर्ने जो सुकै भए पनि कानुनबमोजिम कडा कारबाही गर्नुपर्छ भन्नुभयो ।

उहाँले सरकारले विश्व बैङ्क, एसियाली विकास बैङ्क वा अन्तर्राष्ट्रिय मुद्राकोषसँग ऋण लिनुभन्दा सहकारीको बैङ्कमा रहेको खर्बौं रूपैयाँ परिचालन गरेको भए देशको निम्ति फाइदा हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "अहिले सरकारको अर्थतन्त्र ध्वस्त हुँदै छ । ऋण नलिई चालु पुँजी पनि नपुग्ने अवस्था छ । २९ खर्ब ऋण पुग्दा समेत सरकारले फेरि २८ अर्ब ऋण लिँदै छ । यो राम्रो सङ्केत होइन ।"

कृष्णगोविन्द लाखाजुको सभापतित्वमा भएको कार्यक्रममा राधेश्याम सुवालले सहकारी समाज नेपालको विधान तयारीबारे हालसम्म भएको कार्य विवरण प्रस्तुत गर्नुभएको थियो ।

# बिस्का जात्रा सबैको साझा सम्पत्ति




भक्तपुर, २७ चैत । प्रसिद्ध बिस्का जात्रा तथा नयाँ वर्ष २०८३ को अवसरमा शुभकामना र्‍याली तथा सभा टौमढीमा सभा सम्पन्न भयो । कार्यक्रमका सभापति तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बिस्का जात्रा साझा जात्रा भएको उल्लेख गर्दै यो ८ रात ९ दिनसम्म चल्ने जानकारी दिनुभयो । उहाँले भक्तपुर सम्पदाको सहर भएकोले विश्वको ध्यान आकर्षित भएको र पर्यटकहरूको उल्लेखनीय उपस्थितिले जात्रालाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउँदै लगेको बताउनुभयो । सभ्य र भव्य रूपमा जात्रा मनाउन सबै पक्षबिच समन्वय भइरहेको र दुर्घटनाप्रति सचेत हुन आग्रह गर्नुभयो । कार्यक्रममा उपप्रमुख रजनी जोशीले बिस्का जात्रा सबैको साझा सम्पत्ति भएको उल्लेख गर्दै पुर्खाले सिर्जेको सम्पदाको संरक्षण गर्नु सबैको कर्तव्य भएको बताउनुभयो ।

उहाँले जात्राको सांस्कृतिक महत्त्व उल्लेख गर्दै रथ निर्माणमा संलग्न व्यक्तिहरूलाई इन्जिनियरिङ सरहको दक्षता भएको उल्लेख गर्नुभयो । प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बिस्का जात्रालाई हर्षोल्लासपूर्ण र शान्तिपूर्ण रूपमा मनाउन आग्रह गर्नुभयो । उहाँले भक्तपुरको जात्रा आकर्षणको केन्द्र बनेको उल्लेख गर्दै गलत गतिविधि निरुत्साहित गर्नुपर्ने र विशेषगरी युवाहरू जिम्मेवार बन्नुपर्नेमा जोड दिनुभयो ।

सुरक्षाका लागि आवश्यक तयारी भइरहेको जानकारी दिँदै रथमा जुत्ता-चप्पल लगाएर नचढ्न र धार्मिक आस्थाको सम्मान गर्न आग्रहका साथ उहाँले ढुङ्गामुढा गर्ने व्यक्तिलाई प्रहरीको निगरानीमा राखिने चेतावनी पनि दिनुभयो ।

गुठी संस्थान कार्यालय भक्तपुरका आनन्द कर्मचार्यले जात्रालाई अझ उल्लासमय बनाउनुपर्नेमा जोड दिँदै तयारीका विषयमा जानकारी गराउनुभयो ।

उहाँले रथ तान्ने कार्य दिउँसो ३ बजेबाट सुरु हुने जानकारी दिनुभयो ।

कार्यक्रममा वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले जात्रा पर्व मात्र नभई उत्सव भएको उल्लेख गर्दै भाइचाराको भावना अभिवृद्धि गर्ने माध्यमका रूपमा जात्राको महत्त्व रहेको बताउनुभयो । टोल-टोल र गल्ली-गल्लीमा समेत जात्रा मनाइने भएकाले यसको विशेष महत्त्व रहेको धारणा पनि व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

# स्वदेशी सामानको उत्पादन वृद्धिमा जोड दिनुपर्ने

भक्तपुर । सिकर्मी सङ्घ भक्तपुरको आयोजनामा बिस्का जात्रा तथा नव वर्षको उपलक्ष्यमा चैत २६ गते शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले विदेशी ऋण बढेसँगै महँगी पनि बढ्दै आउने उल्लेख गर्दै आफ्नो देशमा वस्तु र सेवा उत्पादन बढेमा महँगी नियन्त्रण हुने बताउनुभयो ।

नेपालको नदीनालाबाट नेपालीकै लगानीमा जलविद्युत् उत्पादन गरिएको भए ग्यास र तेल आयातमा भइरहेको व्यापार घाटा नबढ्ने र महँगी पनि नियन्त्रण हुने सचिव सुवालको भनाइ हो ।

उहाँले मूल्यवृद्धिसँगै गरिब झन्झन् गरिब हुने भएकोले सरकार जनताप्रति जवाफदेही भएर गरिबी नियन्त्रण गर्नेतर्फ लाग्नु जरुरी छ भन्नुभयो ।

मूल्यवृद्धि र आर्थिक सङ्कट रोक्न अर्थतन्त्र मुठीभर व्यक्तिको कब्जामा होइन समाजको नेतृत्वमा सञ्चालन हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले यस्तो समाज व्यवस्थामा मात्र महँगी नियन्त्रण र करमुक्त हुने बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "पुराना सरकारहरूले देशलाई विदेशी ऋणको जालमा फसाएको विरोध गरी चुनाव जितेको नयाँ सरकारले १२ दिनमा देशमा थप ४० अर्ब १९ करोड रूपैयाँ बढाएको सार्वजनिक भयो । सरकारको नेतृत्व गर्नेहरूले नयाँ सरकार हुनु भनेको निरन्तरताबाट विच्छेद नभएको बताएको सार्वजनिक भयो । पुरानै काम गर्ने भए नयाँ सरकार बन्नुको के अर्थ होला ?"

"संरा अमेरिकाको ट्रम्प प्रशासनले इरानमा सैन्य हमला र आक्रमण गरेको कारण इन्धन अभाव हुँदा नयाँ सरकारले सार्वजनिक यातायात क्षेत्रमा यात्रु बोक्नेको १६.७१ प्रतिशत, सामान बोक्नेको पहाडमा २१ प्रतिशत र तराईमा १५.७५ प्रतिशत भाडा बढाएको सार्वजनिक भयो । यसले उपभोग्य सामानको मूल्य बढ्ने छ, गरिबी पनि बढ्ने भयो । ट्रम्पको युद्धको विरोधमा इरानी जनताको देशभक्ति नेपाली जनताले पनि सिक्नु आवश्यक छ," उहाँले भन्नुभयो ।

सचिव सुवालले सबै पेसाका कामदारवर्गबिच देश र विदेशको वर्तमान अवस्थाबारे छलफल चालू राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले देशको समस्या समाधान गर्ने पहिलो प्राथमिकता सरकारको हुने भएकोले विभिन्न बाधाहरूको निक्र्योल गरेर सरकारले व्यवस्था गर्न सकिने भएकोले नेपालमा स्वदेशी सामानलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला अध्यक्ष विष्णुराम दुमरुले नेपाल सरकारले विदेशी ऋणभन्दा पनि आफ्नै देशको स्रोत साधनलाई प्राथमिकतामा राखेर काम गर्न सकेको खण्डमा मूल्यवृद्धि नियन्त्रण हुने बताउनुभयो ।

कार्यक्रमका सभापति विक्रम ढुकुछुले विभिन्न फर्निचरका कच्चा पदार्थ सामानको १० प्रतिशतदेखि ५० प्रतिशतसम्म मूल्यवृद्धि भएकोले उत्पादित फर्निचरका सामानमा पनि १० देखि १५ प्रतिशतसम्म मूल्यवृद्धि गर्नुपर्ने विचार राख्नुभयो ।

कार्यक्रममा सङ्घका उपाध्यक्ष रामसुन्दर सुवाल, सचिव पुण्यराम न्हुछे, कार्य समिति सदस्य विष्णुसुन्दर देशेमरु र सदस्य रोशन बागले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभयो ।

# सुसंस्कृत नयाँ पुस्ता आजको आवश्यकता

भक्तपुर । चाँगुनारायण प्रगतिशील सांस्कृतिक समाजले चैत २८ गते नेपाल संवत् ११४६ को अवसरमा आयोजित न्हुदँया भिन्तुना र्‍यालीका सहयोगीहरूलाई धन्यवाद ज्ञापन तथा कदरपत्र वितरण कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले मानव समाज विकासको सुरु सुरुमा गुफाका भित्तामा चित्र लेखेर लेखन सुरु गरेको चर्चा गर्दै सांस्कृतिक गतिविधिले नयाँ पुस्तालाई सुसंस्कृत बनाउन सहयोग पुऱ्याउने उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "अमेरिकाले दोस्रो विश्व युद्धमा जापानको हिरोसिमा र नागासाकीमा बम खसालेर संसारलाई डर देखाएको हो । अमेरिकाले इरानको सभ्यता नष्ट गरेर ढुङ्गेयुगमा पुऱ्याउने धम्की दिएपछि इरानी जनता आफ्नो देशको झन्डा बोकेर बिजुली उत्पादन गर्ने आणविक प्लान्ट, पुललगायतका भौतिक संरचना संरक्षण गर्न सडकमा ओर्लिएर देशभक्तिपूर्ण भूमिका निर्वाह गर्नुभएको हो । यसबाट नेपाली जनताले पनि सिक्नु आवश्यक छ ।"

सचिव सुवालले भन्नुभयो, "संरा अमेरिकाले सार्वभौम देश भेनेजुयलाका राष्ट्रपति मडुरो दम्पतीलाई अपहरण गऱ्यो । लिबिया र इराकमा पनि त्यहीँका मान्छेलाई उक्साएर मुअम्मर गद्दाफी र सद्दाम हुसेनको प्रशासन उल्टायो । यतिखेर इरानले ट्रम्प प्रशासनलाई जवाफ दिँदै छ । नेपाली जनता सचेत हुनु आवश्यक छ ।"

नेपाल मजदुर किसान पार्टी चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजूले चाँगुनारायण प्रगतिशील सांस्कृतिक समाजको गतिविधिबाट चाँगुका जनतामा नेपालभाषा, संस्कृति र आफ्नो सम्पदाप्रति चासो बढेको उल्लेख गर्दै मौलिक सांस्कृतिक वाद्यवादन जगेर्ना गर्न चाँगुका जनता सचेत हुनु जरुरी रहेको बताउनुभयो ।

उहाँले सरकारले दिएको दुई दिनको बिदाले जनताको शिक्षा-स्वास्थ्यमा गम्भीर असर पर्ने बताउनुभयो ।

चाँगुनारायण प्रगतिशील सांस्कृतिक समाजका पूर्वअध्यक्ष मीनबहादुर बाटाले संस्कृति जगेर्नाका साथै देशको सार्वभौमिकता रक्षा गर्ने विषयलाई पनि नेपाली जनताले निरन्तर उठाउनु जरुरी रहेको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष रामकृष्ण लिगलको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टी चानपा ५, छालिङका अध्यक्ष रत्नबहादुर ह्यौंमिखा, सूर्यबहादुर फोजू र सानुमाया लागेजूले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा विभिन्न दाफा भजन समूह र सहयोगीहरूलाई कदरपत्र वितरण गरिएको थियो ।

# कडा नियन्त्रणले बालबच्चाको प्रतिभा कुण्ठित हुन सक्ने




भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले केटाकेटीहरूलाई कडा नियन्त्रणमा राखेर हुर्काउन नहुने बताउनुभएको छ ।

उहाँले उक्त विचार स्थानीय लिबालीस्थित ख्वप्रिङ इङ्लिस एकेडेमीको २६ औं वार्षिकोत्सवको उपलक्ष्यमा चैत २६ गते आयोजित विशेष समारोहमा व्यक्त गर्नुभएको हो ।

सम्बोधनको क्रममा उहाँले भन्नुभयो, "हिजो आमाबाबु शिक्षक शिक्षिकाहरूसँग केटाकेटीहरू डराउँथे, केटाकेटीलाई कुटेर, पिटेर, तर्साएर हुर्काउने दिन गए अब भयरहित वातावरणमा बालबच्चा हुर्काउने बेला हो ।"

नेवारहरूको बाहुल्यता भएको यो क्षेत्रमा हिजो नेपाली भाषा बोल्न पनि नेवारहरू डराउँथे । तर, अहिले स्थिति त्यस्तो छैन भन्दै उहाँले भन्नुभयो, "अब त नेपाली भाषामात्र हैन अङ्ग्रेजी भाषामै पनि निर्धक्कसित बोल्ने भए नयाँ पुस्ता । भाषाकै कारण विगतमा जस्तो अब हीनताबोधको स्थिति छैन ।"

शिक्षकले विद्यार्थीलाई र आमाबाबुले छोराछोरीलाई कडा नियन्त्रणमा राखेर हुर्काउन वा पढाउन खोजे नयाँ पुस्ताको प्रतिभा कुण्ठित हुन सक्ने चर्चा गर्दै अध्यक्ष बिजुक्छेंले एउटा निश्चित सीमाभित्र स्वतन्त्रतापूर्वक उनीहरूलाई हुर्कने अवसर दिनुपर्छ भन्नुभयो ।

केटाकेटीलाई गुलियो धेरै खुवाउँदा गुलियोको शक्ति खर्चनकै लागि पनि केटाकेटीहरू धेरै चुलबुल गर्छन्, त्यसैले खेल्ने अवसर दिनुपर्छ भन्दै उहाँले गुलियो धेरै खुवाउँदा बच्चाबच्चीको दात बिग्रिने खतराप्रति सचेत हुनुपर्छ भन्नुभयो ।

बाल विशेषज्ञ, नाक कान घाँटी विशेषज्ञहरूद्वारा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गर्न सुझाव दिँदै उहाँले कतिपय कुरा शिक्षक अभिभावकको कुरा नमान्ने बच्चाहरू पनि डाक्टरका कुरा मान्छन् भन्नुभयो ।

त्यस्तै खानेकुराको सचेतनाको लागि पोषणविद्हरूलाई बोलाई अभिभावकहरूलाई कक्षा लिन पाए अझ राम्रो हुने चर्चा गर्दै उहाँले हाम्रो भविष्य हाम्रो नयाँ पुस्ताप्रति सबैले चिन्ता र चासो राखे भोलिको समाज अझ राम्रो हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भनपा ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले समाजमा खराब नियतका मानिसहरू पनि रहने चर्चा गर्दै लिबाली क्षेत्रमा लागूपदार्थको आपराधिक गतिविधि हुन थालेकोमा सबै सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

विद्यालयका सल्लाहकार ज्ञानसागर प्रजापतिले केटाकेटीलाई माया गरेर जङ्क फुड खुवाउनु उनीहरूको स्वास्थ्यमाथि खेलबाड गर्नु हो भन्दै आफ्ना सन्तानलाई अरूसँग दाँजेर कहिल्यै नहोच्याउनुहोला, बरू छोराछोरीले गर्ने सानो कामको पनि प्रशंसा गर्न नभुल्नु होला भन्नुभयो ।

उहाँले वर्तमान बालेन सरकारको निर्वाचन वाचापत्रमा शिक्षक-प्राध्यापक विद्यार्थीलाई राजनीतिक आबद्धता निषेध गर्ने उल्लेख भएको चर्चा गर्दै निषेधको राजनीतिले विस्फोट निम्तिन सक्ने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दीपेन्द्र प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रिन्सिपल विनोद प्रजापतिले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो भने कार्यक्रममा अभिभावक प्रतिनिधि सुरेन्द्र जाकिबन्जार, संस्थागत विद्यालय सङ्घ (इसान) भक्तपुरका अध्यक्ष कृष्णराम त्वानावासुले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

'ख्वप्रिङ' स्मारिका विमोचन गरिएको उक्त कार्यक्रममा स्वागत मन्तव्य विद्यालयका व्यवस्थापक कृष्णसुन्दर प्रजापति र विद्यार्थी प्रतिनिधि अमृत प्रजापतिले स्वागत मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा विद्यालयद्वारा आयोजित खाद्य महोत्सवका सहयोगी विभिन्न जातजातिका अभिभावकहरूलाई मायाको चिनोद्वारा सम्मान गरिएको थियो भने दीर्घ सेवा गर्ने शिक्षक कर्मचारीहरूलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा विद्यार्थीहरूको सांस्कृतिक प्रस्तुति पनि रहेको थियो ।

# इरानबाट देशभक्तिको पाठ सिक्न योग्य

भक्तपुर । नेपाल मजदुर किसान पार्टी वडा नं. ३ एकाइ समितिको आयोजनामा चैत २८ गते नयाँ वर्षको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले हरेक नागरिकले देशप्रति माया गर्नुपर्छ भन्ने कुरा इरानबाट पाठ सिक्नुपर्ने आवश्यकता औँल्याउँदै नेमकिपाको उद्देश्य देश र जनताको सेवा गर्नु हो भन्नुभयो ।

नेमकिपाले जनतासँग सिद्धान्त, विचार र घोषणापत्रको आधारमा मत मागेको उल्लेख गर्दै उहाँले पुरानै सरकारको गतिविधिलाई निरन्तरता दिने हो भने नयाँ सरकारको के अर्थ रह्यो भनी प्रश्न गर्नुभयो ।

भदौ २३ र २४ गतेको घटनाबारे छानबिन गर्न गठित जाँचबुझ आयोगले २३ गतेको मात्रै पेस गरिएको प्रतिवेदन न्यायपूर्ण नभएको उल्लेख गर्दै उहाँले सरकारले गर्ने गलत निर्णय र कार्यको विरोध गरी जनतालाई सुसूचित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

राजनीतिक नेता तथा कार्यकर्ताले अराजकतावादी गतिविधिको खण्डन गर्नुपर्ने उल्लेख गर्दै उहाँले कार्यकर्ताहरूमा जीउभरि आँखा हुनुपर्छ भन्नुभयो ।

नेमकिपा नगर समिति भक्तपुरका प्रतिनिधि पुरुषोत्तम तमखुले आफ्नो सभ्यता, संस्कृति र देश बचाउन अमेरिका र इजरायसामु इरान नझुकेको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष राजसुन्दर खाताखोको सभापतित्वमा भएको सो कार्यक्रममा राजकृष्ण गोरा, रामहरि गोरा, सुनिता अवाल, राजु अवाल र रामकृष्ण त्वायनाले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

# युग सुहाउँदो जनशक्ति निर्माण गर्न शैक्षिक जगमा ध्यान दिनुपर्ने



भक्तपुर । "आधारभूत शिक्षा नै विद्यालयको जग भएकोले व्यवहारिक ज्ञानसहित अध्ययन अध्यापनमा जोड दिन सके युग सुहाउँदो विद्यार्थी तयार हुनेछन् । ती विद्यार्थीहरूलाई विज्ञान र प्रविधिमा पनि पोख्त बनाउनुपर्दछ ।"

उक्त विचार भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले विद्यार्थी निकेतन माध्यमिक विद्यालय, साकोठा भक्तपुरको आयोजनामा चैत २६ गते सम्पन्न सम्मान, छात्रवृत्ति तथा पुरस्कार वितरण कार्यक्रममा बताउनुभएको हो ।

काम गरी खाने विद्यार्थीहरू प्रायः सामुदायिक विद्यालयमा अध्ययन गर्ने हुँदा भक्तपुर नगरपालिकाले सामुदायिक विद्यालयहरूको स्तरोन्नति गर्दै सम्पूर्ण नागरिकले शिक्षाको समान अधिकार पाउनुपर्ने मौलिक हक सुनिश्चित गर्ने कार्यमा महत्त्वपूर्ण कार्य गरिरहेको उहाँले बताउनुभयो ।

उहाँले नैतिक र सामाजिक शिक्षालाई अवमूल्यन गरिँदा समाजमा बेथिति र अपराधको घटना बढिरहेकोमा चिन्ता व्यक्त गर्दै हाम्रा पाठ्यपुस्तकले सामाजिक समस्या अन्त्य गर्न र अनुसन्धानमूलक शिक्षा प्रणाली अवलम्बन गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

उहाँले बिस्केट जात्रा एक वैज्ञानिक र इन्जिनियरिङ शिक्षाले भरिपूर्ण भएको हुँदा यसबारे विभिन्न दृष्टिकोणबाट अध्ययन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष योगेन्द्रमान बिजुक्छेंले विद्यालय र अभिभावकको जीवन्त सम्पर्कले शिक्षाको स्तर उकास्न मद्दत हुने विचार राख्दै विद्यालयको विकासको लागि भौतिक शक्तिमात्र नभई अन्तरवैयक्तिक शक्तिको पनि आवश्यकता रहने कुरा औँल्याउनुभयो ।

विद्यालयका पूर्वप्रअ नरेन्द्रभक्त हाडाले शिक्षकको सम्पत्ति भनेकै विद्यार्थीको सफलता भएको र यसले नै आत्मगौरव प्रदान गर्ने बताउनुभयो ।

उहाँले व्यापक जनताका छोराछोरी पढ्ने विद्यालयलाई स्तर उठाउन सबैले आ-आफ्नो स्थानबाट सहयोग गर्नुपर्नेमा विचार राख्नुभयो ।

उक्त कार्यक्रममा पूर्वविद्यालय व्यवस्थापन समितिका अध्यक्ष सिद्धिवीर कर्माचार्यले विनातयारी र हचुवाको भरमा सरकारले ल्याएको दुई दिन बिदा दिने नीतिले शैक्षिक क्षेत्रलाई थप हानि पुऱ्याउने धारणा राख्नुभयो ।

उहाँले विद्यार्थीहरूले आराम गर्न नहुने कुरा 'आराम हाराम' भन्ने भनाइले चरितार्थ गर्ने बताउनुभयो ।

संयुक्त परीक्षा समिति भक्तपुरका अध्यक्ष रोशनराज तुइँतुई र कक्षा ११-१२ स्तरीय संयुक्त परीक्षा समितिका अध्यक्ष चक्रबहादुर चाकतुले विद्यालयको प्रगतिको कामना गर्नुभएको थियो ।

उक्त कार्यक्रममा विद्यालयका पूर्वप्रअ नरेन्द्रभक्त हाडालाई विद्यालयमा पुऱ्याउनुभएको अतुलनीय योगदानको सम्मान गर्नुका साथै विद्यालयको छात्रवृत्ति कोष स्थापनार्थ योगदान दिनुहुने सिद्धिवीर कर्माचार्य, कृष्णप्रसाद रिमाल, जयन्त पौडेल, कृष्णलाल प्रधानलाई विद्यालयको तर्फबाट अतिथि रजनी जोशीले कदरपत्र प्रदान गर्नुभयो ।

सो कार्यक्रममा विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्नुका साथै विभिन्न शीर्षकमा उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कृत गरिएको थियो । शिक्षक उद्धव दाहाल र शिक्षिका संगीता कायष्ठले पनि बोल्नुभएको थियो ।

# नयाँ पुस्तालाई असल संस्कार सिकाउन नगर प्रमुखको आग्रह

भक्तपुर । साइनिङ स्टुडेन्ट एकेडेमीको वार्षिक उत्सव तथा सांस्कृतिक कार्यक्रमको भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पानसमा दीप प्रज्वलित गरी एक समारोहबिच ग: पलीमा चैत २६ गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा अतिथि प्रजापतिले विद्यार्थीहरू देशका कर्णधार भएको उल्लेख गर्दै निरन्तर मेहनत गरे सफलता पाउने चर्चा गर्दै नयाँ पुस्तालाई स्वयम्सेवक भावनाको विकास गर्न सरसफाइ गर्ने, श्रमदान गर्ने र सेवा गर्ने संस्कारमा लगाउनुपर्ने बताउनुभयो ।

उहाँले भेषभूषा, रहनसहन, लवाइ खवाइ र चाडबाड, मठमन्दिर र विभिन्न व्यक्तित्वहरूबारे जानकारी दिन र सिकाउन स्थानीय पाठ्यक्रम प्रकाशित गरेको बताउनुभयो ।

उहाँले खेलकुदबाट अनुशासनमा बस्ने, नियम थाहा हुने र स्वस्थ हुने भएकोले खेलकुद प्रतियोगिता आवश्यक भएको बताउनुभयो । उहाँले भोलिको समाज राम्रो बनाउने काम आजका बालबालिकाले गर्ने उल्लेख गर्दै राम्रो व्यवहार र असल संस्कार सिकाउनुपर्ने बताउनुभयो । उहाँले अभिभावक र शिक्षकहरूले बालबालिकाहरूले गर्न हुने र गर्न नहुनेबारे सिकाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा वडाध्यक्ष उपेन्द्र सुवालले शिक्षा क्षेत्रमा मात्र नभई विद्यालयले अतिरिक्त क्रियाकलाप नाचगान, खेलकुद र बाहिरको अतिरिक्त क्रियाकलामा धेरै पदक जित्न सफल भएकोमा बधाई दिँदै यसले सीप विकास हुने बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, खेलकुद र सीपमूलक तालिममा ध्यान दिएको बताउँदै शिशुस्याहारदेखि उच्च शिक्षा हासिल गर्न ख्वप कलेज, इन्जिनियरिङ कलेज, नर्सिङ कलेजहरू सञ्चालन गरी कम शुल्कमा गुणस्तरीय शिक्षा दिइरहेको बताउनुभयो ।

अभिभावक सङ्घ नेपाल भक्तपुरका अध्यक्ष रामकृष्ण प्रजापतिले विद्यालयले टोल तथा समुदायको शैक्षिक विकासमा पुऱ्याउँदै आएको योगदानको प्रशंसा गर्दै एउटा असल विद्यालयले किताबको ज्ञान मात्र होइन, संस्कार, अनुशासन र जिम्मेवारी पनि सिकाउँछ भन्नुभयो । उहाँले समाजका उज्ज्वल भविष्य आजका बालबालिका भएको बताउँदै सानैदेखि सिकेको राम्रो बानी, अनुशासन र शिक्षा जीवनभरको सम्पत्ति हुने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गौरी छुस्याकीले साइनिङ स्टुडेन्ट्स् एकेडेमीको स्थापना कालदेखि व्यावहारिक र गुणस्तरीय शिक्षाको लागि हाम्रो विद्यालय भन्ने मूल नारा लिई भक्तपुरको एक नमुना विद्यालय बनाउने ध्येले स्थापित भएको बताउनुभयो । उहाँले समयको मागसँगै स्तरीय शिक्षासँगसँगै व्यवहारिक एवं नैतिक शिक्षा विद्यार्थीहरूलाई दिन आवश्यक भएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं विद्यालयका प्रिन्सिपल रविन छुस्याकीले विद्यार्थीहरूको चौतर्फी विकास गर्न विद्यालयले पढाइलाई गुणस्तरीय बनाउन लागिपरेको बताउनुभयो । कार्यक्रममा शिक्षिका प्रिया भट्टले पनि बोल्नुभएको थियो ।

# सत्य र परिवर्तनलाई कुनै शक्तिले रोक्न नसक्ने

भक्तपुर, २५ चैत । नेपाल क्रान्तिकारी युवा सङ्घको १२ औं भक्तपुर जिल्ला सम्मेलन तयारी समितिको आयोजनामा बुधबार नयाँ वर्ष २०८३ को शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले युवा कार्यकर्ताहरूलाई मार्ग निर्देशन गर्दै विश्व राजनीति नबुझी देशको राजनीति बुझ्न नसकिने हुनाले नयाँ पुस्तालाई पार्टीको सिद्धान्त र विचारबारे स्पष्ट बताउन सक्षम हुन पार्टी प्रकाशनको अध्ययन र छलफल अगाडि बढाउनुपर्ने बताउनुभयो ।

मार्क्स, एङ्गेल्स र लेनिनका सङ्घषशील जीवनबाट शिक्षा लिएर जनताको सेवामा समर्पित भइलाग्न अभिप्रेरित गर्ने काममा सक्रिय भई समाजवादी बन्दोबस्तका लागि सङ्घर्ष गर्न उहाँले जोड दिनुभयो ।

हरेक व्यक्तिले योग्यताअनुसार काम र कामअनुसारको ज्याला पाउने तथा उत्पादनका सम्पूर्ण स्रोत साधनहरू राष्ट्रियकरण हुने व्यवस्था वैज्ञानिक समाजवादबारे परिवार छिमेकमा छलफल गर्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

सन् १८३० मा बेलायतमा भएको मजदुर आन्दोलनमा ५० लाख मजदुरहरूले हस्ताक्षर गरेको मागपत्रमा काम गरेर 'बाँचौं, लड्दा लड्दै मरौं' भन्ने नारा अगाडि सारिएको प्रसङ्ग उल्लेख गर्दै सचिव सुवालले पुँजीवादी खोटा विचारको खण्डन गरी जनतालाई सचेत पार्न मार्गनिर्देश गर्नुभयो ।

सत्य र परिवर्तनलाई कुनै शक्तिले रोक्न नसक्ने तर्क प्रस्तुत गर्दै उहाँले हरेक युवाले कर्तव्य पूरा गर्न सिक्नुपर्ने बताउनुभयो ।

नेक्रायुसङ्घका केन्द्रीय अध्यक्ष मिनबहादुर बाटाले विद्यार्थीले राजनीति गर्नुहुन्न भन्नेले १४ वर्षदेखि अमेरिकन युथ काउन्सिलमार्फत युवालाई भड्काउन खोजिरहेको आशङ्का व्यक्त गर्नुभयो ।

साम्राज्यवादी स्वार्थ पूरा गर्न पुनः राजतन्त्रसमेत फर्काउन लागिपर्नेतर्फ सचेत हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले युवाहरूको रूचिको विषयबारे जिल्लाका सबै नगर समितिले छलफल कार्यक्रमहरू सञ्चालन गर्न निर्देशन गर्नुभयो ।

आयोजक समितिका जगतराम धुख्वाको सभापतित्वमा भएको उक्त कार्यक्रममा सुरेन्द्र था श्रेष्ठ, एच.एस. सुवाल, संगीता नेपाली, रोशन मचामसी, रूकेश कर्माचार्य, लक्ष्मीनारायण लिगल, सरोज दुलाल, सुतेज दुवाल, बासुदेव घोरसाइने, रत्ना चवाल, सरोज तामाङ, ढकराज थापा, लक्ष्मीनारायण त्वानावासु, दिनेश कापरलगायतले बोल्नुभएको थियो ।

# मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठी–६

हरिबहादुर श्रेष्ठ

**कृषि**

**भाइ राजु र बहिनी दीपा,**

तिमीहरूले आफ्नो पत्रमा कृषि क्याम्पसमा भर्ना हुन चाहने साथीहरूको इच्छाबारे लेखेका थियौ। हाम्रो देश कृषिप्रधान देश हो अर्थात् ८० प्रतिशत जनता कृषिमा आधारित छन् र देशको आम्दानीको एउटा भाग कृषिबाटै हुन्छ। घरको जग भूमिमै भएजस्तै देशको अर्थतन्त्रको जग कृषिबाटै सुरु हुन्छ। उद्योगको स्थापना भूमिमै हुन्छ; खाद्यान्न खाएरै उद्योगमा मजदुरहरू काम गर्छन्; उद्योगलाई चाहिने कच्चा माल खेतीपाती वा जमिनबाटै आउँछ; बहुमत जनताको जीवनस्तर बढेमा तिनीहरूको क्रयशक्ति बढ्छ अनि औद्योगिक उत्पादन देशमा खपत हुन्छ। खाद्यान्न र कृषिमा आत्मनिर्भर नभएमा नेपालजस्तो विकासशील एवम् गरिब तथा भूपरिवेष्ठित देशलाई अगाडि बढाउन सजिलो हुँदैन।

तिमीहरूले तर्क गरौला - अहिले गलैंचा, तयारी पोशाक र अन्य सामानको विदेश व्यापारले विदेशी मुद्राको ठूलो राशि आम्दानी हुन्छ; विदेशमा गई काम गरेका नेपालीहरूले पठाएका विदेशी मुद्रा तथा विदेशी सहयोग वा ऋणले देश चलिरहेछ; कृषि र अन्नमा आत्मनिर्भरता पुरानो सिद्धान्त हो।

विकसित देशबाट अर्थशास्त्र पढेर आएका केही नेपाली बुद्धिजीवीहरूको यस्तै दृष्टिकोण सुन्न पाइन्छ। वैदेशिक व्यापार त सामान किन्ने विदेशी सरकार र व्यापारीहरूको इच्छा तथा हितमा भर पर्छ। तिनीहरूलाई फाइदा भएन भने वा तिनीहरूको राजनीतिक उद्देश्यसँग मेल खाएन भने, तिनीहरूको राजनीतिक दबाब नेपालले मानेन भने तिनीहरूको एउटै नीतिले महिना दिनभित्र हाम्रो विदेश व्यापार तासको घरजस्तै ढल्नेछ। त्यतिमात्रै होइन, नजिकका छिमेकी देशहरू हिन्दुस्तान र पाकिस्तान वा ग्राहक देशहरूका छर-छिमेक वा दायाँबायाँका देशहरूमा अशान्ति र युद्ध भएमा हाम्रो विदेश व्यापार अवरुद्ध हुनेछ। हाम्रो कति गलैंचा र तयारी पोशाकको उद्योगमा विदेशी पुँजी लगानी छ। नाफाको ठूलो भाग विदेशमै जाने गर्छ तथा हाम्रो अति सस्तो ज्याला र कर सुविधाको फाइदा तिनीहरूले उठाइरहेका छन्।

हाम्रो देश पनि विश्व व्यापार सङ्गठनको सदस्य भएको केही वर्ष भयो। विश्व व्यापार सङ्गठनका धेरै नियम र ऐन-कानुन वा सन्धि-सम्झौताहरू छन्। हामीसँग त्यसका जानकारहरूको अत्यन्त कमी छ। कुनै पनि बेला त्यसको नियमले हाम्रो सामानको गुणस्तर वा उत्पादन शैली र प्रविधिबारे खिचलो उठाएर दुःख दिनेछ र व्यापारमा रोक लगाउन सक्नेछ वा आर्थिक नाकाबन्दीसमेत लगाउन सक्नेछ।

यही कुरा विदेशमा काम गर्ने नेपालीहरूलाई पनि लागु हुन्छ। तिनीहरूलाई फिर्ता पठाउने, मुद्दा लगाउने, भेदभाव गर्ने, आधा वा एक चौथाइमात्रै ज्याला र सुविधा दिने वा अनेक राजनीतिक उद्देश्यले नेपालमाथि दबाब दिएर आम्दानी घटाउने वा नेपालीहरू फिर्ता पठाउने अनेक अप्ठ्याराहरू तेर्सिने सम्भावना सदा 'डेमोकल्सको तरबार' जस्तै झुन्डिरहेको छ।

त्यस्तै, विदेशी सहयोग कुनै पनि निहुँमा रोक्न सक्नेछन्, विदेशी ऋण त दिन दुई गुणा रात चौगुणा भई जाने पासोमात्रै हो। विदेशी मुद्रा र सुनको मूल्यमा आउने घटबढले मात्र पनि नेपालले एकै रातमा अरबौं रुपियाँको घाटा बेहोर्नुपर्ने स्थिति आउँछ। विदेशी मुद्राको अत्यन्त ठूलो चाप बढ्दै गएमा नेपाली मुद्राको मूल्य घट्दै जाने डर सधैं रहनेछ। यसकारण, वैदेशिक व्यापार र विदेशी मुद्राको भरमा बस्नुभन्दा खाद्यान्न र कृषिमा आत्मनिर्भर अर्थतन्त्र अति आवश्यक छ।




फिडेल क्यास्ट्रो

तिमीहरूले भनौला, "नेपालभन्दा जनसङ्ख्या र आकारले साना देशहरूमा ३ प्रतिशत जनतामात्रै कृषिमा आधारित छन् र तिनीहरूको उत्पादनले ३ महिनालाई पनि पुग्दैन भने हामीमात्रै किन कृषिमै भर पर्ने?" पुराना साम्राज्यवादी शक्तिहरूले एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका देशमाथि औपनिवेशिक शासन चलाइसकेको हुनाले आज पनि ती देशहरूबाट खाद्यान्न र कृषि उत्पादन एवम् आवश्यक कच्चा पदार्थ सस्तोमा आयात गरी महँगोमा आफ्नो तयारी मालसामान निर्यात गर्छन्। नेपाल स्वयम् बेलायती साम्राज्यवादको अर्ध-उपनिवेश बनेको र विकासशील भएको हुनाले हाम्रो स्थिति तिनीहरूको भन्दा फरक छ। आज पनि पूर्व-औपनिवेशिक शक्तिहरूले पूर्व-उपनिवेशहरूमा सेना राखेका छन् र ती देशलाई अनेक असमान सन्धिहरूले बाँधेका छन्।

यी सबै कारणले पनि नेपाल अन्न र कृषिमा आत्मनिर्भर हुन आवश्यक छ। देशकै भूमिलाई आधार बनाएर तथा देशकै अन्न खाएर हामीले उद्योगधन्दा, बन्द व्यापार मात्रै गर्ने होइन, आवश्यक परे त्यसको भरमा देश र जनताको रक्षाको निम्ति सङ्घर्ष पनि गर्नुपर्ने हुन्छ। खाद्यान्नमा समेत अरूको भर पर्‍यौं भने आर्थिक नाकाबन्दीबाटै पराइले हाम्रो देशको स्वतन्त्रता र सार्वभौमिकतामाथि धावा बोल्नेछ।

जनतालाई खुवाउन, जगेडा राख्न, बढी भएको कृषि-उत्पादन बेचेर आवश्यक सामान भित्र्याउन, कृषि उत्पादनमा वृद्धि र विविधता ल्याउन तथा तुलनात्मकरूपमा कृषि उत्पादन बढाउन हामीसँग धेरै कृषि विशेषज्ञ चाहिन्छ। विभिन्न जिल्ला, दुर्गम क्षेत्र, हिमाल, पहाड, तराई र खोँचहरूको हावापानी एवम् माटोअनुसारको कृषि उत्पादनमा विविधता ल्याउन तथा उत्पादन वृद्धि गर्न कृषिमा विभिन्न खालका विशेषज्ञ हामीलाई आवश्यक छ।




त्यसैले, हाम्रा भाइबहिनीहरूले कृषि विशेषज्ञ र प्राविधिक बन्न कृषि अध्ययन संस्थान वा क्याम्पसहरूमा अध्ययन गर्नु आवश्यक छ। चीनको क्रान्तिपछि हरेक चिनियाँ युवाहरूले कृषि विशेषज्ञ र प्राविधिक बन्ने इच्छा राख्थे भने प्रजग कोरियाका गाउँका हरेक सहकारी संस्था कृषि कलेजजस्तै छन्। त्यस्तै, क्युवाका पार्टी महासचिव एवम् राष्ट्रपति क्यास्ट्रो र अन्य नेताहरूको ध्यान उखु खेती तथा चिनी, सुर्ती र सिगारजस्ता उत्पादनहरूमा हुन्थ्यो। हामीले पनि कृषि अध्ययन र उत्पादनमा ध्यान दिनु अत्यन्त आवश्यक छ।

हामीसँग केही कृषि वैज्ञानिक र विशेषज्ञहरू नभएका होइनन्, अझै अपुग छन्। हामीसँग राम्रा-राम्रा कृषि वैज्ञानिक र विशेषज्ञहरू हुँदाहुँदै पनि खाद्यान्नमा हामी आत्मनिर्भर नहुनु तरकारी र फलफूलसमेत विदेशबाट आयात गर्नुपर्ने स्थितिको वास्तविक कारण कृषिबारे सरकारको नीति, मन्त्रालय र विभागमा वर्षौंवर्ष काम गर्ने माथिल्ला कर्मचारीहरूको निकम्मापन हो।

कृषि मन्त्रीहरू विदेशबाट रासायनिक मल झिकाउन अरबौं रुपियाँको कमिसनमा ध्यान दिन्छन्; कृषि अनुसन्धान केन्द्रहरूबारे जानकारी राख्दैनन्; देशको बजेट बन्नुभन्दा पहिले कृषि वैज्ञानिक र विशेषज्ञ वा अनुसन्धान केन्द्रहरूसँग छलफल गर्ने गर्दैनन्। देशमा नक्कली, कमसल तथा म्याद नाघेको रासायनिक मल आयात हुन्छ र नक्कली मल-कारखाना बनाउन मन्त्रीहरू आफैं संलग्न हुन्छन्।

यस्तो स्थितिबाट देशलाई जोगाउन युवा कृषि वैज्ञानिक, विशेषज्ञ, प्राविधिक र कृषक कार्यकर्ताहरूको ठूलो खाँचो छ। त्यो खाँचो पूरा गर्न भाइबहिनीहरूले कम्मर कस्ने बेला आएको छ।

**पर्यटन**

नेपाल विविध हावापानी, हिमाल, पहाड, तराई, खोँच, उपत्यका, वन-जङ्गल, ताल-तलैया र अनेक रमणीय स्थलहरूको सुन्दर देशमात्रै होइन; विविध भाषा, जाति र जनजाति एवम् चेपाङ, राउटे र कुसुन्डाजस्ता वन्य र घुमन्ते जातिहरूको कला, संस्कृति एवम् आ-आफ्ना विशेषता तथा मानव सभ्यताको विभिन्न स्तरमा अवस्थित समुदायहरूको पनि देश हो। त्यस्तै, विभिन्न धर्म र विश्वासको विकास भएका र विविध धर्ममा आस्था राख्ने जनताको देश हो। पाषाण युगदेखि २१ औं शताब्दीसम्मका विकासका चरणहरूको स्थितिको जानकारी प्राप्त गर्न सकिने अनेकौं उत्खनन क्षेत्रहरू भएको देश पनि हो।

जुम्लामा खस राज्यका अवशेषहरू पाइन्छन् भने दैलेखमा भिन्नै संस्कृतिको राज्यका अवशेषहरू पाइन्छन्; त्यस्तै सुर्खेतमा काँक्रेविहारको उत्खनन र अध्ययन बाँकी छ भने लुम्बिनी र बौद्धकालका अनेक क्षेत्रहरू उत्खनन गर्न बाँकी नै छन्।

त्यस्तै बुटवल, नारायणगढ, सिम्रौनगढ, जनकपुरको मिथिला संस्कृति तथा काठमाडौंका किराँतकाल, लिच्छविकाल र मल्लकालका विषयमा धेरै उत्खनन, अध्ययन र अनुसन्धान गर्न बाँकी छ। साथै, पूर्वी नेपालमा महाभारतकालका किंवदन्तीहरूमात्रै होइन, राई-लिम्बु, धिमाल र राजवंशीहरूको भाषा, रीतिरिवाज, कला र संस्कृतिको अध्ययन र अनुशीलनका धेरै फाँटहरू खाली छन्।

नेपालका गुरुङ, मगर, तामाङ, राई, लिम्बू र नेपालभाषा (नेवारी) सँग तिब्बती, चिनियाँ, मङ्गोली र अन्य अस्ट्रो-एसियाली भाषाहरूको तुलनात्मक अध्ययनले आजसम्म अनुमानको गर्भमा रहेका अनेक तथ्यहरू उद्घाटित हुनेछन्।

ती सबै कारण र विविधताले नेपाल पूर्व र पश्चिमका पर्यटकहरूको निम्ति एक गन्तव्यस्थल बन्दै छ। पर्यटन उद्योग नेपालको निम्ति अत्यन्त राम्रो सम्भावना भएको क्षेत्र हुँदा नयाँ पुस्ताको निम्ति होटल व्यवसाय, यात्रा र पर्यटनको अध्ययनको निम्ति एउटा ठूलो फाँट नै खुला छ। होटल व्यवसायको निम्ति पाकशास्त्र, सूचना प्रविधि, यात्रा बन्दोवस्त आदि विषयका प्राविधिक र ज्ञाताहरू आवश्यक छन्।


युरोपियन पर्यटकहरूको सेवाका निम्ति अङ्ग्रेजी, जर्मन, फ्रान्सेली र अरू भाषाका राम्रा दोभाषेहरू चाहिन्छ भने ल्याटिन अमेरिकी देशहरूको निम्ति ल्याटिन भाषाका दोभाषेहरू अति आवश्यक छन्। त्यसरी नै चीन र भारतजस्तो विशाल देशहरूका लाखौं पर्यटकहरूका निम्ति चिनियाँ भाषा र भारतका विभिन्न प्रान्तका भाषाका जानकारहरू हामीसँग हुनु अति आवश्यक छ।

जापान, थाइल्यान्ड, श्रीलङ्का, मङ्गोलिया, भियतनाम, कम्बोडिया, लावस, बर्मा (म्यानमार) जस्ता बौद्ध धर्म मान्ने देशहरूका पर्यटकलाई पनि स्वागत गर्न नेपाल तयार हुनैपर्छ।

पर्यटकको अर्थ २-४ दिन वा एक दुई हप्ता घुमफिर गरेर जानेमात्र होइन, विविध विषयमा अनुभव र अनुसन्धान गर्न महिनौं बस्ने गरी पनि आउँछन्। बौद्ध धर्मकै विषयमा अध्ययन गर्न चाहेमा पाली भाषाका ज्ञाताहरू पर्यटन उद्योग-व्यवसायीसँग हुनु आवश्यक छ। त्यस्तै, अरू विषय र भाषाका जानकारहरूको पनि त्यत्तिकै खाँचो छ।

पर्यटकको मनोरञ्जनको निम्ति विभिन्न जाति र भाषा-भाषी, नाचगानलाई संरक्षण र सम्वर्द्धन गर्नु त्यत्तिकै आवश्यक छ भने त्यसबारे विदेशी भाषामै वैज्ञानिक ढङ्गले व्याख्या गर्ने पुस्तिकाहरूका निम्ति लेखकहरूको पनि त्यत्तिकै आवश्यकता खट्किन्छ।

यस हिसाबले पर्यटन उद्योग नेपालको निम्ति एउटा ठूलो सम्भावना भएको व्यवसाय हो। यसका अनेकौं हाँगाबिँगा भएको हुनाले स्नातक वा सोभन्दा उच्च शिक्षा हासिल गर्ने भाइबहिनीहरूले शिक्षाको अध्ययनमा विचार गर्नु पनि अत्यन्त लाभदायक हुनेछ। अहिले हाम्रा कति भाइबहिनी यस विषयको अध्ययन गर्न विदेश जाँदै छन् भने हाम्रै देशमा पनि यसको अध्ययन र अध्यापन सुरु भइसकेको छ।




नेपालको भौगर्भिक बनोट

**भूगर्भशास्त्र**

**भाइ राजु र बहिनी दीपा,**

तिमीहरूले भूगर्भशास्त्रको अध्ययन गर्न चाहने विद्यार्थीहरूबारे पनि लेखेका थियौ। त्यसबारे केही बताउन चाहन्छु। त्यसबारे चाख बढ्नु, जानकारी राख्न खोज्नु र अध्ययन गर्नु उत्तम कुरा हो। तिमीहरूलाई थाहै छ, नेपालका विभिन्न ठाउँमा अनेक प्रकारका चट्टान र खनिज भेटिएका छन् भने अझै पनि कति ठाउँ पत्ता लगाउन बाँकी नै छ।

हाम्रा केही भूगर्भविद् र खनिज क्षेत्रका ज्ञाताहरूले यसबारे नेपालमा शून्यबाटै सुरु गर्नुपर्ने बताउँछन्। हाम्रो चुरे पहाडको पूर्वदेखि पश्चिमसम्म चुन ढुङ्गाका खानी छन्। ती चुन ढुङ्गाका पहाड ढुङ्गा नभई सुन हुन् भनी ती ज्ञाताहरू बताउँछन्। ती चुन ढुङ्गा खालि कीरा मार्न छर्ने औषधी, पानमा प्रयोग हुने मसला वा घरको लिपपोत गर्ने रङ्गमात्र होइनन्, औषधी (ट्याब्लेट) पनि चुनकै बन्छ। सालाखाला ती चक्कीमा ८० प्रतिशत चुन हुन्छ भने २० प्रतिशत अन्य औषधी वा रासायनिक वस्तु हुन्छ। वर्षको अरबौं रुपियाँको हाम्रो चुन ढुङ्गा केही लाख वा केही करोड रुपियाँ शुल्क तिरेर भारत लगिन्छ र त्यसबाट उत्पादित अरबौं रुपियाँको औषधी नेपालले किन्छ।



टोनी हेगन

त्यतिमात्रै होइन, चुन ढुङ्गाको कपडा पनि बन्छ। चुन ढुङ्गामा अरू रासायनिक वस्तुहरू मिलाएर कपासजस्तो नरम र चिप्लो वस्तु बनाइन्छ। त्यसैबाट धागो र कपडा बन्छ। उत्तर कोरियामा चुन ढुङ्गाबाट बनाइएको लुगा साह्रै प्रचलित छ।

चुन ढुङ्गाले इँटा बनाउन सकिन्छ। अहिले काठमाडौं उपत्यकामा माटोको इँटा बनाउँदा एकातिर सयौं वर्षमा बन्ने उर्वर माटो नास हुँदै छ भने अर्कोतिर कोइलाको धुँवाको प्रदूषणले मानिसको स्वास्थ्य, वनस्पति र वातावरणलाई दूषित पार्दै छ। चुन ढुङ्गाबाट इँटा बनाउने प्रविधि विकास गरे हाम्रो उर्वर माटोको क्षति हुँदैन; अन्न उब्जने खेत मासिन्न र प्रदूषण पनि हुँदैन। चुनलाई इँटाको साँचोमा ढालेर 'म:म:' र 'योमरी' जस्तै केही मिनेट बफ्याउँदा इँटा बन्छ; प्रदूषण २-४ प्रतिशतमा घट्छ। चुनको इँटामा किला ठोक्न र काठजस्तै करौंतीले चिर्न पनि सकिन्छ। भने अनुसारको आकार र रङमा त्यसको उत्पादन गर्न सकिन्छ। विशेषज्ञको भनाइअनुसार ग्रीस र रोमको सभ्यताका भवनहरू चुन ढुङ्गाकै हुन् र त्यसका अवशेषहरू आज पनि बाँकी छन्। नेपालमा सीसा बनाउने बालुवा पनि यत्रतत्र छ भन्ने सुनिन्छ।

केही लाख रुपियाँ राजश्व तिरेर करोडौं-अरबौं रुपियाँको खरीढुङ्गा चरिकोटबाट भारत पुऱ्याइँदै छ। त्यही खरीढुङ्गाका बट्टा वा नेपालको भौगर्भिक बनोट साना सिसीका पाउडर र क्रिमजस्ता सामान भारतबाट ल्याई करोडौं-करोड रुपियाँ नेपालबाट विदेश लगिन्छ। खरी ठूल्ठूला कारखानाका भट्टी र अन्य वस्तुमा पनि प्रयोग हुन्छ। सिंहमर्मरबारे सबैलाई थाहै छ। गोदावरीको सिंहमर्मर खानी पनि विदेशीकै हातमा छ।

दुई-तीनवटा ढुङ्गाको त यस्तो महत्त्व र मूल्य हुन्छ भने नेपालमा सुन, चाँदी, हीरा, जवाहरात र अनेक मणि-माणक तथा अन्य धातुहरू पनि छन्। ती सबैबारे जान्ने व्यक्तिहरूको साह्रै कमी छ। पत्ता लगाउनुपर्ने अझै ठाउँ धेरै छन्; त्यत्तिकै सङ्ख्यामा भूगर्भविद्हरूको खाँचो छ। एकातिर 'माल पाएर के गर्नु चाल पाए पो' भन्ने उखानजस्तै हामी नेपालीले अप्ठेरो भोगिरहेका छौं भने त्यसबारेका जानकारहरूको अभावमा सरकारको ध्यान त्यतातिर गइरहेको छैन। त्यसो त राणाकालमा समेत खनिजहरू भेट्टाइएको र उपयोग गरेकै कारण कति गाउँको नाम नै सीसा खानी र सुनखानी छन्। तामा खानी त यत्रतत्र भएको सबैलाई थाहा छ। त्यसैले, देशका हरेक जिल्ला र क्षेत्रमा भूगर्भ वैज्ञानिकको खाँचो छ।

भूगर्भशास्त्रका पनि धेरै हाँगाबिगा छन्। तीमध्ये चट्टानहरूको स्वरूप, त्यसमा आउने परिवर्तन, नक्सा आदि विषयको निर्माणसम्बन्धी अध्ययन भूगर्भशास्त्रले गर्छ भने पृथ्वीको अध्ययन, भूकम्प, ज्वालामुखी, खोला-नाला, मरुभूमि तथा पृथ्वीको आन्तरिक र बाह्य स्वरूपको विस्तृत अध्ययन भौतिक भूगर्भशास्त्रले गर्छ।

खनिज विज्ञानले के-कस्ता खनिज वा पत्थरहरू कसरी बन्छन्, के-कस्ता ठाउँमा पाइन्छन् र ती खनिजहरूको उपयोगबारे जानकारी दिन्छ। हीरा, जुहारात, मणि, पन्ना, सुन, चाँदी आदि सबै यही हाँगामा अध्ययन हुन्छ।

भूगर्भशास्त्रको अर्को हाँगा जीवाश्म विज्ञान हो र यस विज्ञानमा जीवावशेषहरूको अध्ययन हुन्छ भने ऐतिहासिक भूगर्भ विज्ञानमा पृथ्वीको भौगर्भिक इतिहास, पृथ्वीको उत्पत्ति, हिमाल, पहाड आदिको उत्पत्तिको अध्ययन हुन्छ। यीबाहेक भूगर्भविज्ञानका अन्य हाँगा-बिँगा पनि छन्।

बडो चाखलाग्दो र रमाइलो कुरा त के हो भने, नेपालको विस्तृत भौगर्भिक अध्ययन गर्ने वैज्ञानिक स्वीट्जरल्यान्डका टोनी हेगन थिए। उनी नेपालका मानार्थ नागरिक थिए।

नेपालको भूगर्भको विषयमा व्यापक अध्ययन गर्ने पहिलो व्यक्ति उनी नै हुन्। 'नेपाल' भन्ने उनले एक अत्यन्त महत्त्वपूर्ण पुस्तक पनि लेखे। मनाङ र मुस्ताङ क्षेत्रमा शालिग्राम देखेर उनी दङ्ग परे किनभने शालिग्राम समुद्रमा मात्रै पाइने वस्तु हो। यसको अर्थ नेपाल कुनै युगमा समुद्रको भाग हुनुपर्छ भन्ने अनुमान छ।

यसकारण, देशको विकास र सम्पन्नताको निम्ति हामीले खनिज वस्तुलाई उपयोग गर्न सक्छौं। त्यसको जानकारी पाउन हाम्रा भाइबहिनीहरूले भूगर्भशास्त्रको अध्ययन गर्नु आवश्यक छ। यो विषय पनि विज्ञानकै फाँटमा आउँछ। म आशा गर्छु, भाइबहिनीहरूले गुरु र प्राध्यापकहरूसँग पनि सोधपुछ गरी जानकारी हासिल गर्नेछौ।

# सय वर्षपछिको भक्तपुर

✍ **नारायणमान बिजुक्छें (रोहित)**

रातको १२ बज्न लागेको थियो । राष्ट्रिय टेबुलटेनिस खेलाडी रामुले आफ्नो डायरी लेख्दै गयो ।

आज २३ डिसेम्बर २०९९ ।

म बिहान ७ बजे कौसीमा गएँ, वातावरण चिसो थियो र हुस्सुले सबै छर्लङ्ग देखिएन । टेलिफोनको घण्टी बजेको आवाज आयो, म कोठामा आएँ । क्युवाको हवाना विश्वविद्यालयका एकजना मित्रले मार्च र अप्रिलको बिचमा नेपाल आउने सूचना दियो । पूर्वी एसियाको संस्कृतिसम्बन्धी विद्यावारिधि गर्ने मार्टि भन्ने त्यस साथीले टेलिफोनमा नेपाल र भक्तपुरको कला र संस्कृतिको अध्ययनबाट साह्रै प्रभावित भएको र आफ्नो विद्यावारिधिको शोधपत्र पनि भक्तपुरकै विषयमा हुने बतायो ।

मैले दराज खोलेँ, मेरो हात अचानक एक मोटो पुस्तकमा पुग्यो । पुस्तकको शीर्षक थियो- 'भक्तपुर सन् १९९९।'

पानाका पङ्क्ति र हरफहरूमा मेरो आँखा सलल बग्यो । लेखिएको थियो- 'योम्हरी पुन्ही, २२ डिसेम्बर १९९९ । भक्तपुर नगरका झन्डै एकचौथाइ भवनहरू सिमेन्ट वा कङ्क्रिटको बनिसकेका छन् । टौमढी र लायकुबिचकै कति भवनहरू सिमेन्ट, डण्डी र ढलानका छन् र बाहिर मानिसहरूका लुगाजस्तै नेपाली इँटा र झिँगटी टाँसिदै छन् । नगरपालिकाको भवनको मापदण्डलाई मिचेर पाँच/छ तलाका घरहरू बनेका छन् र छाना तथा कौसीमा काला काला पानीका भाँडा वा ट्याङ्कीहरू छन्, टीभीका एन्टेना र सौर्य ऊर्जाबाट पानी तताउने साधनहरूले भक्तपुरको भवनको माथिल्लो वास्तुकलाको स्वरुप कुरूप देखिएको छ । पाँचतले देवल र भैरव मन्दिरका माथिल्ला तलाहरू मात्रै देखिएका छन् । नेपाली शैली र झिँगटीका छाना र कौसी होइन खरानीजस्तो खैरो र अत्यन्त अग्ला र होचा, बेढङ्ग आकारका सिमेन्टका कौसी र छानाहरू मात्र देखिन्छन् । जहाँतहीँ विविध रङ्ग र मोटाइका तारहरू मात्र छन्- माकुराका जालजस्तै विद्युत्का तार, टेलिफोनका तार, टीभीका एन्टेनाका तारहरू !

सुकुलढोकाको बजारमै वर्षौंदेखि घरहरू भत्केका छन् । विभिन्न देशका राजकीय पाहुनाहरूले 'यी घरहरू किन नबनाएका, वातावरण कस्तो नराम्रो छ हगि ?' भनेर सांस्कृतिक मन्त्री, पुरातत्त्व विभागका निर्देशक र नगरप्रमुखहरूलाई सोधे । तर 'हामी बन्दोबस्त गर्दै छौँ भनेर वर्षौंसम्म टार्दै गए- जिम्मेवार व्यक्तिहरूले । गःहितिको एउटा राम्रो घर पनि भत्किँदै थियो, त्यसलाई जोगाउनुको सट्टा प्रहरीले पानीको फोहरा हानेर एक डेढ वर्ष अगाडि भत्काइदियो । वातावरण कुरूप छ ।

क्यामेरा क्लिक क्लिक गर्दै विदेशी पर्यटकहरू सुकुलढोकाको मठको काष्ठकलाका तस्बिरहरू खिच्दै गोल्मढीतिर बढे । एउटा कपडा पसल र जुत्ता पसल (रुद्रप्रसाद कायष्ठ र माधवशङ्कर जोशी) को घरनेर टक्क रोकिँदै आपसमा कुरा गर्न थाले- 'यी कस्तो रूप नमिलेका घरहरू हगि ! के यहाँ नगरपालिकाले जस्तो पनि घर बनाउन दिन्छ ?'

त्यसैबेला डिजेलको धुवाँ उडाउँदै ट्याक्टर गुड्छ, मोटरसाइकल, कार, मिनीट्रक, जीपजस्ता यातायातका साधनहरू हर्न बजाउँदै ओहोरदोहोर गर्छन् । पर्यटकहरू कोही नाक छोप्छन् र कोही पछाडि फर्कन्छन् ।

मुख अँध्यारो पार्दै गएका पर्यटकहरूले राम झोपडीको उत्तरतिरको गहिरो धारातिर हेरे । एकजना पर्यटकले नाक खुम्च्याउँदै टिप्पणी गर्यो- 'कस्तो फोहोर पोखरी ।'

इनाचो र दत्तात्रयको बिचमा ती पर्यटकहरू दायाँबायाँका घरहरू हेर्दै गए । खासखुस कुरा गर्दै गए- 'एउटै घर किन आधा प्राचीन र सुन्दर, आधा नयाँ कुरूप घर ? यहाँ विदेशीहरू आएर नेवारी कला र संस्कृति भाँड्न पो खोजेका छन् कि ? सायद यस देशमा सांस्कृतिक मन्त्रालय र नगरपालिका छैनन् क्यारे ?'

मलाई डर लाग्यो, कस्तो विवरण ठीक सय वर्ष अगाडि । मेरो नगर पुनः अवलोकन गर्न मन लाग्यो । पुस्तक बन्द गरेँ, फेरि कौसीमै पुगेँ ।

घाम झुल्किसकेको थियो । अहँ, अग्ला र होचा छाना र कौसीहरू थिएनन्, सबै राताराता झिँगटी भएका सुन्दर छानाहरू मात्र छन्, काला काला पानीका विरूप ट्याङ्कीहरू, विद्युत्, टेलिफोन र एन्टेना र त्यसका जालजस्तो फैलिएका तारहरू थिएनन् । ङातापोल्हँको पाँचै तला छाना र भैरवनाथको तीन तला छाना देखेँ । मलाई अत्यन्त खुसी लाग्यो । मेरो मन गर्वले फुल्यो- मेरा छाना, कौसी र मन्दिरहरू पहिले जस्तै गौरवमय र सुन्दर छन् ।

पुस्तकको बयानले मलाई गःहिति पुर्‍यायो । त्यहाँ पुरानै घरहरू यथावत् छन्, सुकुलढोकामा कुनै घर भत्केको थिएन, मठको लहरै प्राचीन शैलीका घरहरू छन् । गोल्मढीका दुइटा घर पसल पनि नेपाली शैलीका दायाँबायाँका घर र झ्यालहरूजस्तै बनिसकेको थियो । इनाचो र तचपालको बिचमा पनि पुरानै गौरव फर्किसकेको थियो ।

गोल्मढीको गहिरोधाराका धाराहरू, इनार र कुवालाई विदेशीहरू चाख मानेर हेर्दै थिए । केही भक्तपुरकै कला संस्थानमा अध्ययनरत विदेशी छात्रछात्राहरू चित्र कोर्दै थिए ।

एउटी जापानी युवतीले अर्को जर्मन केटोसँग सोध्दै थिई, नेवारी भाषामा - 'तपाईं कति वर्षदेखि नेपालमा हुनुहुन्छ ?' जर्मन केटोले पनि नेवारी भाषामा उत्तर दियो, 'म यहाँको भाषा विश्वविद्यालयमा पढ्दै छु । ४ वर्ष भयो, म हरेक वर्ष २ महिनाको निम्ति घर जान्छु ।'

जापानी केटीले जर्मन केटोको उत्तरमा थप्दै गई, 'म त ४ वर्षदेखि नेपाली वास्तुकलामा यहाँ इन्जिनियरिङ अध्ययन गर्दै छु । मेरो विशेष ध्यान यहाँका मन्दिरहरूको वास्तुकला सिक्नमा गएको छ । मेरा अरू पनि जापानी साथीहरू चोक भएको नेवारी शैलीको घर, साँझ्या (भोटे झ्याल) आदिबारे व्यावहारिक तालिम लिँदै छन् । त्यसो त हाम्रा केही साथीहरू अन्य ल्याटिन अमेरिकी विद्यार्थीसँग यहाँको भाषा र संस्कृतिको पनि अध्ययन गर्दै छन् ।'

विदेशी छात्रछात्राहरूको नेवारी भाषाको त्यस संवादले मेरो मन प्रफुल्ल भयो । हो त, भक्तपुर जिल्लाको गाउँ गाउँमा आज भाषा, इन्जिनियरिङ, संस्कृति, पुरातत्त्व आदि विषयका महाविद्यालय र विश्वविद्यालयहरू स्थापित भएका छन् । सय वर्ष पहिलेजस्तै भक्तपुरमा इँटा भट्टाहरूको नामनिशाना छैन । ती धुवाँ फाल्ने ठाउँहरूमा आज उच्चस्तरीय विद्यालयहरू छन् । यहाँका चिकित्सा अध्ययन संस्थानमा पश्चिमी चिकित्सा शास्त्र (एलोपेथी) मात्र होइन, आयुर्वेद, होमियोपेथी, प्राकृतिक, सियोले घोच्ने अकुपञ्चर, चुम्बकीय र अन्य प्रकारका उपचार विधिको पनि अध्यापन हुन्छ । थिमि, नगदेश र बोडेमा पनि नेवारी नाचगानका संस्थानहरूमा विभिन्न महादेशका छात्रछात्राहरू अध्ययन गर्दै छन् । नगरको सडक र गल्लीमा अब कुनै ट्याक्टर, ट्रक, कार, जीप, मोटरसाइकलजस्ता धुवाँ फाल्ने कुनै साधन आवतजावत गर्दैनन् ।


रातको १२ बज्यो, म अब सुत्छु ।

**हाम्रा नगर र सहरहरू**

सन् २०९९ डिसेम्बर २५ को दिन बिहान ८ बजे, नेपाली साहित्यको महाविद्यालयको एक चिटिक्क परेको छात्रावासको सभाभवनमा विद्यावारिधिका नेपाली विद्यार्थी रामुले भन्दै गए, 'मित्रहरू, आज हामी भक्तपुरबाट पश्चिम नेपालका नगर र सहरहरू यात्रा गर्न जाँदै छौँ । ठीक सय वर्षअगाडि नेपालका राजनीतिज्ञहरू, सरकारी विद्वानहरूले देशका सहर र नगरहरूको आकार, विशेषता, नगरवासीहरूको रोजगार, सफाइ, ढल र फोहोर पानी सफा गर्ने उपचार पोखरी, फोहोर गाड्ने डम्पिङ साइट र पुनः प्रयोगका उपायहरूको बारे ध्यान दिएका थिए । यसको अर्थ हो- एक सय वर्षअगाडि नेपालका सहर र नगरहरू साह्रै फोहोर, अव्यवस्थित र अनियमित आवासहरू बन्दै गएका थिए । हरेक राष्ट्रिय राजमार्गको दायाँबायाँ जोडिँदै बस्तीहरू बढ्दै गएका थिए ।

त्यसैले, दुर्घटनाहरू हुने, आवासलाई बन्दोबस्त गर्न नसकिने, प्रदूषण बढ्ने, सवारीको गतिमा बाधा आउने आदिबारे न यातायात मन्त्रालय, न आवास तथा भौतिक मन्त्रालय न त स्थानीय विकास मन्त्रालयलाई मतलब थियो । मन्त्रीहरू र मन्त्रालयका सचिव र निर्देशकहरू राज्यबाट प्राप्त अधिकार र सहुलियतहरूबाट व्यक्तिगत स्वार्थ मात्रै सिद्ध गर्थे । नगर र सहरका मेयर, उपमेयर, जनप्रतिनिधिहरू तथा जिविस र गाविसका सभापति र अध्यक्षहरूलाई पनि आफ्नो पार्टी र व्यक्तिका स-साना स्वार्थभन्दा अरू मतलब थिएन । तिनीहरूमा न वैचारिक उचाइ थियो न त व्यापकता र कर्तव्यप्रति गम्भीर चिन्ता ! तिनीहरू विकास रकमहरूसमेत आ-आफ्ना मानिसहरूलाई विकासका झूटा योजनाहरू बनाई पैसा बाँड्दै राजनैतिक कार्यकर्ताहरूको चरित्र बिगार्ने गर्थे । पार्टी नेताहरू तल्लास्तरका कार्यकर्ताहरूबाट ठगिन्थे ।'

'विश्वमा आएका अनेक परिवर्तन र जानकारीहरू, देश र विदेशमा नेपाल सरकार र राजनैतिक पार्टीहरूप्रति देखापरेका आलोचना र निन्दाले बिस्तारै पदमा बस्ने मानिसहरूमा चेतना जाग्यो । देश विदेशबाट आएका नेपालीहरूमा विदेशी भक्ति हट्दै आफ्नो देश राम्रो भएन भने विदेशमा पनि हेलाहोचो हुने तथा श्रीहीन र




गौरवहीन जीवन साह्रै कष्टप्रद हुने अनुभव गरे । भौतिक सुविधाका निम्ति मर्यादा र इज्जतबिनाको जीवन बाँच्ने भावनामा परिवर्तन आयो ।

जनताको चर्को विरोध, ऐन-नियममा कडाइ, जाँचबुझका नयाँ नयाँ संयन्त्र तथा पारदर्शिताको आन्दोलनले भ्रष्टाचारमा लगाम लाग्दै गयो ।

त्यसमा ठूलो भूमिका कर्मचारीहरूको तलबमा दोब्बर वृद्धिले खेल्यो । आवास र खाद्यान्न, स्वास्थ्योपचार र छोराछोरीको निम्ति शिक्षाका सहुलियतहरू पाए । त्यही नियम शिक्षक, मजदुर वा अन्य कामदारहरूलाई पनि लागू भयो ।'

बैठकमा सबै सहभागीहरू विभिन्न देशका छात्र-छात्राहरू आ-आफ्नै शैलीका लुगा लगाएर मिलेर बसेका थिए । रामुले आफ्नो भनाइलाई अन्त गर्दै भने, 'आज नेपालमा ३०० सहर र नगरहरू छन्, त्यसमध्ये १५ ओटा ५ लाखभन्दा बढी जनसङ्ख्या भएको, ५० ओटा १ लाखसम्मको जनसङ्ख्या भएको र २०० ओटा २५००० जनसङ्ख्याभन्दा कमका नगरहरू छन् । तर, सबै नगरहरूका ढलहरू छोपिएका छन्, खुला छैनन्, ती सबै ढलका फोहोर उपचार पोखरीमा जान्छ र सफा गरेपछि मात्रै खोला र नदीमा बग्न दिइन्छ, २-४ ओटा सहरको फोहोरको थान्को लगाउने एक एक ठाउँमा बन्दोबस्त भइसकेको छ । हरेक नगरपालिकाहरूको आ-आफ्नो नगर अस्पताल, शिशुशालाहरू, बालोद्यानहरू, विद्यालय र महाविद्यालयहरू छन् । पुराना केही नगरपालिकाहरूले विश्वविद्यालयसमेत सञ्चालन गरेका छन् । नगरपालिकाहरूको आफ्नै उद्योगधन्दा, बजार व्यवस्था, आवास क्षेत्रहरू, खानेपानीको बन्दोबस्त, अतिथि सदन, भोजनालयहरू छन् । ती सबै आम्दानीका स्रोतहरू हुन् । वर्षमा नेपालमा ३० लाखभन्दा बढी पर्यटकहरू आउँछन् । नेपालका नगर, जिविस र केही गाविसहरूका आम्दानीको स्रोत नै पर्यटन उद्योग भएको छ । छरिएका गाउँहरू विस्तारै एक ठाउँमा केन्द्रित हुँदै सहरहरूको सङ्ख्या बढ्यो, गाउँको सङ्ख्या घट्यो ।'

रामुको भनाइ नटुङ्गिँदै एक नयाँ भियतनामी छात्राले सोधिहालिन, 'पासा रामु, नेपालका पुराना र नयाँ सहर र नगरहरूको जानकारीको लागि धन्यवाद दिन चाहन्छु र भियतनामको मुक्तिको बेला सन् १९६५ तिर नेपालको संवत् २०१७ सालपछि पहिलो पटक संरा अमेरिकी साम्राज्यवादको आक्रमणको विरोधमा भियतनामी जनताको समर्थनमा प्रदर्शन गर्ने भक्तपुर र नेपाली जनताप्रति आभार प्रकट गर्न चाहन्छु । नेपालको भाषा र साहित्यको अध्ययन गर्न म ४-५ महिना पहिले मात्र नेपाल आएकी हुँ। नेपाली भाषा म अहिले पढ्न, लेख्न र बोल्न सक्छु, संस्कृत र हिन्दीसँग सम्बन्धित शब्दहरू अलि उच्चारण गर्न गाहो अनुभव गर्छु । तर, मलाई नेवारी भाषा तुलनात्मक रूपले सजिलो लाग्छ । के हाम्रो पश्चिम नेपालको यात्रा १५ दिनको हो, पासा रामु ?'

'हो, पासा डिन्, हामी नारायणी नदीको किनारको पुरानो नारायणघाट र भरतपुरको नयाँ ५ लाखभन्दा बढी जनसङ्ख्या भएको औद्योगिक सहर, त्यस्तै भगवान् बुद्धको जन्मस्थल लुम्बिनी (भैरहवा) र व्यापारिक नगर बुटवलमा एक एक दिन बस्नेछौँ । बिचबिचका राजमार्गका दायाँ-बायाँका स-साना नगरहरूमा चिया खाँदै त्यहाँका विभिन्न जाति र भाषाभाषीहरूका नाचगान हेर्दै हामी अगाडि बढ्नेछौँ । तर अहिले राजमार्गहरूसँगै जोडिएका बस्तीहरू छैनन् । सबै नगरहरू राजमार्गहरूभन्दा ५-१० मिनेटकै टाढा-टाढा बनेका छन्, व्यवस्थित छन् । सबै नगरहरूमा तार, टेलिफोन, विद्युत्, महाविद्यालय, हुलाक, पुस्तकालय आदि सबैको राम्रो बन्दोबस्त छ । जाडोको मौसममा तराईको हावापानी राम्रो हुन्छ । पूर्व-पश्चिम राजमार्गमा अब विद्युत्का रेल र ट्रलिबसहरू चल्छन् ।'

लक्ष्मीप्रसाद देवकोटाको काव्यबारे विद्यावारिधि गर्ने एक अर्जेन्टिनी छात्र भेनाले भने, 'पासा रामु, नेपालमा सबभन्दा पहिले अर्जेन्टिनी क्रान्तिकारी सिपाही तथा विचारक चेको बारेमा पढ्ने र लेख्ने नेपाली नगर भक्तपुर नै हो । यस्तो सहर र देशमा आएर नेपालका एक परिवर्तनवादी कविको बारेमा अध्ययन गर्न पाउनु गौरवको कुरा हो । म देवकोटालाई हाम्रो स्पेनियाली कवि पाब्लो नेरुदासँग तुलना गर्न मन पराउँछु । के पश्चिम नेपालमा हामी कुनै साहित्यिक वा कवि गोष्ठीमा भाग लिने कार्यक्रम बनाउन सक्दैनौँ ?'

'हो, हो, मित्र, तपाईंले मेरो मनकै कुरा बोल्नुभयो । भैरहवामा बुद्धको जन्मस्थान लुम्बिनीको यात्रापछि हामी दाङको संस्कृत विश्वविद्यालय पुग्नेछौँ । पहिले जस्तो त्यो यात्रा लामो हुनेछैन, बिचको पहाडमा सुरुङ मार्ग बनिसकेको छ । त्यहीँ हामी एउटा साहित्य सम्मेलनमा भाग लिनेछौँ । हाम्रो देशको सबभन्दा ठूलो विश्वविद्यालय अहिले त्यही हो । अहिले त्यसलाई हामी भाषा, आयुर्वेद, पुरातत्त्व र इतिहासको विश्वविद्यालयको रूपमा हेर्छौँ । सङ्ख्याको हिसाबले यो देशको सबभन्दा बढी छात्रछात्रा र विद्वान्हरूको अध्ययन र अध्यापन गर्ने स्थल भएको छ । यो नेपालको सबभन्दा ठूलो उपत्यका हो । दाङ किसान आन्दोलनको थलो पनि हो ।'

'मित्रहरू, हामी बिचबिचमा वनजङ्गल, तलाउ, पोखरी र नदीहरूको पनि सयर गर्दै सुर्खेत पुग्नेछौँ, त्यो देशको तेस्रो ठूलो उपत्यका हो, त्यहाँ एउटा प्राचीन विहार छ; काँक्रेबिहार भन्ने त्यस बौद्ध क्षेत्रको जीर्णोद्धार यसै शताब्दीमा भएको हो । त्यहाँ हामी एक दिन बस्छौँ, गर्मी बिदामा हामी सुर्खेतबाट रज्जुमार्ग हुँदै जुम्ला, हुम्ला र मुगुको रारामा पुग्नेछौँ ।'

वातानुकूल बन्दोबस्त भएको, विद्युत् र सौर्य ऊर्जाले समेत चल्ने त्यो बसले ९ बजेतिर भक्तपुर छोड्यो । त्यस यात्रा दलसँग धिमाय् बाजा, बाँसुरी र मादल आदि बाजागाजाका सामान पनि थिए । त्यस यात्रा दलमा सबै महादेशका छात्रछात्राहरू र अन्वेषकहरू थिए ।

**उत्सवको सहर**

एकजना गाइड स्पेनियाली भाषामा बोलिभिया, पेरु, कोलम्बिया, चिली र ग्वाटेमालाका पर्यटकहरूको दललाई भक्तपुर नगरबारे बताउँदै जान्छ- 'ठीक सय वर्षअगाडि यहाँका नगरका जनताले आफ्नै अगुवाइमा यस नगरको पुनःनिर्माण गर्न सुरु गरेका थिए । १६५ वर्षदेखि २०० वर्ष अगाडिका भूकम्पहरूले यहाँका पुराना दरबार, बस्ती र नगरभित्र पस्ने ढोका तथा पर्खालहरू भत्काएका थिए ।

'२५० वर्षसम्म नगरको विकास अवरुद्ध भयो । यस नगरको ठाउँ-ठाउँमा २००० वर्ष पहिलेका किराँत र लिच्छवि शासन अवधिका अवशेषहरू र चालू ढुङ्गेधाराहरू छन् । स्थानीय नेवारी भाषाको नाममा यहाँका ठाउँका नामहरूले इतिहास र अर्थलाई अभिव्यक्त गर्छ । तुलाछेँ (इनारहरू भएको बस्ती वा बाटो), खिछेँ-खिउँगु छेँ (अँध्यारो बाटो), चोछेँ (उचाइमा रहेको बस्ती), ताला-तुंछी (गहिरो इनारको ठाउँ), तहा मला (लामो गल्ली), याता (पारिलो ठाउँ), गःहिति (गहिरो धारा) जस्ता ठाउँका नामहरू स्थानीय भाषामा २-४ अक्षरले चिटिक्क परेका नामहरू अहिले पनि प्रचलित छन् । यहाँकै धेरैजसो मठ-मन्दिर, विहार, पौवा, पाटी, ढुङ्गेधारा, इनार र कुवा २ सयदेखि २ हजार वर्षभन्दा पुराना छन् । तर, ती सबै अहिलेसम्म प्रयोगमा छन् । त्यसैले यस सहरलाई विदेशी विद्वान्हरू 'जीवित स्मारकहरूको सङ्ग्रहालय' पनि भन्ने गर्छन् ।

गाइडले भन्दै जान्छ- 'अहिले यस सहरका केही ढोकाहरू, पर्खालहरू यसै शताब्दीमा पुनर्स्थापित गरिएका छन् । आज पर्खालभित्रको प्राचीन नगरमा १ लाख जनता बस्छन् तर आधा जति पर्यटकहरू छन् । विदेशी पर्यटकहरू हरेक दिन ५ हजारभन्दा बढी आउँछन् । तिनीहरूमध्ये एकतिहाइले यही रात बिताउँछन् । राति तिनीहरू विभिन्न सांस्कृतिक कार्यक्रमहरू हेर्छन्, नेपालका विभिन्न जाति र भाषाभाषीहरूका खाना चाख्छन् । बिहान तिनीहरू नगरकोट, चाँगु, सूर्यविनायक, ल्हासापाको ससुद्यः आदि मन्दिर, वन-जङ्गल, पार्क र मनोरञ्जनका स्थलहरू घुम्छन् र त्यहीँ ८ बजे चिया वा बिहानको खाजा खान्छन् ।'

'दिउँसो सिद्धपोखरी, भाज्यापुखु, नपुखू, कमलपोखरी आदि पोखरीमा स-साना डुङ्गाहरूको शयर गर्छन् र नगरकै टोल-टोलका खाने पसलहरूमा रोजीरोजी खाना खान्छन् । आश्चर्य के हो भने पर्यटकहरू खाना खाँदा भक्तपुरे दही मागेर खान्छन् र जाने बेलामा एक पोका पुष्टकारी वा मिश्रिपाक किन्न बिर्सिँदैनन्, 'नेपाली चकलेट' भन्दै ।'

गाइड बोल्दै जान्छ- 'साँझ-साँझ हरेक टोलमा सांस्कृतिक कार्यक्रमहरू भइरहन्छन् । बाँसुरी, धेमा, देवीनाच, नागाचा नाचजस्ता अनेकौँ प्राचीन नाचगान कार्यक्रमहरू चोक चोकमा बन्दोबस्त गरिएको हुन्छ भने ठाउँठाउँमा आधुनिक सङ्गीत र साहित्यिक गतिविधिसमेत भइरहेको हुन्छ । ती सबै नाच, गान र साहित्यिक गतिविधिबारे धेरै विदेशी भाषामा लेखिएका पुस्तिकाहरू हुन्छन् र हेडफोन (कानमा राखेर सुन्ने यन्त्र) ले आफूले बुझ्ने भाषामा सुन्छन् ।

'गल्ली र टोलहरू साह्रै सफा छन्, पर्यटकहरूको घुइँचो सबै ठाउँमा त्यत्तिकै छ । स-साना घरहरू ठूल-ठूला भइसकेका छन् तर उचाइ भने मापदण्डअनुसार नै छ । दक्षिणको हनुमन्ते र उत्तरको खासाङखुसुङलगायत सबै ठाउँमा पुराना र नयाँ घाटहरू छन् र मिचेका सबै जग्गा फिर्ता लिएर चौडा पारिएका छन् । ५/६ फिटसम्म पानी सदा रहिरहन्छ । ब्रह्मायणी, माहेश्वरी, त्रिवेणी (हनुमानघाट), चुपींघाट, राममन्दिर र बाराही घाटको दायाँबायाँ रेस्टुराँ र पसलहरू पर्यटकहरूले भरेका छन् । पुरानो नगरको बाहिर चारैतिर अर्थात् लिबालिबी, कमलविनायक, ब्यासी आदि ठाउँमा नयाँ शैलीका बस्ती, महाविद्यालय, संस्थान र विश्वविद्यालयका विभागहरू बनिसकेका छन्, सँगसँगै छात्रावासहरू बनेका छन् । तर ती नयाँ बस्तीहरूमा स-साना बगैँचा र बोटबिरुवाहरूको कमी देखिन्न ।

एकजना जापानी केटी पर्यटकले एकजना भक्तपुरे पसलेसँग आफ्नो भाषामा सोध्छिन्- 'के मलाई एक महिना नेपाली परिवारमै खाने र बस्ने बन्दोबस्त हुनसक्छ ?' जापानी केटीले झोलाभरि भक्तपुरका सामान किनेकी छिन् । ती सबै भक्तपुरकै गल्ली र चोकमा बनाइएका हुन् । बुट्टा कुँदेका काठका, धातुका, ढुङ्गाका र कपडाका उपहार दिने सामान र केही पुस्तक उनको झोलामा थियो ।

'अवश्य ! 'नेपालीले जापानी भाषामा सम्झाउँदै भन्छ 'यहाँ तपाईं कुनै पनि टोलमा गएर बस्न सक्नुहुन्छ, तपाईंले आफ्नो परिचयपत्र वा राहदानी देखाउनु होला, मूल्य निश्चित छ, आफ्नो मनपर्ने खाजा र खाना अनि खाने समय मिलाउनु होला, घरकी आमा घरपतिले कोठाको पनि बन्दोबस्त गरिदिनुहुनेछ ।'

जापानी केटी सोध्छिन्, 'के घरपति आमा र बाले जापानी भाषा बोल्नुहुन्छ ?' 'अँ, यहाँका हरेक तेस्रो व्यक्ति जापानी, जर्मन र ल्याटिन भाषा बोल्छन् र बुझ्छन् । अङ्ग्रेजी त झन्डै आधी मानिसहरू बोल्छन् र बुझ्छन् । त्यस्तै यहाँ मानिसहरू चिनियाँ र भारतीय भाषाहरू पनि बोल्छन् ।'

'कसरी ?'- जापानी केटी जिज्ञासा पोख्छिन् ।

'यहाँ हरेक विद्यार्थीले दुई विदेशी भाषा पढ्छन् । माध्यमिक शिक्षापछि अन्य भाषाहरू

*बाँकी पृष्ठ १२ मा*

**योग्य...**

उत्प्रेरित गर्नुपर्ने सुझाव दिँदै उहाँले विद्यार्थीको दृष्टिकोण फराकिलो बनाउन शिक्षक, प्राध्यापकले मेहनत गर्नुपर्ने बताउनुभयो ।

वाग्मती प्रदेशका सभासद् सुरेन्द्रराज गोसाईले नयाँ पुस्ताको भविष्य, शिक्षा प्रणाली र वर्तमान राजनीतिक-सामाजिक अवस्थाबारे चिन्ता व्यक्त गर्नुभयो ।

युवापुस्तालाई सही दिशामा लैजान आवश्यक रहेको चर्चा गर्दै सांसद गोसाईले वर्तमान अवस्थालाई चिन्तनमनन गर्नुपर्ने र नयाँ पुस्तालाई केवल औपचारिक शिक्षामा सीमित नराखी वास्तविक जीवनका अनुभवसँग जोड्नुपर्ने सुझाव दिनुभयो ।

शिक्षकहरूको भूमिकालाई विशेष जोड दिँदै विद्यार्थीलाई देशप्रेम विषयमा सचेत गराउनु आवश्यक रहेको चर्चा गर्दै उहाँले भन्नुभयो, "देश जोगाउन विद्यार्थीहरूलाई सानै उमेरदेखि देशभक्तिपूर्ण भावना दिन आवश्यक छ । हाम्रा विद्यार्थीहरूलाई इतिहास, संस्कृतिको अध्ययनमा उत्साहित गर्दै नागरिक भावना दिनु राज्यको दायित्व हो ।"

सरोकारवालापक्ष र शिक्षाविद्हरूसँग परामर्श नगरी शनिबार र आइतबार दुई दिन बिदा दिने निर्णयप्रति विमति राख्दै सांसद गोसाईले प्रश्न गर्नुभयो, "पश्चिमा देशमा अध्ययन गरेर आएका सल्लाहकारहरूबाट प्रभावित भएर यो निर्णय गरिएको हो भन्ने यसले देशको शिक्षा क्षेत्रलाई थप समस्यामा पार्नेछ ।"

उहाँले देशप्रेम इरानी जनताबाट सिक्नुपर्ने बताउँदै अमेरिकी राष्ट्रपति ट्रम्पले इरानी सभ्यता नाश गर्ने धम्की दिनेबित्तिकै असङ्ख्य इरानी महिला, युवा, बालबालिका आत्मबलिदानको



भावनाससहित प्रतिकारमा उत्रेको घटना अभूतपूर्व रहेको दाबी गर्नुभयो ।

शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम आवश्यक रहेको उहाँले बताउनुभयो ।

कार्यक्रमका सभापति तथा ख्वप सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले ख्वप मा.वि./कलेज स्थापनाको घटना स्मरण गर्दै ख्वप आजको अवस्थामा आइपुग्नु शैक्षिक क्षेत्रमा विशेष उपलब्धि भएको बताउनुभयो ।

भक्तपुर ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास स्थापना हुँदै गएको र शैक्षिक क्षेत्रमा ख्वपको योगदान विशेष रहेको उहाँले बताउनुभयो ।

विद्यार्थी सङ्ख्या घट्नुका कारणहरूको चर्चा गर्दै प्रमुख प्रजापतिले सरकारले विदेशी विश्वविद्यालयलाई सञ्चालन गर्न अनुमति दिनु स्थानीय रूपमा सञ्चालित शैक्षिक संस्थामाथि अङ्कुश लगाउनु हो भन्नुभयो ।

शैक्षिक क्षेत्रको विकास गर्न परीक्षा प्रणालीमा सुधार आवश्यक रहेको चर्चा गर्दै उहाँले नेपाल विदेशीको लागि सस्तो कामदार उत्पादनको थलो बन्न सक्नेबारे खतरा रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपमेयर एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले शुभकामना दिँदै बिस्का जात्राबारे विशेष चर्चा गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रशासकीय अधिकृत वसन्त भट्टराईले समयको मागअनुसार शैक्षिक क्षेत्रमा पनि परिर्वतन आवश्यक रहेको चर्चा गर्नुभयो ।

समय परिवेशको मागअनुसार परिवर्तन हुन जरुरी रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप मा.वि.का प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य र ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले विद्यालय/कलेजको वाषिक प्रगति विवरण पेस गर्नुभएको थियो ।

कार्यक्रममा उत्कृष्ट विद्यार्थी, दस वर्ष र २५ वर्ष सेवा अवधि पूरा भएका शिक्षक कर्मचारीहरूलाई सम्मान गरिएको थियो ।

वार्षिक उत्सव कार्यक्रमको अवसरमा ख्वप इन्कुवेसन ल्यावको आयोजनामा चौथो ख्वप हाट बजार पनि आयोजना भएको थियो ।

हाट बजारमा ५२ वटा स्टलहरू राखिएका थिए ।

कार्यक्रममा विद्यार्थीहरूबाट सांस्कृतिक प्रस्तुति देखाइएको थियो ।

# युवामा उमेरभन्दा नयाँ विचार महत्त्वपूर्ण हुने

भक्तपुर । ऐतिहासिक बिस्का: जात्रा एवम् नव वर्ष २०८३ को अवसरमा नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर नगर समितिले चैत २८ गते 'शुभकामना आदानप्रदान तथा नयाँ पुस्तासँग भलाकुसारी' कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले भन्नुभयो, "युवाको अर्थ उमेर र विचार दुवै हो। समाजमा उपद्रव गर्नेहरू उमेरले युवा भए पनि विचारले युवा हुनसक्दैन। युवामा उमेरभन्दा बढी नयाँ विचार महत्त्वपूर्ण हुन्छ ।"

"नेपाल र भारतबिचको सीमा सन् १९५० को सन्धिपछि खुला गरिएको हो । नेपाललाई भारतको सुरक्षा छातामा राख्ने उक्त सन्धि खारेज गर्नुपर्छ । नेपाल-भारतबिचको खुला सीमाले दुवै देशलाई बेफाइदा भएको हुँदा नेपाल-भारत खुला सीमा नियमन गर्नु जरुरी छ" सचिव सुवालले भन्नुभयो ।

उहाँले स्पष्ट पार्नुभयो, "एमाले र माओवादीको समर्थनमा दुई पल्ट गृहमन्त्री र उपप्रधानमन्त्री खाएकै हो । यसकारण, रास्वपा पुराना शासक दलहरूजस्तै हो, नयाँ होइन ।"

उहाँले नयाँ सरकार गठनको १२ दिनमा ४० अर्ब १६ करोड विदेशी ऋण लिएर दुई पटक इन्धनको मूल्यवृद्धि भएको उल्लेख गर्दै विदेशी ऋणले देशलाई नवउपनिवेश बनाउनेतर्फ नयाँ पुस्ता सजग हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय अध्यक्ष मीनबहादुर बाटाले समाजमा हत्या, हिंसा, आगजनी, तोडफोडका घटना वृद्धि भइरहेको उल्लेख गर्दै यस्ता घटनालाई न्यूनीकरण गर्न नयाँ पुस्ता सजग भई अगाडि बढ्नुपर्ने बताउनुभयो ।

उहाँले सभ्य, सुसंस्कृत तथा अनुशासित युवाले मात्र समाज परिवर्तन गर्नसक्ने चर्चा गर्दै नयाँ पुस्ता गलत बाटोमा लाग्नबाट जोगिन जरुरी रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष जगतराम धुख्वाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा श्याम बासुकला, निरूता गोरालगायतले मन्तव्य राख्नुभएको थियो ।

# किसान कार्यकर्ता रावतको निधनमा श्रद्धाञ्जली



जुम्ला, ३० चैत । नेपाल मजदुर किसान पार्टी जुम्ला जिल्ला समितिका पूर्वसदस्य एवं नेपाल क्रान्तिकारी किसान सङ्घ जुम्ला जिल्ला समितिका सदस्य तिलबहादुर राउतको चैत १७ गते निधन भएको छ ।

पार्टीको विकासको लागि जीवनभर निःस्वार्थपूर्वक लाग्नुभएका स्वर्गीय राउतको जन्म २०३१ असोज ३१ गते भएको थियो ।

तिला गाउँपालिका वडा नं. ५ खोलीगाउँ निवासी राउतको निधनमा नेमकिपा जुम्लाले श्रद्धाञ्जली व्यक्त गरेको छ । तिलबहादुर रावत देउमुनि रावत र आमा सूर्जकली रावतका छोरा हुनुहुन्छ ।

***अध्यक्ष...***

सत्ता पल्टे पनि संस्कृति समाप्त नहुने उल्लेख गर्दै उहाँले पुस्तकको अवधारणालाई व्यवहारमा ल्याउन भक्तपुर नपाले काम थालिरहेको विचार व्यक्त गर्दै भन्नुभयो, "हतियारले सत्ता कब्जा गरे पनि त्यो ठाउँको मानिसको कला संस्कृति कब्जा गर्न सक्दैन ।"

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुस्तकप्रति जनचासो बढ्दै गएको उल्लेख गर्दै त्यसैका आधारमा भक्तपुर नगरपालिकाले यसको प्रकाशन गर्ने निष्कर्षमा पुगेको र आज उक्त पुस्तक सार्वजनिक गरिएको जानकारी दिनुभयो ।

उहाँले पुस्तकमा भक्तपुरको भविष्यसँग सम्बन्धित शिक्षा, स्वास्थ्य, सरसफाइ, पर्यटन, सम्पदा संरक्षण, यातायातलगायतका विषयहरू समेटिएको र नगरको जनशक्तिलाई कार्यान्वयनतर्फ अग्रसर हुन निर्देश गरिएको छ भन्नुभयो ।

उपप्रमुख रजनी जोशीले देशको कला, संस्कृति र समग्र विकासको परिकल्पनालाई आधार मानेर उक्त पुस्तक तयार गरिएको उल्लेख गर्नुभयो ।

उहाँले पुस्तकले नयाँ पुस्तालाई सचेत र मार्गनिर्देश गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो ।

सम्पदाविद् रवीन्द्र पुरीले करिब १० वर्षअघि यस पुस्तकबारे अङ्ग्रेजी भाषामा परिचर्चा गर्ने अवसर पाएको स्मरण गर्दै पुस्तकको दूरदर्शी सोच आज पनि उत्तिकै सान्दर्भिक रहेको बताउनुभयो ।

स्रष्टा समाजका अध्यक्ष लक्ष्मण जोशीले उक्त पुस्तकलाई भक्तपुर नगरपालिकाको मार्गदर्शन मात्र नभई समग्र गुरुयोजनाका रूपमा व्याख्या गर्नुभयो । उहाँले नगरलाई उत्कृष्ट बनाउन पुस्तकले महत्त्वपूर्ण भूमिका खेल्ने तथा सम्पदाको विकासका लागि स्पष्ट खाका कोर्न सहयोग पुग्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले भक्तपुर नगरको विकासमा पुस्तकले महत्त्वपूर्ण मार्गनिर्देशन गरेको उल्लेख गर्नुभयो ।

राजेन्द्रबहादुर कायस्थले पुस्तकले भक्तपुरको कला र संस्कृतिको संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्दै लेखकमा दिगो विकासप्रति दूरदर्शी सोच रहेको बताउनुभयो ।

आर्किटेक्ट रविना शिल्पकारले भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक महत्त्वबारे प्रकाश पार्दै भक्तपुरमा वर्षभरि हरेक महिनाजसो जात्रा, पूजा तथा सांस्कृतिक पर्वहरू मनाइने भएकाले यी सम्पदाहरूलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका ९ न. वडा अध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

**सय...**

पनि पढ्छन् । यहाँ विभिन्न भाषाका धेरै अध्ययन संस्थान र महाविद्यालयहरू छन्'- नेपालीले पाहुनाको जिज्ञासा मेटाउँछ ।

साँझपख सबै पोखरीहरूमा रङ्गीचङ्गी झिलिमिली बत्ती बलिरहन्छन् । चारैतिर फोहराले बर्साएका पानीका थोपाहरूमा रङ्गीचङ्गी बत्तीले इन्द्रेणीलाई फिक्का बनाइदिन्छ । नगरभित्र यातायातको कुनै साधन चल्दैनन्, सबै पर्यटकहरू फुर्तीसाथ चारैतिर हेर्दै फोटो खिच्दै पैदल घुम्छन् । बाटोको बायाँबाट जाने र दायाँबाट आउने बन्दोबस्तले गर्दा भीडको अनुभव हुँदैन । तर हरेक पुरुष पर्यटकले एउटा भादगाउँले टोपी लगाएकै हुन्छ भने केटी पर्यटकले एउटा सानो भक्तपुरे खास्टो वा झोला भिरेकै हुन्छ ।

लाय्कू, टौमढी, दत्तात्रय चोक र गल्ली सबै बत्तीले झकिझकाउ छन् । एक क्यानाडेली युवकले आफ्नो केटी साथीलाई डातापोल्हैं पोस्टकार्डमा पत्र लेख्दै थियो- 'भक्तपुर आश्चर्यजनक नगर हो । बिहान प्राचीन सहर जस्तो ! दिउँसो विश्वविद्यालय जस्तो र राति साँच्चै प्राचीन लुगा लगाएकी आधुनिक नर्तकी वा सुन्दरी जस्तो ! म एक महिना नेपाल बस्छु, यहाँको जनजीवन अध्ययन गर्छु, त्यतिबेलासम्म तिमी आइपुग्नेछौ भन्ने म आशा र विश्वास गर्छु । यो साँच्चै पृथ्वीको स्वर्ग हो । यहाँका मानिसहरू साह्रै सरल, मिलनसार र मायालु छन् । नेपाल तिमीलाई पराइ लाग्ने छैन, यहाँ तिम्रो भाषा बुझ्ने मात्र होइन बडो राम्रो बोल्छन् पनि । यहाँ अब मानिसले मानिसलाई शोषण गर्दैन ।'

विभिन्न देशका पर्यटकहरू आ-आफ्नै देशका भेषभूषा वा मनपर्ने लुगा लगाएर आवतजावत गर्दा र विविध भाषा र उच्चारण सुन्दा भक्तपुर साँच्चै 'उत्सवको सहर' वा 'बाह्रैमासे चाडको नगर' भनी पर्यटकहरू टिप्पणी गर्छन् ।


एकजना चिनियाँ पत्रकारले नेपाली मित्रलाई भन्छ, 'के तपाईं लाई थाहा छ, आज संसारमा सबभन्दा बढी चित्र भक्तपुरकै छापिन्छ ।' भारतीय मित्रले हिन्दीमा थप्यो, 'यो कुरो त मैले पनि सुनैं ।'

त्यसैले भन्दै छन्, 'नेपाल आएर भक्तपुर आएन भने उसले आधा संसारकै यात्रा नगरे सरह हुन्छ ।'

**एकक्षण** | **एक पाठक**

# संस्कृतिको खोजमूलक पुस्तक 'होचो ढोका' नियाल्दा

लेखक शिवहरि घिमिरेको 'होचो ढोका' (पारम्परिक मिथक र संस्कृतिको खोजमूलक कथन) पुस्तक धेरै अध्ययन, सोधपुछ र छलफलबाट निस्केको निचोड हो । तर, कति किंवदन्तीमा अनेक सत्य कथा पनि लुकेको हुन्छ; कति प्रस्ट भन्न नसकिने समयमा छायावादी र ख्याकको कथासँग जोडिएका पनि हुन्छन् । पुस्तक पढ्दै गएपछि धेरै कुरो थाहा हुने नै छ परिश्रमको फल मिठै होला । छलफल अगाडि बढ्दै जानु आवश्यक छ र सत्य र सच्चाइ खुल्दै जाने छ ।




काठमाडौं उपत्यकामा 'होचो ढोका' को कारण राजाबाट छोराछोरी जोगाउन 'होचो ढोका' गलत अनुमान मात्रै हुन् । तलका कारणहरूलाई ध्यान दिनु वैज्ञानिक दृष्टिकोण हुनेछ -

संसारका सबै राजा-महाराजाहरू महिलाहरूप्रति छाडा हुनु नयाँ विषय होइन र लिच्छवी र मल्लकालका राजा-महाराजाहरू र सबै सामन्तहरू त्यस्तै हुन् । विकसित मुलुकहरूका पहिलेका राष्ट्रपति र मन्त्रीहरू त्यस मामलामा कम छैनन् । अमेरिकी राष्ट्रपतिहरू, वर्तमान राष्ट्रपति ट्रम्प र उसका साथी सङ्गति, ठूल-ठूला पुँजीपतिहरूबारे अखबारहरूमा छ्यापछ्याप्ती छन् । तर, के ती सबै युरोपेली देशहरूका ढोकाहरू होचा छन् ?

बेलायतका कवि वाइरनको बारेमा पनि अङ्ग्रेजी पढेका नेपालका पुराना पुस्ताका मानिसहरूलाई थाहा छ - "महारानी र आमाबाहेक सबैतिर आँखा दौडाउँथे किनभने आमाप्रति गलत दृष्टि राख्नुहुन्न, महारानी दरबारमा बस्ने र पालो पहरा हुने हुँदा उनीमाथि आँखा लगाउन सामर्थ्य हुन्न ।"

"गम्भीर र व्यावहारिक हिसाबले अत्यन्त बहुमत महिलाहरू लोग्नेमानिसहरू सबै उस्तै हुन्" भन्ने कहावत नै छ । संस्कृत साहित्यमा श्रृङ्गार रसका काव्य वा साहित्य वीर रसभन्दा बढी नै होला । यही हाल अन्य भाषाको साहित्यमा पनि देखिन्छ । साहित्य निश्चय पनि तत्कालीन समाजकै तस्बिर हुन् ।

(२) नेपालमा काठमाडौं उपत्यकासमेत एक भूकम्पीय देश हो । यसकारण, झन्डै ५० वर्षको एकपटक भूकम्प भइरहेको तथ्याङ्कले प्रस्ट छ । घरहरू बलियो बनाउन पहिलो वा छिँडी तला बलियो बनाउनु आवश्यक मानिन्छ र पुराना वास्तुकला त्यस्तै छन् । राजाका दरबारहरूबारे साधारण जनताका घरहरूभन्दा फरक नै हुन्छन् । त्यसो त दरबार शब्द नै नेवारी (नेपालभाषा) र नेपाली भाषा होइन । अरू देशमा पनि दरबारका ढोका ठूला छन् र पालो पहराले सुरक्षा गर्छन् । नेपालकै दरबारमा नेवार पत्नीहरू झण्डै सबै राजाका थिए । हुँदाहुँदा पोखरामा नमिता र सुमिता काण्डमा दरबारियाहरू नै मुछिएको हुँदा कसैमाथि मुद्दै चलेन । त्यसबेला देशभरि चर्चा चलेकै हो ।

(३) जहाँसम्म 'टिक झ्या' वा आँखीझ्यालको प्रश्न छ, त्यो पनि भारतका मुगल शासनको प्रभाव देखिन्छ । मुगल बादशाहहरूका दरबारहरूमा गर्मी हावा नपसोस् भनी बनाएका हुन्छन् वा तिनीहरूको 'पर्दा' को कारण होला, नेपालमा पनि त्यसबेला माथिल्ला महिलाले टाउको छोप्ने चलन थियो र ओढ्ने त जाडो मौसमले होला भन्ने हो; अहिले पनि दरबारमा बोलिने शब्दहरू र राजनैतिक क्षेत्र एवम् अड्डा-अदालतका धेरै शब्दहरू भारतीय मुगल शासन र संस्कृतिबाटै आएका हुन् - उदाहरणको निम्ति सवारी, बक्सनु कुर्नेस, हजुर, हाजिर, सरकार, दर्खास्त, अदालत, आम, इन्कलाब, उजुर आदि !

त्यसको प्रभाव मल्ल राजाहरूमा परेकै हो, मल्ल राजाहरू पनि भारतबाटै आएका हुन् र तिनीहरूले लेखेका साहित्यको भाषा, संस्कृत, मैथली, भोजपुरी र नेवारी भाषामै छन् । यसरी संसारका सबै देशका दास-मालिक, राजा-महाराजा र सामन्तहरूको ऐस-आराम र बहुपत्नी प्रथा चल्यो भने मुसलमानहरूको समाजमा अहिले पनि नेपालका मुसलमान समुदाय र भारतमा यो प्रचलनमा छ । त्यसको प्रभाव नेपाली मल्ल राजाहरूमा पऱ्यो नेपाली शाह, राणा र आजकाल नेपाली प्रजातान्त्रिक र गणतान्त्रिक नेताहरूका स्वजाति पत्नीबाहेक नेवार पत्नीहरू वा अन्य जातिका पत्नीहरू पनि छन् किनभने ती नेताहरू पनि सामन्ती परिवारबाट आएका र सामन्तवादी समाजकै प्रभाव हो ।

(४) होचो ढोका हुने घरहरू अहिले पनि बजार र गल्लीमा बाँकी छन् । त्यसबेलाका ठुला-ठालुका केही घरहरूमा मात्रै बाहिरी प्रभावले ठुला ढोका देखिन्छन् । त्यहाँ पनि होचो ढोका यत्रतत्र पाइन्छ । कतिका ती होचो ढोकाको परिणाम त केही पत्रकारहरू र विदेशी राजदूतहरूले पनि भोगेका छन् । सम्भवत: दुई/तीन सय वर्ष अगाडि ठुल-ठुला बलिया रूखहरू पहाडमा नपाइने, जाडो मौसममा तल्ला पनि होचो र मूल्यको कारण पनि भएको अनुमान गर्न सकिन्छ । आज डन्डी र सिमेन्टको घर बनाउँदा समेत धेरै ठुलो ढोका काठमाडौं स्थानीय वास्तुकलासँग मिलाउँदा तुलनात्मक रूपले युरोपेली शैलीका गेट (ढोका) भन्दा होचै देखिन्छन् ।

यी सबै कुरामा ध्यान दिँदा वास्तुकलाको दृष्टिकोणले काठमाडौं उपत्यकाका घरका ढोकाहरूको उचाइ कम हुनुमा सामाजिक र राजनैतिक कारण नभई भूगोल र वास्तुकलाको कारणले होला भनी अनुमान गर्नु बढी सत्यको नजिक पुग्ने देखिन्छ ।

**प्रतिपक्षको...**

उहाँले अगाडि भन्नुभयो, "देश गरिबी र पछौटेपनबाट शिथिल बन्दै छ । जनतालाई त काम गर्न तथा परिश्रम गर्न प्रेरित गर्नुपर्ने हो । अझ बढी सक्रिय एवम् स्वयम्सेवी बनाउनुपर्ने हो ।"

प्रदेशसभा सदस्य गोसाईंले देशप्रेम इरानी जनताबाट सिक्नुपर्ने बताउँदै अमेरिकी राष्ट्रपति ट्रम्पले इरानी सभ्यता नास गर्ने धम्की दिनेबित्तिकै असङ्ख्य इरानी महिला, युवा, बालबालिका आत्मबलिदानको भावनाससहित प्रतिकारमा उत्रेको घटना अभूतपूर्व रहेको दाबी गर्नुभयो ।

क्युवाका राष्ट्रपति मिगुयल डियाज कानल अमेरिकी हमलाको प्रतिवाद गर्न खेत-खेतमा युवा-विद्यार्थीहरूको नेतृत्व गर्दै उत्पादनमूलक कार्यमा लागिरहेको प्रस्ट पार्दै नेपाली जनताले पनि कृषि उत्पादनमा जोड दिँदै आत्मनिर्भरताको बाटो रोज्नुपर्ने धारणा सांसद गोसाईले व्यक्त गर्नुभयो ।

बाग्मती प्रदेशसभामा रिक्त रहेको सभामुख पदको निर्वाचन वैशाख ६ गते हुने बताइएको छ ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३